CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीमुक्तिनाथ पब्लिसिटी फाउण्डेसनको विशेषाङ्क

वर्ष-१४, अङ्क-६, पूर्णाङ्क - ४२

जि.प्र.का.का.द.नं. १५८।०५६।०५७

मुक्तिनाथ दर्शन

त्रैमासिक

फाल्गुन-चैत्र-वैशाख

नि:शुल्क वितरण

२०७०/७१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनिल पौडेल

नयाँ पात्रो

भत्कियो
साराचिज भत्कियो
बस्ने घर भत्कियो
घरको रहर भत्कियो
स्कुलको छानु भत्कियो
पेटको मानु भत्कियो
आँखाको नानी भत्कियो
कुलोमा पानी भत्कियो
सबैभन्दा ठूलो कुरा
मान्छेको बानी भत्कियो ।

जे नहुनु थियो
त्यही भयो
जे नजानु थियो
त्यहि गयो
जे नचाहिने थियो
त्यहि रह्यो
लोभ
पाप
दम्भ
त्याज्य भनेका थियौँ पुरानो पात्रोमा
कसरी हाम्रो आँखामा त्यसको तुष रह्यो ?

नयाँ पात्रोमा त कलमले
भत्केका गाऊँ बनाउनु पर्छ
मेची र कोशीको लहरले
उत्तर र दक्षिणलाई नुहाउनु पर्छ
नयाँ पात्रोमा त निशङ्कोच
भकारीको धान
र मुलुकले संविधान पाउनु पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जि.प्र.का.का.द.नं. १५८।०५६।०५७

मुक्तिनाथ दर्शन

फाल्गुण-चैत्र-वैशाख त्रैमासिक

सल्लाहकार मण्डल

रामचन्द्र पौडेल 'रम्घाली'
वामनप्रसाद न्यौपाने
मोदराज डोटेल
पुरुषोत्तम ओझा
शङ्करप्रसाद कोइराला
खेमराज नेपाल
शिशिर कुमार ढुङ्गाना
सुरेश आचार्य
महेश्वर न्यौपाने
सुरेश कुमार रेग्मी
ज्ञानेन्द्रविक्रम महत

श्रीमुक्तिनाथ पब्लिसिटी फाउण्डेसनको कार्यसमिति

अध्यक्ष
नारायण शर्मा
उपाध्यक्ष
हरिभक्त सिग्देल
सचिव
ज्ञानु पण्डित
कोषाध्यक्ष
कल्पना लुइँटेल
सदस्य
दिवाकर थापा
लक्ष्मण लुइटेल
राखी रेग्मी (घिमिरे)

कीर्तिपुर - ७, काठमाडौं
सम्पर्क :
९८५१०११३३०
इमेल :
narayan.shrama2@yahoo.com
muktinathdarshan@yahoo.com
narayan.sharma2070@gmail.com

साजसज्जा
शशीकला राई तथा बसन्ती राई
एस.बि. कम्प्युटर
बागबजार, फोन : ०१४२२२३०३

मुद्रक
शिखर समुद्र अफसेट
बागबजार, काठमाडौं, फोन : ४२३००९७

यसमा प्रकाशन भएका रचनाहरू लेखकका निजी विचार हुन्।

पुस्तकालय

गीतामा योगः समीक्षात्मक विश्लेषण
नारायण शर्मा ३

भगवती मनःकामना को हुन् र कहाँ छन्
रामचन्द्र पौडेल 'रम्घाली' ९

भगवान् श्रीपशुपतिनाथ र श्रीढुकुटी
हेमराज पौडेल १३

निहित स्वार्थबाट माथि उठौं
डा. गोविन्द टण्डन १७

लोकलयमा श्रीमद्भगवद्गीता-३
हरिभक्त सिग्देल २०

कामाख्या माता र उमानन्दको दर्शन
राजेन्द्र सुवेदी २२

स्वर्गद्वारी
महेशविक्रम शाह २६

अनुपम संस्कृतिको संगमस्थल हो ताप्लेजुङ्ग
राजेश्वर थापा ३०

श्रीमुक्तिनाथ पब्लिसिटी फाउण्डेसनका लागि अध्यक्ष तथा प्रधान सम्पादक नारायण शर्माद्वारा प्रकाशित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाथ-योग पद्धतिको परिचयात्मक अध्ययन
टि.पि. घमला ३८

सन्न्यास आश्रम एक परिचय
मिना सिग्देल (उप्रेती) ४३

पिण्डेश्वर बाबा : एक परिचय
माधव नेपाल ४१

चरित्र र व्यक्तित्वको अभिव्यञ्जना
जीवन अधिकारी ४५

आदरणीय धर्मानुरागी महानुभावहरूमा हार्दिक आमन्त्रण

विश्वमै पहिलो पटक श्री श्री १०८ श्री नवकुण्डीय अखण्ड जयन्ती महाकाली पञ्चधुनी धूमावती पशुपति महायज्ञ सम्पन्न गरिन लागेकाले यहाँहरूको अमूल्य सहयोगको अपेक्षासहित सबैलाई हार्दिक आमन्त्रण गर्दछौं ।

कार्यक्रम तालिका

मिति : २०७० चैत्र ४ गतेदेखि २५ गतेसम्म
समय : बिहान ६:०० बजेदेखि बेलुका ६:०० बजेसम्म
स्थान : काठमाण्डौ-१६, बालाजु चोक, माछापोखरीतिर गणेश मन्दिर अगाडि

आयोजक
मूल आयोजक समिति
जयन्ती महाकाली साधक श्रीभुपेन्द्र
वैदेही शक्ति पीठ, नेपाल

अरबौं हिन्दूहरूको आस्थाको केन्द्र देवाधिदेव महादेव भगवान् श्रीपशुपतिनाथको मन्दिर र मन्दिर सन्निकट भएर बग्ने पवित्र नदी बागमती समेतको सफाई अभियानमा एक भएर जुटौं । आफ्ना पिता पुर्खाले सुम्पिएको सनातन धर्म र संस्कृतिको जगेर्ना गरौं । पशुपति क्षेत्रको संरक्षण/सम्वर्धन एवं विकासको अभियानमा लागौं ।

पशुपति क्षेत्र विकास कोष
देवउद्यान, गौशाला
फोन नं. ४४७१८२८, ४४७०५७४/७५
फ्याक्स नं. ४४७२९६२
ईमेल : info@pashupati.org.np, वेभ : www.pashupati.org.np

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारायण शर्मा

गीतामा योगः समीक्षात्मक विश्लेषण

Acc. 1960
१६६०

गीताको योग

योगशब्दस्य गीतायामर्थस्य त्रिविधो मतः।
सामर्थ्ये चैव सम्बन्धे समाधौ हरिणा स्वयम्॥

संयोगलाई अर्थात् समायोजनलाई योग भनिन्छ। जब दुई सजातिय तत्त्वको समायोजन भएपछि त्यसलाई "योग" भनिन्छ। आयुर्वेदमा दुई औषधीहरूको परस्पर मिलन (समयोजन) लाई "योग" भनिन्छ। व्याकरणमा शब्दहरूको सन्धिलाई "योग" (प्रयोग) भनिन्छ। पातञ्जलयोगदर्शनमा चित्तवृत्तिहरूको निरोधलाई "योग" भनिन्छ। यसरी नै "योग" शब्दका अनेकौं अर्थ लाग्दछन्, तर गीतामा वर्णन भएको "योग" विलक्षण छ।

गीतामा "योग" शब्दको अर्थ अत्यन्त विचित्र-विचित्र किसिमले लगाइएको छ। त्यसलाई हामी तीन भागमा विभाजन गर्न सक्तछौँः-

१. **युजिर् योगे** धातुबाट बनेको "योग" शब्द, जसको अर्थ -समरूप परमात्मासँग नित्य सम्बन्ध रहनु हुन्छ। जस्तै - **समत्वं योग उच्यते** (२।४८) आदि। गीतामा यही अर्थ मुख्य रूपमा आएको छ।
२. **युज् समाधौ** धातुबाट बनेको "योग" शब्द हो। जसको अर्थ -चित्तको स्थिरता अर्थात् समाधिमा अवस्थित हुनु भन्ने हुन्छ। जस्तै- **यत्रापरमते चित्तं निरुद्धं योगसेवया**(६।२०) आदि।
३. **युज् संयमने** धातुबाट बनेको "योग" शब्द, जसको अर्थ सामर्थ्य, प्रभाव हुन्छ। जस्तै-**पश्यमे योगमैश्वरम्** (९।५) आदि।

पातञ्चलयोगदर्शनमा चित्तवृत्तिहरूको निरोधलाई "योग" भनिएको छ - "योगश्चित्तवृत्तिनिरोधः"(१।१२) र त्यस योगको परिणाममा बताइएको छ - द्रष्यको स्वरूपमा अवस्थित हुनु -"तत्रा द्रष्टुः स्वरूपेऽवस्थानम् वृत्तिसारूपयमितरत्र (१।३८४)। यसरी पातञ्जलयोगदर्शनमा योगको परिणाम जुन बताइएको छ, त्यसैलाई गीतामा "योग" भनिएको छ (२।४८ र ६।२३)। भावार्थ- गीताले चित्तवृत्तिबाट पूर्ण रूपमा अलग भएपछि स्वतःसिद्ध सम स्वरूप प्राप्त हुने स्वाभाविक स्थितिलाई "योग" भनिएको छ। त्यो समतामा स्थित (नित्ययोग) भएपछि पुनः कहिल्यै त्यसबाट वियोग हुँदैन, कहिल्यै वृत्तिरूपता हुँदैन, कहिल्यै व्यूत्थान हुँदैन। वृत्तिहरूको निरोध भएपछि त "निर्विकल्प अवस्था" हुन्छ, तर समतामा स्थित भएपछि "निर्विकल्प बोध" हुन्छ। "निर्विकल्प बोध" सबै अवस्थाहरूको प्रकाशक तथा समग्र योगहरूको फल हो।

जीवको परमात्मासँगको सम्बन्ध (योग) नित्य छ, जसको कहिल्यै कुनै पनि अवस्थामा, कुनै पनि परिस्थितिमा वियोग हुन सक्तैन। किनकि यो जीव परमात्माकै अंश भएको हुनाले परमात्मासँगको उसको सम्बन्ध सधैं समान रूपमा रहिरहन्छ। शरीर र संसारसँग संयोग भएको मान्नाले त्यो नित्ययोगको अनुभव गर्न

निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकिँदैन। शरीर र संसारमा स्थापित गरिएको संयोगको वियोग (त्यसबाट पूर्ण रूपमा अलग) भएपछि नित्ययोगको अनुभव हुन थाल्दछ – "तं विद्यात् दुःखसंयोगवियोगं योगसंज्ञितम्" (६।२३) अर्थात् दुःखहरूसँग स्थापित भएको संयोगबाट वियोग हुनुलाई "योग" भनिन्छ। गीतामा "योगः कर्मसु कौशलम्" (२।५०) भन्ने वाक्य पनि आएको छ। तर यो वाक्यबाट योगको परिभाषा हुँदैन, बरु यसबाट महिमाका विषयमा प्रकाश पार्दै कर्महरूमा योग नै उत्तम हो भनिएको छ।

भावार्थ- अज्ञानका कारण शरीर र संसारसँग स्थापना गरिएको सम्बन्धबाट अलग हुने र समरूप परमात्माको सामीप्यता प्राप्त गर्ने चाहना हुनुलाई "योग" भनिन्छ। यो योग सर्वत्र व्याप्त भएर रहेको हुन्छ, यसको कहिल्यै वियोग हुनै सक्तैन। यही नै गीताको मुख्य "योग" हो। यही योगको प्राप्तिका लागि गीतामा कर्मयोग, ज्ञानयोग, भक्तियोग, ध्यानयोग, अष्टाङ्गयोग, प्राणायाम, हठयोग आदि साधनहरूका विषयमा वर्णन गरिएको छ। तर यी साधनहरूलाई योग त्यस अवस्थामा भनिन्छ, जब असत्‌बाट अलग र परमात्मासँग नित्य सम्बन्ध भएको अनुभव हुन्छ।

यो नित्ययोगमा असत्‌को सङ्गत नै बाधक रहेको छ। किनकि असत्‌को सङ्गतबाटै राग-द्वेष, अनुकूलता-प्रतिकूलता जस्ता द्वन्द्वहरू उत्पन्न हुन्छन्। असत्‌को सङ्गतबाट अलग भएपछि योगको प्राप्ति हुन्छ।

योग प्राप्तिका लागि भगवान्‌ले मुख्य रूपमा दुइटा निष्ठाहरूका विषयमा बताउनु भएको छ। ती हुन् – कर्मयोग र सांख्ययोग(३।३)। असत्‌सँगको सम्बन्ध विच्छेद गराउने कर्मयोग हो भने सत्‌सँग संयोग गराउने सांख्ययोग हो, तर यी दुवै निष्ठा साधकका आफ्ना हुन्। भक्तियोगका साधकमा भएको निष्ठा आफ्नो निष्ठा नभएर भगवन्निष्ठा हो। गीतामा जहाँ कर्मयोग र साङ्ख्ययोग दुइटा निष्ठाको वर्णन भएको छ, त्यहाँ भक्तियोगलाई स्वतन्त्र साधन नमानेर माथि बताइएका निष्ठाहरू अन्तर्गत मानिएको छ। त्यसैले साङ्ख्ययोगको भेद पनि दुई प्रकारको हुन्छ–विचारप्रधान साङ्ख्ययोग (१३।१९-३४) र भक्तिमिश्रित साङ्ख्ययोग (१३।१-१८)। यसरी नै कर्मयोगको भेद पनि तीन प्रकारको हुन्छ– कर्मप्रधान कर्मयोग(१८।४-१२), भक्ति मिश्रितकर्मयोग(१८।४१-४८) र भक्तिप्रधान कर्मयोग (१८।४-६६)। तर जहाँ भक्तियोगलाई पूर्ण स्वतन्त्र मानिएको छ, त्यहाँ साङ्ख्ययोग र कर्मयोग साधकका व्यक्तिगत निष्ठा हुन् र भक्तियोग भगवन्निष्ठा हो। फेरी तीनोटै योगलाई स्वतन्त्र मानिन्छ, तिनमा कुनैको मिश्रण (समायोजन) भएको हुँदैन। भक्त भगवान्‌का शरणमा परेपछि उसमा सांसारिक सिद्धि-असिद्धिको कुनै असर पर्दैन। उसमा स्वतः समता आउँदछ।

भगवान्‌ले गीतामा कर्मयोग, ज्ञानयोग र भक्तियोगबाट कर्महरू (पापहरू) पूर्ण रूपमा नाश हुने विषयमा बताउनु भएको छ। जस्तैः-

१. कर्मयोग- जुन साधकले यज्ञ (कर्तव्यकर्म) को परम्परालाई सुरक्षित राख्नका लागि, लोककल्याणका लागि, सृष्टि-चक्रको परम्परालाई सुचारु राख्नका लागि मात्र कर्तव्य-कर्मको पालना गर्दछ अर्थात् अर्काका लागि मात्र कर्म गर्दछ, आफ्ना लागि गर्दैन, त्यो सबै पापहरूबाट सधैँका लागि मुक्त हुन्छ(३।१३)।

२. ज्ञानयोग- जुन देख्ने, सुन्ने र बुझ्ने कार्य छ, त्यो सबै अदृश्यतामा परिवर्तित भइरहेको हुन्छ। इन्द्रियहरू र अन्तःकरणका जति विषय छन्, ती सबै पहिले थिएनन् र भविष्यमा पनि रहने छैनन् तथा वर्तमान अवस्थामा पनि निरन्तर रहँदैनन्। तर विषय तथा त्यसको अभाव भएको अनुभव गराउने तत्त्व सधैँ जस्ताको तस्तै रहन्छ। त्यो तत्त्वको माध्यमबाट यो चराचर जगत् प्रकाशमय भएको हुन्छ। त्यो तत्त्व (प्रकाश) सबैमा परिपूर्ण भएर रहेको हुन्छ। जसरी बलेको आगोले काठलाई भष्म बनाएर खरानी बनाउँदछ, त्यसरी नै ज्ञानरूपी अग्निले सबै कर्महरू र पापहरूलाई भष्म गराइदिन्छ(४।३७)।

३. भक्तियोग – जो संसारबाट वैराग्य भएर भगवान्‌का शरणमा पर्दछ, त्यसलाई भगवान्‌ले सबै पापहरूबाट मुक्त गरिदिनु हुन्छ। भगवान्‌ले अर्जुनसँग तिमी समग्र धर्मको आश्रयलाई त्याग गरेर मेरा शरणमा आऊ, म तिमीलाई समग्र पापहरूबाट मुक्त गरिदिनेछु, तिमी चिन्ता नगर भन्नुभएको छ (१८।६६)।

सबै साधकहरूले प्राप्त गर्न चाहेको तत्त्व एउटै हो। साधकहरूको श्रद्धा, विश्वास, योग्यता, स्वभाव र रुचिलगायत अलग-अलग हुने भएकाले तिनीहरूको उपासनामा साधना-पद्धतिहरूको भिन्नता रहेको हुन्छ। जस्तै-मनुष्यहरूमा भाषाको भिन्नता, वेशभूषाको भिन्नता, सम्प्रदायको भिन्नतालगायतका भेदहरू रहेका हुन्छन्, तर सबैलाई सुख-दुःखको अनुभव समान रूपमा हुन्छ अर्थात् अनुकूल अवस्थामा खुसी हुने र प्रतिकूल अवस्थामा दुःखी हुने कार्य सबैमा समान रूपमा रहेको हुन्छ; त्यसरी नै संसारबाट वैराग्य भएर परमात्माका शरणमा पर्ने साधन पनि अलग अलग छन्, तर परमात्माको प्राप्तिमा सबै एकै हुन्छन् अर्थात् परमात्मा, सुख-शान्ति सबैलाई समान रूपमा प्राप्त हुन्छ।

भगवान्‌ले गीतामा कर्मयोग, ज्ञानयोग र भक्तियोगका माध्यमद्वारा निर्वाण-पद प्राप्त हुने बताउनु भएको छ। जस्तैः-

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. **कर्मयोग** – जुन मनुष्य कामना, स्पृहा, ममता, अहङ्कारबाट अलग हुन्छ, उसलाई शान्ति प्राप्त हुन्छ। यस्तो अवस्थालाई ब्राह्मी स्थिति भनिन्छ। यो ब्राह्मी स्थितिमा यदि कोही अन्त समयमा मात्र अवस्थित भयो भने पनि उसलाई निर्वाण ब्रह्मको प्राप्ति हुन्छ (२/७१ र ७२)।

२. **ज्ञानयोग**– जसमा बाहिरी पदार्थहरूबाट प्राप्त हुने सुखमा कुनै प्रकारको ममता रहँदैन, जसलाई परमात्मतत्त्वमा मात्र सुखको अनुभव हुन्छ, जसले परमात्मतत्त्वमा मात्र रमण गर्दछ, यस्तो साधकले निर्वाण ब्रह्मलाई प्राप्त गर्दछ। जो सबै पापहरूबाट मुक्त भएको छ, जसमा कुनै प्रकारको द्विविधा छैन र जो समग्र प्राणीहरूको कल्याण हुने कार्यमा लागेको छ, उसले निर्वाण ब्रह्मलाई प्राप्त गर्दछ। जो काम र क्रोधबाट अलग भइसकेको छ, जसको मन आफ्ना वशमा रहेको छ र जसले तत्त्वका विषयमा ज्ञान हासिल गरिसकेको छ, यस्तो साधकलाई जिवीतै अवस्थामा र मृत्युपछि पनि निर्वाण ब्रह्मको प्राप्ति हुन्छ (५।२४–२६)।

३. **भक्तियोग** – शान्त अन्तरात्मा, भयबाट अत्यन्त अलग र ब्रह्मचर्यमा अवस्थित रहने साधकले मनलाई आफ्ना वशमा राखेर चित्तलाई ममा लगाएर मेरा शरणमा पर्नाले उसलाई ममा रहने निर्वाणपरम शान्ति प्राप्त हुनेछ (६/१४ र१५)।

गीतामा तीनवटै योगहरूका विषयमा समान रूपमा वर्णन भएको छ। जस्तैः–

१. **कर्मयोग** – यसमा "युक्त आसीत मत्परः"(२।६१) "मयि सार्वाणि कर्माणि संन्यस्याध्यात्मचेतसा"(३।३०) "ब्रह्मण्याधाय कर्माणि" (५।१०)– यसरी भक्तियोगका विषयमा वर्णन गरिएको छ। "सर्वभूतात्मा भूतात्मा"(५।७) यसरी ज्ञानयोगका विषयमा वर्णन गरिएको छ। किनकि ज्ञानयोगमा परमात्मतत्त्वसँग अभिन्नता रहेको विषयमा मुख्य रूपमा प्रकाश पारिएको छ।

२. **ज्ञानयोग** – यसमा "सर्वभूताहिते रताः" (५/२५ र१२/४) – यसरी योगका विषयमा वर्णन गरिएको छ। किनकि कर्मयोगीका लागि प्राणीहरूको कल्याण हुने कार्य नै मुख्य कार्य हो। "मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी" (१३।१०), "मां च योऽव्यभिचारेण भक्तियोगेन सेवते" (१४/२६) – यो भक्तियोगको विषय हो। किनकि भक्तियोगमा मुख्य रूपमा भगवान्को व्यापकताका विषयमा वर्णन भएको छ।

३. **भक्तियोग** – यसमा "सर्वकर्मफलत्यागम्" (१२/११) र "स्वकर्मणा तमभ्यर्च्य" (१८/४६) यो कर्मयोगको विषय हो। किनकि कर्मयोगमा कर्मफलको त्याग र आफ्ना कर्महरूका माध्यमद्वारा लोककल्याण हुने कार्य गर्नु मुख्य कार्य हो। "अध्यात्मनित्याः(१५/५) यो ज्ञानयोगको विषय हो। किनकि ज्ञानयोगमा मुख्य रूपमा परम प्रकाशमय तत्त्वमा अवस्थित रहने मुख्य कार्य हो। "ते ब्रह्म तद्विदुः (७।२९) – यो पनि ज्ञानयोगकै कुरा हो। किनकि ज्ञानयोगमा बुझ्नु पर्ने हुन्छ।

यसरी समानरूपमा तीनवटै योगका विषयमा वर्णन हुनुको अर्थ हो कसैले पनि यी तीनवटै योगहरूलाई परस्पर अलग सम्झनु हुँदैन। किनकि वास्तवमा यी तीनवटै योगहरू अभिन्न रहेका छन् र एउटै पनि हुन। यिनमा साधना प्रणालीको अर्थात् साधना विधिमा मात्र भेद रहेको हुन्छ।

एकातर्फ दृष्टिगत गर्दा कर्मयोग र भक्तियोग अत्यन्त समीपमा रहेका छन्। किनकि कर्मयोगीले सबै (पदार्थ र क्रिया) संसारलाई दिन चाहन्छ र भक्तियोगीले सबै भगवान्मा समर्पण गर्न चाहन्छ (९।२६ र २७)।

अर्कातर्फ दृष्टिगतगर्दा कर्मयोग र ज्ञानयोग अत्यन्त समीपमा रहेका छन्। किनकि कर्मयोगी पदार्थ र क्रियाको आसक्तिलाई त्याग गरेर संसारबाट अलग हुन्छ (६।४), र ज्ञानयोगीले पदार्थ र क्रियालाई प्रकृति मात्र सम्झन्छ र आफ्नो त्यससँग कुनै सम्बन्ध नरहेको अनुभव गरेर संसारबाट अलग रहन्छ। भावार्थ–कर्मयोगी "क्रिया"का माध्यमद्वारा संसारबाट अलग हुन्छ र ज्ञानयोगी "विचार" का माध्यमद्वारा संसारबाट अलग रहन्छ।

यसरी नै भक्तियोग र ज्ञानयोग पनि अत्यन्त समीपमा रहेका छन्। किनकि भक्तियोगीले सबै चराचर जगत् भगवान्बाट उत्पन्न भएको सम्झन्छ (७/१२; १०/५, ६, ८ र ३९)। सबै भगवान्मा रहेको मान्दछ (६/३०; ७/७; ८/२२) तथा ज्ञानयोगीले सबै प्रकृतिबाट उत्पन्न भएको सम्झन्छ (१४/१९; १८/४०) र सबै प्रकृतिमा रहेको मान्दछ (१३/३०)।

गीतामा भगवान्ले कर्मयोग, ज्ञानयोग र भक्तियोगको कारकतत्त्वका विषयमा बताउनु भएको छ। जस्तैः–

१. **कर्मयोग** – जब मनुष्यले कर्मफलसँग, कर्म गर्नुपर्ने कारकतत्त्वसँग र कर्म गर्ने सामग्रीसँग आफ्नो सम्बन्ध जोड्दछ, त्यसपछि ऊ कर्मको कारकतत्त्व बन्दछ। वास्तवमा कर्म हुन्छन्, तर ती कर्महरूको कारकतत्त्व हामी बन्दैनौ र ती कर्महरूको फल पनि हामीलाई प्राप्त हुँदैन। किनकि ती कर्महरूसँग हाम्रो सम्बन्ध जोडिएको हुँदैन। त्यसैले कर्मयोगको प्रसङ्गमा भगवान्ले अर्जुनलाई मनुष्यहरूको प्रतिनिधि बनाएर भन्नुभएको छ – "तिमी कर्मफलको कारकतत्त्व नबन"–"मा कर्मफलहेतुर्भूः" (२/४७) अर्थात् कर्तव्यको पालना चाहिं तत्परतापूर्वक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर, तर कर्म, कर्मफल, कारण आदिसँग आफ्नो सम्बन्ध नजोड अर्थात् कर्मयोगी साधकले कर्म, कर्मफल, शरीरालगायतका कारणहरूसँग आफ्नो सम्बन्ध भएको मान्दैन अर्थात् ऊ तिनीहरूबाट पूर्ण रूपमा अलग रहन्छ। त्यसैले ऊ कर्महरूको कारकतत्त्व बन्दैन।

२. ज्ञानयोग-प्रकृतिको राज्यमा, संसारमा, शरीरमा जति पनि क्रियाहरू हुन्छन्, साङ्ख्ययोगीले ती सबै आफूबाट नभएर प्रकृति, गुणहरू र इन्द्रियहरूबाटै भएको मान्दछ। भगवान्ले भन्नुभएको छ – जसले सबै कर्म प्रकृतिबाटै हुने बुझेको हुन्छ, उसले आफूलाई अर्कता सम्झन्छ (१३/१९)। तत्त्वज्ञानी पुरुष गुण नै गुणहरूका व्यवहृत भइरहेको छ भन्ने सम्झिएर त्यसमा आसक्त हुँदैन (३/२८)। उसले देख्नु, सुन्नु, स्पर्श गर्नु आदि सबै क्रियाहरू इन्द्रियहरूबाट हुन्छ, म स्वरूपभूतबाट केही पनि हुँदैन अर्थात् म केही पनि गर्दिन भन्ने मान्दछ (५/८ र ९)। त्यसैले सांख्ययोगीको प्रकरणमा भगवान्ले कार्य र करणद्वारा उत्पन्न हुने क्रियाहरूको कारकतत्त्व प्रकृतिलाई बताउनु भएको छ – "कार्यकरणकर्तृत्वे हेतुः प्रकृतिरुच्यते" (१३/२०)। यसैले सबै कर्महरू हुनमा शरीर, कर्ता, करण, चेष्टा र संस्कारलाई कारकतत्त्व बताउनु भएको छ(१८/१४)। तेन्हौं अध्यायको बीसौं श्लोकको उत्तरार्धमा जुन सुख- दुःखको भोक्तापनमा पुरुषलाई कारकतत्त्व बताइएको छ, त्यहाँ पनि वास्तवमा सुखी-दुःखी हुनमा मात्र पुरुष कारकतत्त्व हो, भोक्तापनमा होइन। किनकि भोग पनि क्रियाजन्य नै हुन्छ। त्यसैले क्रियाजन्य भोगहरूको कारकतत्व पनि प्रकृति नै हो। जसले प्रकृतिको आधिपत्यलाई स्वीकार गर्दछ, त्यही पुरुष सुखी – दुःखी हुन्छ (१३/२१), तर जुन तत्त्वज्ञानी जीवन्मुक्त छ, त्यो सुखी-दुःखी हुँदैन। भावार्थ-सांख्ययोगी साधकले सम्पूर्ण क्रियाहरू प्रकृतिबाट भएको मान्दछ। त्यसैले उसले न कर्म गर्दछ र न गराउँदछ (५/१३) अर्थात् ऊ कुनै पनि कर्म, कर्मफललगायतको कारकतत्त्व बन्दैन।

३. भक्तियोग – जब भक्त पूर्ण रूपमा भगवान्मा समर्पित हुन्छ, आफूलाई भगवान्को जिम्मा लगाउँदछ भने त्यस्तो अवस्थामा गर्ने-गराउने सबै कार्य भगवान्बाटै भएको हुन्छ। भक्त त निमित्त मात्र बन्दछ। त्यसैले भक्तियोगको प्रसङ्गमा भगवान्ले आफ्ना प्रिय भक्त अर्जुनसँग "यहाँ उपस्थित भएका सेनामा जति पनि योद्धाहरू उभिएका छन्, ती सबै मद्वारा पहिला नै मारिइसकेका छन्। यो कुरा संसारलाई बुझाउनका लागि तिमी निमित्त मात्र बन "निमित्तमात्रं भव"(११/३३) भन्नुभएको छ।

यसरी तीनवटै योगहरूको कारकतत्त्वका विषयमा प्रष्ट्याउनुको अर्थ तीनवटै योगहरूका साधकले कर्महरू गर्नमा आफूलाई कारकतत्त्व बनाउनु हुँदैन, किनकि ऊ निमित्त मात्र हो। अँ, अरूले उसलाई कारकतत्त्व मान्न सक्तछन्, तर वास्तवमा ऊ कारकतत्त्व होइन।

योगका अधिकारी

अन्य शास्त्रहरूमा ज्ञान, योग आदि मार्गहरूका अधिकारी अलग-अलग हुने बताइएको पाइन्छ। जस्तै- जो साधन-चतुष्टयबाट सम्पन्न छ, त्यो ज्ञानयोगको अधिकारी हो। जो मूढ र विक्षित स्वभावको छ, त्यो पातञ्जलयोगको अधिकारी हो आदि-आदि। तर भगवान्ले आफूमा भएको विचित्रमय उदारता र दयालुपना आधारमा गीतामा सबै मनुष्यहरूलाई भक्तियोग, ज्ञानयोग र कर्मयोगको अधिकारी बताउनु भएको छ अर्थात् भगवान्लाई प्राप्त गर्न चाहने सबै मनुष्य गीतामा बताइएका योगको अधिकारी हुन्।

भक्तियोगको अधिकारी

भगवान्ले भक्तियोगका अधिकारीहरूका विषयमा वर्णन गर्ने सिलसिलामा सर्वप्रथम दुराचारीको नाम लिँदै अत्यन्त दुराचारी मनुष्यले पनि अनन्यायभावपूर्वक मेरो भजन गर्दछ भने त्यसलाई पनि साधु नै मान्नु पर्दछ भन्नुभएको छ। किनकि उसले मेरो सामीप्यतालाई स्वीकार गर्ने निश्चिय गरिसकेको हुन्छ। ऊ चाडै नै धर्मात्मा हुनेछ र उसले नित्य रहने शान्ति प्राप्त गर्दछ(९/३० र ३१)। दोस्रो पटक पापयोनिको नाम लिँदै जसको जन्म पहिले गरिएका पापहरूका प्रभावले गर्दा चाण्डालालगायतका योनिमा भएको छ त्यसका बारेमा बताउनु भएको छ (९/३२)। तेस्रो पटक चारै वर्णका स्त्रिहरू, वैश्य र शूद्रहरूको नाम लिनुभएको छ, जुन मध्यम श्रेणीका हुन् (९/३२)। चौथो पटक पवित्र ब्राह्मण र राजर्षि क्षत्रियहरूको नाम लिनु भएको छ, जो जन्म र आचरणका दृष्टिले उत्तम छन् (९/३३)।

यसरी दुराचारी, पापयोनि, स्त्री, वैस्य, शूद्र, ब्राह्मण र क्षत्रिय भक्तिका यी सात अधिकारीहरूअन्तर्गत प्राणी मात्र पर्दछन्। यसबाट प्राणी मात्र भक्तियोगका अधिकारी भएको सिद्ध हुन्छ। किनकि भगवान्को अंश भएको हुनाले प्राणीहरूको भगवान्सँग अखण्ड, अटुट र नित्य सम्बन्ध रहेको हुन्छ। तिनीहरूको गल्ती वा कमजोरी भनेकै जे आफ्नो हुँदै होइन, त्यसलाई आफ्नो मान्नु र जो आफ्नो हो, त्यसलाई आफ्नु नमान्नु हो।

भक्तिका अधिकारीहरू त सात प्रकारका हुन्छन्, तर भावका अनुसार अर्थार्थी, आर्त, जिज्ञासु र ज्ञानी (७/१६) चार

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकारका हुन्छन्। जसले धन प्राप्तिका लागि भगवान्को भजन गर्दछ र भगवान्बाट नै धन प्राप्त होस् भन्ने चाहन्छ, धनप्राप्तिका लागि अन्यको साहारा लिँदैन, त्यो सांसारिक पदार्थहरूको कामना राख्ने **अर्थार्थी भक्त** हो। जसमा अर्थार्थी भक्तको जस्तो सांसारिक कामना त छैन, तर आफूलाई दुःख पर्दा सहन गर्न सक्तैन र भगवान्लाई पुकार्न थाल्दछ अर्थात् भगवान् बाहेक अरू कसैले पनि आफूलाई दुःखबाट मुक्त गराउन सक्तैन भन्ने सोचेर उहाँका शरणमा पर्दछ, त्यो दुःखबाट मुक्त हुने अभिलाषा राख्ने **आर्त भक्त** हो। जसमा न त सांसारिक पदार्थहरूको र न दुःखबाट मुक्त हुने कामना छ, तर जसले भगवत्तत्त्व प्राप्तिका लागि भगवान्को भजन गर्दछ र त्यसका विषयमा भगवान्बाट नै ज्ञान हासिल गर्न चाहन्छ, त्यो तत्त्व प्राप्तिको कामना राख्ने **जिज्ञासु भक्त** हो। जसले भगवान्बाट केही पनि चाहँदैन, उहाँलाई मात्र चाहन्छ र सधैँ उहाँमा नै लागीरहन्छ, त्यो कुनै कामना नराख्ने **ज्ञानी भक्त** हो। यस्तो ज्ञानी भक्त भगवान्का लागि अत्यन्त प्यारो हुन्छ (७/१७)। यस्तो ज्ञानी भक्तलाई भगवान्ले आफ्नो आत्मा (स्वरूप) बताउनु भएको (७/१८)। यस्तै भक्तलाई भगवान्ले गीताको पन्ध्रौं अध्यायको उन्नाईसौं श्लोकमा "सर्ववित" बताउनु भएको छ अर्थात् जुन मनुष्यको उद्देश्य भगवान्लाई प्राप्त गर्ने रहेको छ, त्यसमा चाहे लौकिक कामना होस्, चाहे पारमार्थिक कामना होस्, चाहे कुनै प्रकारको चाहना नहोस्, ती सबै भक्तिका अधिकारी हुन्।

श्रीमद्भागवतमा पनि भनिएको छः-

अकामः सर्वकामो वा मोक्षकाम उदारधीः।
तीव्रेण भक्तियोगेन यजेत पुरुषं परम् ॥(२/३/२०)

"जो बुद्धिमान मनुष्य छ, त्यो चाहे समग्र कामनाहरूबाट अलग होस्, चाहे सबै कामनाहरूबाट युक्त होस्, चाहे मोक्षको कामना राखोस्, उसले केवल तीव्र भक्तियोगका माध्यमद्वारा परमपुरुष भगवान्को भजन गर्नु पर्दछ।

ज्ञानयोगको अधिकारी

जसरी सबै भक्तियोगका अधिकारी हुन्, त्यसैगरी सबै ज्ञानयोगका पनि अधिकारी हुन्। भगवान्ले गीतामा भन्नुभएको छ -"मनुष्यले जुन ज्ञानलाई श्रोत्रिय र ब्रह्मनिष्ठ गुरुको सेवा गरेर, उनीहरूका अनुकूल आचरणमा बसेर तथा जिज्ञासापूर्वक प्रश्न गरेर प्राप्त गर्दछ र जुन ज्ञानलाई प्राप्त गरेपछि मोह उत्पन्न हुनै सक्तैन तथा जुन ज्ञानका माध्यमबाट साधकले पहिले सम्पूर्ण प्राणीहरूलाई आफूमा र फेरी परमात्मामा देख्दछ, तीव्र जिज्ञासा उत्पन्न भएपछि त्यही ज्ञान अत्यन्त पापीलाई पनि प्राप्त हुन सक्तछ" (४/३४-३६)। भगवान्ले भन्नुभएको छ - यो जगत्का सबै पापीहरू भन्दा अत्यन्त पापीले पनि यदि ज्ञान प्राप्त गर्न चाह्यो भने उसले पनि ज्ञान प्राप्त गरेर त्यसका माध्यमद्वारा सबै पापहरूबाट सधैँका लागि मुक्ति प्राप्त गर्न सक्तछ(४/३६-३७)।

जब अत्यन्त पापीलाई पनि ज्ञान प्राप्त हुन सक्तछ भने जो श्रद्धावान् छ, आफ्नो साधनामा तत्परतापूर्वक लागेको छ र जितेन्द्रिय अर्थात् इन्द्रियहरूलाई आफ्ना वशमा राख्नेछ, उसलाई ज्ञान प्राप्त नहुने त प्रश्नै उठ्दैन(४/३९)।

कसैले ध्यानयोगका माध्यमद्वारा, कसैले साङ्ख्ययोगका माध्यमद्वारा र कसैको कर्मयोगका माध्यमद्वारा आफूभित्र परमात्मतत्त्वको अनुभव गर्दछन् (१३/२४)। तर जसलाई यी साधनका विषयमा ज्ञान छैन, त्यो मनुष्यले केवल तत्त्वज्ञ पुरुषहरूबाट सुनेर, उनीहरूको आज्ञाअनुसारको आचरण गरेर ज्ञान प्राप्त गर्दछ (१३/२५)। भावार्थ- मनुष्य चाहे श्रद्धावान् साधक होस् चाहे, अत्यन्त पापी होस्, चाहे अनभिज्ञ होस्, तर पनि यदि उसले ज्ञान प्राप्त गर्न चाहन्छ भने उसलाई ज्ञान प्राप्त हुन सक्तछ।

कर्मयोगको अधिकारी

जसरी भक्तियोग र ज्ञानयोगका सबै अधिकारी हुन्, त्यसरी नै कर्मयोगका पनि सबै अधिकारी हुन्। जो सांसारिक कामनाहरूबाट अलग हुन चाहन्छ, त्यो चाहे जुन सुकै वर्ण, आश्रम, सम्प्रदाय आदिको किन नहोस् र जहाँसुकै निवास गरोस्, यदि उसले निष्कामभावपूर्वक आफ्नो कर्तव्यको पालना गर्दछ भने उसले परमात्मा प्राप्त गर्दछ (१८/४५)। जसले फलको आसक्ति त्याग गरेर ममताबाट अत्यन्त अलग हुँदै शरीर, इन्द्रियहरू, मन र बुद्धिका माध्यमद्वारा अन्तःकरणको शुद्धिका लागि कर्म गर्दछ, त्यो कर्मयोगी हो (५/११)। यस्ता कर्मयोगीहरूका सम्पूर्ण (क्रियमाण, सञ्चित र प्रारब्ध) कर्महरू विलीन भएर जान्छन् (४/२३) अर्थात् जसले फलको आसक्ति त्याग गरेर अर्काको कल्याणका लागि आफ्नो कर्तव्यको पालना गर्दछन्, ती सबै कर्मयोगका अधिकारी हुन्।

तीनोटै योगको समन्वय

गीतामा भगवान्ले कर्मयोग, ज्ञानयोग र भक्तियोगका विषयमा बताउनु भएको छ। जस्तैः-

कर्मयोगमाः- **कर्मण्कर्म यः पश्येदकर्मणि च कर्म यः** (४/१८) "जुन मनुष्यले कर्ममा अकर्म अर्थात् कर्मको अभाव र अकर्ममा कर्म देख्दछ।"

ज्ञानयोगमाः- **सर्वभूतस्थमात्मनं सर्वभूतानि चात्मनि** (६/२९) "जसले आत्मालाई प्राणीहरूमा र प्राणीहरूलाई आत्मामा देख्दछ।"

भक्तियोगमाः-**यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति** (६/३०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"जसले यो चाराचर जगत्मा मलाई व्याप्त देख्दछ र ममा सबैलाई देख्दछ।"

यसरी तीनोटै योगहरूको एकताका विषयमा प्रकाश पार्नको अर्थ साधक जुन योगको अधिकारी भए तापनि उसले त्यो योगको तत्त्वका विषयमा यथार्थ ज्ञान हासिल गर्न आवश्यक हुन्छ अर्थात् अकर्म, आत्मा र भगवान् एउटै तत्त्व हुन्। कर्मयोगमा कर्मको अभाव र अकर्मको भाव हुन्छ। किनकि प्रत्येक कर्मको आरम्भ र समाप्ति हुन्छ। तर आरम्भ हुनु भन्दा पहिले पनि अकर्म थियो र कर्मको समाप्तिपछि पनि अकर्म नै रहन्छ। सैद्धान्तिक पक्षलाई दृष्टिगत गर्दा जुन वस्तु आदि र अन्तमा रहन्छ, त्यो मध्य (बीच) मा पनि रहन्छ। त्यसैले कर्म गर्दाका समयमा पनि अकर्म जस्ताको त्यस्तै रहन्छ।

ज्ञानयोगमा "सर्वभूत" को अभाव र "आत्मा" को भाव रहेको हुन्छ। किनकि सबै शरीरहरूको जन्म र मृत्यु हुन्छ। तर शरीरको जन्म हुनु भन्दा पहिले पनि आत्मा थियो र मृत्युपछि पनि आत्मा रहन्छ। त्यसैले शरीर रहँदाका अवस्थामा पनि आत्मा जस्ताको तस्तै रहन्छ।

भक्तियोगमा "सर्व" को अभाव र "भगवान्" को भाव रहेको हुन्छ। किनकि संसार उत्पन्न र नष्ट हुन्छ। तर संसार उत्पन्न हुनु भन्दा पहिले पनि भगवान् हुनुहुन्थ्यो र संसार नष्ट भएपछि पनि भगवान् रहनुहुन्छ। त्यसैले संसार रहँदाका अवस्थामा पनि भगवान् जस्ताको तस्तै रहनुहुन्छ।

अकर्म (निर्लिप्तता), आत्मा र भगवान् स्वतःसिद्ध हुन्। जुन वस्तु स्वतःसिद्ध हुन्छ, त्यो सधैँका लागि हुन्छ, सबैका लागि हुन्छ र सबै स्थानमा हुन्छ। तर यसभन्दा पहिले बताइएका कर्म, सर्वभूत र सर्व अर्थात् वस्तु, व्यक्ति, योग्यता, परिस्थिति, अवस्था आदि स्वतःसिद्ध होइनन्। त्यसैले यी सधैँका लागि, सबैका लागि र सर्वत्र रहँदैन।

जुन वस्तु कहिले रहन्छ र कहिले रहँदैन, कसैलाई प्राप्त हुन्छ र कसैलाई प्राप्त हुँदैन, कहीँ छ र कहीँ छैन, त्यसको प्राप्ति क्रिया र पदार्थबाट हुन्छ। त्यसैले कर्म, सर्वभूत र सर्वको प्राप्ति क्रिया र पदार्थमा आश्रित हुन्छ अर्थात् यिनको प्राप्ति अभ्यासद्वारा हुन्छ। तर अकर्म, आत्मा र भगवान्को प्राप्ति अभ्याससाध्य होइन, यो त निष्कामभाव, विवेक र विश्वासका माध्यमद्वारा साध्य छ। यदि यसको प्राप्ति पनि अभ्याससाध्य भएको भए यो सदाका लागि रहने र सबैलाई प्राप्त हुने थिएन।

कर्म, सर्वभूत र सर्व कहिले हुन्छन् र कहिले हुँदैनन्, कसैलाई प्राप्त हुन्छन् र कसैलाई प्राप्त हुँदैनन्, कहीँ हुन्छन् र कहीँ हुँदैनन्, त्यसैले स्वयंलाई यिनको अलिकति पनि आवश्यकता हुँदैन। यिनको आवश्यकता भएको अनुभव गर्नु अकर्म, आत्मा र भगवान्बाट भिन्न हुनु हो। अकर्म, आत्मा र भगवान्को अनुभव हुनमा उत्पत्ति र विनाशशील शरीर, इन्द्रियहरू, मन, बुद्धि, योग्यता र परिस्थितिको अलिकति पनि आवश्यकता पर्दैन। तर यस विषयमा मनुष्यलाई ज्ञान नभएकाले उसले यो वास्तविकताको आफैँद्वारा अनुभव नगरेर इन्द्रियहरू एवं अन्तःकरणबाट अनुभव गर्ने प्रयास गर्दछ। किनकि ऊ यस प्रकारको स्वभावको वशमा परेको हुन्छ।

यथार्थमा कर्म, आत्मा र भगवान् एउटै हुन् र यीसँग हाम्रो स्थायी सम्बन्ध रहेको हुन्छ। तर कर्म, सर्वभूत र सर्वसँग हाम्रो नित्य सम्बन्ध रहेको हुँदैन। कर्मसँग सम्बन्ध विच्छेद भएको अनुभव भएपछि "अकर्म" बाँकी रहन्छ। अकर्म सँगसँगै आत्मा पनि छ र भगवान् पनि। सर्वभूतसँग सम्बन्ध विच्छेद भएपछि "आत्मा" बाँकी रहन्छ। आत्मामा अकर्म पनि छ र भगवान् पनि। सर्वसँग सम्बन्ध विच्छेद भएपछि "भगवान्" बाँकी रहनुहुन्छ। भगवान्मा अकर्म पनि छ र आत्मा पनि।

कर्ममा अकर्मको अनुभव गर्ने "कृत्यकृत्य" अर्थात् गद्‌गद् हुन्छ– "स बुद्धिमान्मनुष्येषु स युक्तः कृत्स्नकर्मकृत्" (४/१८)। यसैगरी सबै जीवमा आत्माको अनुभव गर्ने "ज्ञातज्ञातव्य" हुन्छ –"ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः" (६/२९) यसरी नै सबैमा भगवान्को अनुभव गर्ने "प्राप्तप्राप्तव्य" हुन्छ – "तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति" (६/३०)। कृतकृत्यता, ज्ञातज्ञातव्यता र प्राप्तप्राप्तव्यता तीनोटामध्ये कुनै एउटाको प्राप्ति भएपछि बाँकी दुइटा स्वतः आउँदछन् अर्थात् कृतकृत्य भएपछि कर्मयोगी ज्ञातज्ञातव्य र प्राप्तप्राप्तव्य पनि हुन्छ, ज्ञातज्ञातव्य भएको ज्ञानयोगी कृतकृत्य र प्राप्तप्राप्तव्य पनि हुन्छ र प्राप्तप्राप्तव्य भएको भक्तियोगी कृतकृत्य र ज्ञातज्ञातव्य पनि हुन्छ।

कृतकृत्यता (केही गर्न बाँकी नरहनु), ज्ञातज्ञातव्यता (केही बुझ्न बाँकी नरहनु) र प्राप्तप्राप्तव्य (केही पाउन बाँकी नरहनु) भएपछि पूर्णावस्था हुन्छ अर्थात् मनुष्य जन्म पूर्ण रूपमा सार्थक बन्दछ।

मनुष्यले जबसम्म आफ्ना लागि केही गर्दछ, तबसम्म ऊ कृतकृत्य हुँदैन। तर जब उसले आफ्ना लागि केही गर्दैन, सबै कार्यहरू अर्काको कल्याणका लागि गर्दछ, तब ऊ कृतकृत्य हुन्छ। जब साधकले आफ्नो स्वरूपका विषयमा पूर्णज्ञान हासिल गर्दछ, अनुभव गर्दछ, तब ऊ ज्ञातज्ञातव्य हुन्छ। केवल भगवान्लाई आफ्नो मान्नाले, अर्कालाई आफ्नो नमान्नाले साधक प्राप्तप्राप्तव्य हुन्छ अर्थात् गर्नु पर्दा सेवापूर्ण कार्य मात्र गर्नु पर्दछ, बुझ्नु पर्दा आफ्नो स्वरूपलाई बुझ्नु पर्दछ र प्राप्त गर्नु पर्दा केवल भगवान्लाई प्राप्त गर्ने प्रयास गर्नु पर्दछ।

☆☆☆

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



रामचन्द्र पौडेल 'रम्घाली'

भगवती मनःकामना को हुन् कहाँ छन् ?

श्रीभगवती मनःकामना साक्षात् राजराजेश्वरी ललिताम्बा परमेश्वरी हुन्। यिनी आफ्ना उपासक, साधक, पूजक भक्तजनहरूका मनका सबै कामना पूरा गर्दछिन्। यसै कारण लाखौं मानिसहरू पूजनार्थ दर्शनार्थ जान्छन्।

जतिबेला यातायातको कुनै सुविधा थिएन, त्यतिबेला पनि भक्तहरूको ताँती पूर्व पश्चिम उत्तर दक्षिण चारैतिरबाट पुग्थ्यो। खासगरी मनःकामना मातालाई माइको नामले पुकार्दथे। यहाँ बौद्धधर्मीसमेत दर्शनार्थ पुग्दछन्।

मैले २००५ सालदेखि घरबाट शिक्षार्जनका लागि काठमाण्डौ आउने जाने गरेको हो। काठमाण्डौबाट माइको दर्शन गर्न भन्दै खासगरी हिउँदका महिनाहरूमा प्रशस्त दर्शनार्थी आए गएको देख्दथ्यौं।

अहिले वर्तमानमा त झन् यातायातको सुविधामात्र नभई केवलकारसमेतको सुविधा सञ्चालित हुनाले असङ्ख्य मानिसको आवत जावत भईरहेको छ। हजारौं बलि दिइन्छन्।

यद्यपि मनःकामना भगवतीको महिमा र प्रभावद्वारा प्रत्यक्ष लाभान्वित व्यक्तिहरूले आआफ्ना ठाउँ गाउँमा यिनको भावना गरी प्रतीकात्मक रूपमा मन्दिर, स्थानहरू बनाएका पनि हुन सक्छन्। तदपि प्रसिद्ध मनःकामना मन्दिर यही नै हो। यहाँ भारतवासीहरू पनि आउँछन्।

यो मन्दिर गोरखा जिल्लाको दक्षिणी भागमा छ। मुग्लिन हुँदै आँबु खैरेनीबाट र गोरखा सदरमुकामबाट गइन्छ। हिँडेरै जानेहरूले जतातिरबाट गएपनि ठाडै उकालो बाटोको अनुभव गर्न पाइन्छ।

यस वर्पनमा जताततै कार्तिक, मार्गतिर जानेले सुनाम्य सुन्तलामय गाउँघर देख्न पाइन्छ। यत्रतत्र मनःकामनाका सुन्तलाको माधुर्य र सौन्दर्य गाएको हामी सुन्दछौं।

तादीदेखि पश्चिम दरौंदीतकका नदीनालाहरू मिलेर प्रसन्न रहेकी त्रिशुली गङ्गा र चम्पावती नदी समेटेर वहेकी मर्स्याङ्दी नदीले माइ विराजमान रहेको कफ्याक पर्वतको फेदीमा माइको चरणरजःलिएर एकाकार बनी देवघाट धामलाई पावन तीर्थस्थल बनाएका छन्।

ऐतिहासिक दृष्टिले गोरखाको विशेष महत्त्व छ। बाईसी चौबिसी राज्यमा विभाजित भुरे टाकुरे राजा रजौटाहरूलाई रणनीतिक रूपमा सम्झाई बुझाई वा परास्त गरी नेपाल राज्यमा एकीकरकण गरेको श्रेय द्रव्यशाहवंशीय वीर सपूत राजाहरूमा छ। न्याय नपाए गोरखा जानु भन्ने आभाणक कायम गर्ने राजा राम शाहको समयदेखि नै परिकल्पना गरिएको सुदृढ एकत्रित नेपालराज्यको समग्र साकारता पृथ्वीनारायण शाहको पालामा पौरखी दलबलको साहाय्यमा भएको विषय अत्यन्त स्मणीय रहेको छ।

वस्तुतः राम शाह राज्यको उत्तराधिकारी थिएनन्। द्रव्यशाहले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्ष्मण थापा मगर (लखन्थापा) लाई मात्र थियो। जो राजाका मुख्य मन्त्री पनि थिए।

देवीका भक्त, सिद्धिप्राप्त लखनथापा सबै कुरा जान्दथे। विद्वान् तथा सिद्ध हुनाले राजपाठमा लागीरहनुमा अरू आवश्यकता थिएन। केवल साक्षात् भगवतीका रूपमा जन्मेकी रानीको सान्निध्याप्राप्तिका लागि थियो।

राजमहिषीलाई पनि राम शाह राजाका मन्त्री लखन थापा सिद्ध र परमभक्त हुन् भन्ने पूरा ज्ञान थियो। तर दुवै दुवैको विषयमा सबै कुरा जान्ने भएता पनि एक अर्कामा सीमित थिए। बाहिर प्रकटमा थिएनन्।

प्रारम्भगरी बाँधिएको राज्य व्यवस्थामा जेठो छोरो उत्तराधिकारी हुने परम्परा थियो। तदनुसार पूर्ण शाह किं वा पुरन्दर शाहका दुईभाई छोराहरूमा राम शाह कान्छा थिए। दाजु छत्र शाह अल्पायु भएकाले राज्याधिकार यिनीमाथि आइपरेको थियो। यी राम शाह द्रव्य शाहका नाति हुन्।

विद्या नपाए काशी वा कास्की जानु भने जस्तै न्याय नपाए गोरखा जानु भन्ने लोकोक्ति यिनैका पालामा प्रसिद्ध भएको हो।

राजा राम शाहकी महिषी (रानी) लीलावती भन्ने थिइन्। यिनी सर्वलक्षण सम्पन्न थिइन्। यिनलाई महाकाली, महालक्ष्मी, महासरस्वतीका रूपमा जनताले मानेकाले महिमावती, लोकमाता जस्ता नामले पनि उल्लेख गरेको पाइन्छ।

राम शाह राज्यमा कुनै पनि ठुलाठूला निर्णय गर्नुपर्दा, सन्त, सिद्ध, साधु, विद्वान्, नीतिज्ञ आदि भाइ भारदारहरूको राय लिन्थे। यसैले यिनको त्यो सभा देवसभा जस्तो मान्थ्यो। यसबाट न्यायपूर्वक राज्य सञ्चालन गर्न सहयोग पुग्दथ्यो।

वास्तवमा यिनकी रानी लीलावती साँच्चिकै लीलामयी पनि थिइन्। महाशक्तिरूपिणी भगवतीको अंशबाट उत्पन्न भएकी हुनाले यिनमा पूरै दैवी शक्ति थियो। यसै कारण पनि राम शाह राजा रामराजा जस्तै मानिएका थिए। गोरखाराज्य रामराज्य जस्तै बनेको थियो।

यो रहस्यको ज्ञान केवल गोरखनाथबाट सिद्धि प्राप्त

म गोरखामा १२।१४ महिना जति राष्ट्रसेवकको हैसियतले बसेको थिएँ। ती दिनमा यिनी राम शाहकी महिषीको बारेमा बूढापाकाहरूबाट किंवदन्तीको रूपमा सुनेको, कर्णकर्णिकया चल्दै आएको कुरा पनि यसमा म प्रासङ्गिक ठानी राख्दछु।

"यिनी राजमहिषी साक्षात् भगवती देवी थिइन्। त्रिशुली आदि सप्त गण्डकी र कृष्णागण्डकीको सङ्गम क्षेत्र देवघाटमा प्रायशः रात्रिसमयमा देवी देवताहरूको सभा हुने गर्दथियो। त्यस देवसभामा यिनै लीलावती रानी साक्षात् सिंहवाहिनी देवी बनेर सभापतिको आसनमा विराजमान भई सभा सञ्चालन गर्थिन्।

तर यिनका पति महाराज राम शाहलाई आफ्नी प्रियतमा जीवनसङ्गिनीको यो हरकत कहिल्यै थाहा थिएन। यौटै खाटमा सँगै सुतेकी सँगै उठेकी रानीका विषयमा अन्यथा विचार गर्नुपर्ने अवस्था पनि रहेन, भएन।

धेरै समयको सहजीवनयात्रा बितेको कुनै दिन राती राजा राम शाहले आफ्नी अर्धाङ्गिनी मानिएकी पत्नीलाई देवघाटको देवसभामा अध्यक्षता गरिरहेको सपना देखी ब्यूँझिदा साथमा सुतेकी रानीलाई खाटमा पाएनछन्। अनि वायुपङ्खी समानको घोडा चढी छद्मभेषी राजा देवघाटतिर हानिएछन्। नभन्दै आफ्नी अर्धाङ्गिनी पत्नीलाई देवसभामा सिंहवाहिनी बनी विराजमान भएको पाएछन्। सपना विपनामय यथावत् पाए।

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अलमलिनु भएको होला। तर त्यसलाई कफ्याक पर्वतशृङ्गमा मनःकामना भगवतीको उत्पत्तिबारे भूमिकारूपको प्रस्तुति मानेर सान्दर्भिक सम्झिनु हुनेछ।

यसपछि नै हलो जोत्दा यौटा पत्थरबाट रगत निस्केपछि उनै लीलावतीको रूपकी भगवती राजराजेश्वरीको उत्पत्ति भएको सम्झी सिद्ध लखनथापाले मनःकामनाको रूपमा पूजा अर्चनादि गर्न थालेर मन्दिर बनाए। यिनै हुन् मनःकामना भगवती।

श्रद्धाभक्तिपूर्वक गरिएको पूजा अर्चना कार्यले प्रसन्न हुन्छिन्। मनका कामनाहरू पूरा गरिदिने हुनाले नै यिनको नाम मनःकामना रहेको सुस्पष्ट बुझिन्छ।

मैले पनि दुई छोरा भइसकेपछि २०२४ वैशाखमा काठमाण्डौबाट पालुङ्टार हवाइयानबाट जाँदा संयोगवश मनःकामना मन्दिरको दर्शन मिल्ने गरी हवाइजहाज उडेकोले मनले मनःकामना भगवतीसँग अबको पालो कन्यारत्न प्राप्तिको कामना राखी प्रार्थना गरेको थिएँ। नभन्दै त्यसै पौषमा पुत्री पैदा भइन्। कुरा त पुत्र वा पुत्री पचास प्रतिशतको हो। तदपि मैले चाँहि यसलाई माइको अनुकम्पा नै मानेको छु। यसपछिका तीन-तीन सन्तान छोरा नै भएका थिए। (यो मेरो विश्वास हो, तपाईं जे मान्नोस तपाईंकै मर्जी)।

त्यसपछिका परिवर्तनशील काल, स्थिति, सुधार आदिले त्यहाँ निकै राम्रो व्यवस्था बन्दै गएको छ र बन्दै जाने छ। यो त प्रकृतिको गति हो, नियति हो। तदपि भगवती माताको पूजा गर्ने व्यक्ति तिनै लखन थापा वंशका छन्, चलिरहेको छ अद्यापि।

(गोरखामा दुइटा प्रसिद्ध लखन थापा भएका छन्। यी सिद्ध लखन थापा हुन्।)

यिनै सिद्ध लखन थापालाई माझकोटकी महाकालीले सद्यः प्रकट भएकी यी मनःकामनाको वरप्रसादद्वारा राम शाहले चाहेको नेपाल एकीकरणको कार्य सम्पादन गर्न तिनको प्रत्येक दिन पूजा अर्चना गर्नुपर्दछ भनी भनेकोले यिनले आफू यहाँ रहँदासम्म नित्य पूजा गर्दै रहे। नित्य पूजा गर्ने परम्परा यिनैले

यसपछि आफ्नो अज्ञानतामय जीवनप्रति पश्चात्ताप गर्दै दरबारमा आई पुनः खाटमा सुतेर निदाएछन् पनि। उठदा खाटमा नै सहज रूपमा अघि अघि जस्तै अबोध बालिका सरीकी रानीलाई सँगै देखेछन्। राजा अति विस्मित भए।

पत्नीको रूपमा विधिपूर्वक ग्रहणगरी ल्याएकी लीलावती चन्द्रमुखी रानीलाई दाम्पत्यभावबाट पुरै पृथक गरेपनि देवत्वभावमा सम्झन थाले राजा राम शाहले। तर महिषी महिमावतीले यथावत् पतिभाव राखी रहिन्। यिनलाई राजाले आफूलाई चिनेको भाव कत्ति पनि जताइनन्।

राजा राम जस्ता राजा राम शाहको केही कालपछि स्वर्गारोहण भयो। सीताजस्ती रानी लीलावती पनि सती जान तत्पर भइन्। धर्मावती (दरौंदी) र कर्मदा (मर्स्याङ्दी) नदीको सङ्गमस्थल आँबु खैरेनी नजीकको नदीतिरमा सजाइएको चितामा राजा रानी दुवै नै भस्मसात् भएसँगै पार्थिव शरीरको रूपमा।

ज्ञानी सिद्ध थापाले महारानी को थिइन् भन्ने चिनेका हुनाले अब भगवतीको सान्निध्य नपाइने स्थितिमा आमा बिनाका सन्तान सरह हुने विचारले हृदयबाटै विलाप गर्नलागे। चितामा चढ्न अघि म तिम्रै समीपमा रहनेछु भनी सिद्ध लखन थापालाई महारानी लीलावतीले सान्त्वना दिएकी थिइन्।"

भगवती मनःकामनाको उपक्रम रचेर द्रव्यशाहवंशीय राजा रानीको चारित्रिक वर्णन गरिंदा अवश्य पनि पाठकहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बसालेका थिए।

माता मनःकामनाको मन्दिर निर्माण गर्दै रहने पूजाखर्चको व्यवस्था मिलाउँदै जाने आदि कार्य राजा रामशाहका वंशजहरूबाट हुँदै गयो, हुँदै पनि रह्यो।

सिद्ध लखन थापाको स्वर्गारोहण भएपछि पनि उनैको वंशज लायोवंशी थापाहरूले नै त्यहाँ पूजा गर्दै आएका छन्।

लीलावती रानीको बारेमा अर्को किंवदन्ती पनि सुनेको थिएँ मैले गोरखामा। राजा रामशाहले आफ्नी महिषी लीलावतीको सबै लीलाबारे चियो चर्चा गरेको थाहा पाएपछि लीलावतीले आफ्ना स्वामी महाराजलाई चक्रवती राजा बन्ने हजूरको चाहना अब पूरा हुँदैन, हजूरकै वंशका कुनैबाट पुरा हुनेछ, भनी भनेकी थिइन्।

सिद्ध लखनथापाका सम्बन्धमा पनि मैले यस्तो सुनेको थिए। उनले श्रीमनःकामना भगवतीको नित्यपूजा आदिको राम्रो व्यवस्था मिलाएको केहीपछि वृद्धावस्थामा पनि विभिन्न तीर्थहरूको भ्रमणमा निस्केका थिए। १२ वर्षसम्म पनि उनी फर्केर घर न आएपछि उनका वंशज तथा स्थानीयहरूसमेतले उनको मरणपछिको क्रियाकाष्ट्य गरिदिनु उचित ठानी गरिदिएछन्। यसको केही समयपछि उनी घर आउँदा बाटोमा नै कसैले क्रिया भइसकेको कुरा सुनाइदिएछन्। अनि आफ्नो गाउँघरमा थाहा नदिई न पसी कुनै एक गुफा निर्माण गरेर त्यहीं नै अन्तर्धान भए। त्यो दिन वैशाख पूर्णिमाको दिन हुनाले यसैदिन उनका वंशहरूले धेरैपछि कुलपूजा त्यसै सिद्धगुफामा गर्ने गरेका छन्। अझै पनि सिद्ध लक्ष्मण थापा हिमालयमा छन् भन्ने पनि सुनिएको थियो। यस सिद्ध गुफा र श्रीगुरु गोरखनाथको गुफाको अन्तरसम्बन्ध रहेको पनि बताइएको थियो।

राम शाहका डम्बर शाह, यिनका कृष्ण शाह, यिनका रुद्र शाह, यिनका पृथ्वीपति। यिनै अत्यन्त धार्मिक पृथ्वीपतिले मनःकामना माइको आजको मन्दिरको रूपाकृति दिएका हुन् भनिन्छ।

यस मन्दिरमा गणेश, कुमारी श्वेतभैरव, अष्टमातृका-लगायतका देवी देवता छन्। यी सबैका त्यहाँ दर्शन र पूजन गर्न पाउँछन् भक्तहरूले। यसै शाहवंशका बडामहाराजा पृथ्वीनारायण शाहले मनःकामना माइको नित्य पूजा राम्रोसँग निरन्तर चलिरहोस् भन्ने अभिप्रायले बक्राङ्गगाउँमा पहिलो पल्टमा २०० मुरी धान आउने जग्गा र नेपाल एकीकरण भएपछि ८०० मुरी धान आउने जग्गाको गुठी राखिदिएका छन्। त्यस समयमा यस गुठीबाट नित्य पूजा तथा पर्वपूजाका निमित्त पर्याप्त पुग्दथ्यो। तर अब उस बेलाको भाउ मूल्यमा राखिएको व्यवस्थाले राम्ररी काम चल्न कठिन पर्दछ।

त्यहाँ श्रावण महिनामा र एकादशी, औँसी, शिवरात्रीहरूमा तथा पितृपक्षमा बलि चढाइँदैन। साधारण पूजा मात्र गरिन्छ। पूजकले आँफैले पकाएको महाप्रसाद चढाइन्छ। नित्यपूजा गोप्य हुन्छ। यस पूजालाई 'चापूजा' भन्दछन्। पर्वहरूमा विशेष पर्वपूजा हुन्छ। नवरात्रमा बलि पनि गुठीबाटै दिइने व्यवस्था छ। भक्तहरूबाट भने निषिद्ध तिथिका दिन बाहेक ल्याएका हाँस, कुखुरा, बोका, राँगा, भेडा आदि पञ्च बलि पनि प्रतिदिन चढ्दछ। यहाँ भक्कल गरेर आफ्नो कामना पुरा भएपछि त्यस प्रकारको बलि पूजा आदि पनि चढाउँछन्। सजीव नगर्नेले नरिवल, कुभिण्डो आदिको पनि बलि दिन्छन्।

यस मन्दिरमा साविक व्यवस्था अनुसार यहाँका "अर्याल" ब्राह्मणहरू पुरोहित मानिएका छन् भने "मरहट्टा" ब्राह्मणहरू पाठक जापक मानिन्छन्। चतुर्मासमा श्रीमद्देवीभागवतको पाठ गर्दछन्।

प्रतिवर्ष मार्गकृष्ण पञ्चमीमा यहाँ गुठी संस्थानबाट मेला लगाइन्छ। यसलाई प्रसिद्ध पर्वमेला मानिन्छ।

यसप्रकारको नित्य नैमित्तिक, पर्व, भक्कल आदि पूजाको अतिरिक्त "वर्षबन्धन" नामक पूजा वैशाख र कार्तिकमा दुई पटक काठमाण्डौका तान्त्रिक गुभाजुहरू त्यहाँ गएर गर्ने गर्दछन्। यो पूजा कार्तिकशुक्ल चतुर्दशीबाट मार्गकृष्ण पञ्चमीसम्म र वैशाखशुक्ल चतुर्दशीबाट ज्येष्ठ कृष्ण अष्टमीसम्म गरिन्छ।

मन्दिर पृथ्वीपति शाहले बनाएकोमा पछि सुवर्णद्वार चाहिं शूर वीरनामक राना मगरले चढाएको भन्ने र वाहन सिंह चाँहि चीफ कर्णेल गङ्गाबहादुरले चढाएको भन्ने अभिलेख त्यहाँ छ। त्यस्तै विभिन्न श्रद्धालु भक्तहरूले घण्टहरू चढाएका छन्। जसका नाम घण्टहरूमा नै कुँदिएका पनि छन्।

मनःकामना मन्दिरको स्वर्णमय गजूर राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले आफ्नी रानीको कानमा लगाउने गहना समेत मिलाई बनाएर चढाएको भनिन्छ। साथै ठूलो राम्रो घण्ट पनि उनले चढाएका थिए।

अन्तमा मनःकामना भगवती माता अपूर्ववरदायिनी छन्। यिनका कृयाका कथाहरू बूढापाकाहरू धेरै सुनाउँछन्। ती सब यस लघुलेखमा समावेश गर्न सकिने कुरा पनि भएनन्। यसैले पाठकहरू आँफै त्यहाँ मनःकामना पुगी माताको दर्शन आदि गरेमा आफू लाभान्वित भए नभएको आँफै अनुभव गर्नु हुन सादर निवेदन गर्दछु।

चिद्‌रूपा परदेवता भगवती श्रीराजराजेश्वरी,
नौमि त्वां मम कामना दिशतु मे राज्ञी मनःकामना ॥

भन्ने प्रार्थना गर्दै लेखको विस्तार गर्न विराम लिन्छु। शुभमस्तु।

☆☆☆

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेमराज (शर्मा) पौडेल

भगवान् श्रीपशुपतिनाथ र श्रीढुकुटी

पशुपतिनाथको ऐतिहासिक महत्त्व र भण्डार-व्यवस्था

विश्वभरका सनातन धर्मप्रति आस्था राख्ने मानवसमुदायले भगवान् श्रीपशुपतिनाथलाई श्रद्धाको दृष्टिले हेर्दछन्। पशुपतिनाथको उत्पत्ति कहिले भएको थियो भन्ने कुनै प्रामाणिक आधार भेटिएको छैन। आदिकालमा ज्योतिका रूपमा यही पाशुपत क्षेत्रमा प्रकट भएर शिवजीले यस पुण्यभूमिलाई आफ्नो आश्रयस्थल र विहारस्थल बनाउनुभएको भन्ने पौराणिक कथाहरूमा आधारित आख्यानहरू धेरै पाइन्छन्। अतिप्राचीन समयमा ज्योतिको रूपमा प्रकट भएका भगवान् शिवको सर्वकल्याणकारी स्वरूप नै पशुपतिको स्वरूप हो भन्ने धार्मिक मान्यता छ। नेपालको इतिहासमा उल्लिखित गोपालवंशी र किरातवंशी शासकहरूका शासनकालमा भगवान् श्रीपशुपतिनाथको पूजा कुन खास विधिबाट गरिन्थ्यो भन्ने कुरा स्पष्ट छैन। तर त्यसबेला पनि प्राचीन कालदेखि चलिआएको वैदिक पूजाविधिलाई आधारभूत रूपमा अपनाइएको अनुमान छ। लिच्छविकालमा देवीदेवताको पूजा वैदिक पद्धतिद्वारा गर्ने परम्परालाई सामान्य रूपमा अङ्गीकार गरिएको थियो। मल्लकालमा चाहिँ पशुपतिनाथको पूजामा तान्त्रिक तथा वैदिक विधिको प्रयोग भएको र त्यहाँ तत्कालीन राजा रजौटाहरूद्वारा यदाकदा बहुमूल्य सम्पत्ति चढाउने गरिएको भन्ने ऐतिहासिक प्रसङ्गहरू चर्चामा आएका छन्। यसै सिलसिलामा ने.सं. ४२७(वि.सं. १३६४) को श्रावणशुक्ल सप्तमीका दिन राजा अनन्त मल्ल देवले आफ्ना भण्डारको सारा सम्पत्ति पशुपतिनाथलाई चढाएको भन्ने उल्लेख पाइएको छ। पशुपतिनाथका मन्दिरको निर्माण तथा जीर्णोद्वार पनि पटक पटक भएको कुरा तथ्यसङ्गत छ। तत्कालीन नेपाल (काठमाडौं उपत्यका)का कतिपय राजाहरूले विभिन्न ठाउँमा युद्ध गर्दा जितेर ल्याएका सम्पत्तिको केही भाग पाशुपतिनाथमा चढाउने गरेको भन्ने उल्लेख पाइन्छ। तीबाहेक आर्थिक दृष्टिले सम्पन्न अरू भक्तजनहरूबाट पनि पशुपतिनाथमा सम्पत्ति चढाउने गरिन्थ्यो। यसबाट पशुपतिनाथको मन्दिर बनाएर पूजा गर्ने परम्पराको थालनी भएपछि त्यहाँ मन्दिरपरिसरमै देवताका नाममा एउटा भण्डार वा ढुकुटीको व्यवस्था गरी क्रमशः सो व्यवस्थालाई सुदृढ पार्दै जाने काम भएको थियो भन्ने कुरा बुझ्न सकिन्छ।

वि.सं. १४०६ को मङ्सिर महिनामा बङ्गालमा सुल्तान समसुद्दीनले आक्रमण गरी हिन्दू देवीदेवताका मूर्ति र मन्दिरहरू भत्काउने सिलसिलामा त्यसै महिनाको कृष्णपक्षको नवमीका दिन पशुपतिनाथको मन्दिर र शिवलिङ्गसमेत भत्काई त्यहाँको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पत्ति लुटेको हुँदा पशुपतिनाथको भण्डारमा रहेको कोष यथावत् रहन सकेन। उक्त घटनाको एघार वर्षपछि वि.सं. १४१७ मा तत्कालीन भक्तपुरका राजाको राज्यसत्ताअन्तर्गत बनेपातिर शासन गर्ने राजा जयसिंहरामले पशुपतिमन्दिरको जीर्णोद्वार गरी नयाँ शिवलिङ्ग समेत बनाई स्थापना गरेको भन्ने उल्लेख पाइन्छ। यस विषयमा उनका परिवारजनद्वारा इन्द्रेश्वर मन्दिरमा राखिएका अभिलेखको निम्नलिखित पङ्क्तिबाट पनि भगवान् पशुपतिनाथको पुनः स्थापना उनले गराएको कुरा बुझ्न सकिन्छः–

अत्रासीज्जयसिंहरामनृपतिः प्रख्यातभूमण्डले।
श्रीमान् श्रीभगवान् शिवः पशुपतिर्येन प्रतिष्ठापितः॥

हालको पशुपतिनाथको मन्दिरमा जीर्णोद्वारको काम पटक पटक भए पनि जयसिंहरामद्वारा निर्मित शिवलिङ्ग चाहिँ यथावत् रहेकाले त्यसको जीर्णोद्वारा गर्नु नपरेको भन्ने भनाइ विज्ञहरूको छ।

माथि बताइएअनुसार राजा अनन्त मल्लले आफ्ना भण्डारको सम्पत्ति पशुपतिनाथमा चढाएपछि पशुपतिनाथका भण्डारको रेखदेख गर्ने भण्डारीहरूलाई पशुपतिक्षेत्रमा बसाएर उनी आफू चाहिँ बनेपातिर बस्न गएको भन्ने उल्लेख पाइन्छ। तर राजा यक्ष मल्लका पालामा पशुपतिक्षेत्रको देवपत्तन (देउपाटन) मा बसाइएका नेवार भण्डारी (भँडारी)हरू नै त्यहाँका खास भण्डारी हुन् भन्ने भनाइ बढी तथ्यसङ्गत देखिन्छ। त्यसरी पशुपतिनाथको भण्डार (कोष)को सुरक्षार्थ खटाइएका नेवार भण्डारीहरू एकै ठाउँका नभएर सिमरौनगढ, टोखा र बनेपाबाट छानेर ल्याई देवपत्तनमा बसाइएका नेवार जातिका व्यक्तिहरू थिए र उनीहरूको वंशपरम्परा अझै कायम छ भन्ने कुरा स्थानीय भण्डारी परिवारकै एकजना पुराना सदस्यबाट जानकारीमा आएको छ। चार समूहमा विभाजित ती भण्डारीहरू आफ्नो रोलक्रमको पालोमा सतर्कताका साथ तैनाथ रही पशुपतिनाथको पूजामा मन्दिरको पश्चिम ढोकातिरबाट भट्ट पुजारीहरूलाई सहयोग गर्ने र तोकिएको विधिअनुसार कोषको रेखदेख गर्ने गर्दछन्। मन्दिरको काममा उनीहरूको सहयोगका लागि विसेट (नेवार जातिकै मन्दिररक्षकहरू) पनि रहने व्यवस्था छ। खास गरी पशुपतिनाथको **श्रीढुकुटी** अर्थात् मूल ढुकुटीको सुरक्षित व्यवस्थापनमा मूल भण्डारी र विसेट नाइकेको भूमिका महत्त्वपूर्ण हुन्छ। पशुपतिनाथको मूल ढुकुटी **श्रीढुकुटी**को नामबाट बढी परिचित छ।

श्रीढुकुटीको संरक्षण र प्रवर्धन

वि.सं. २०६१ को साउन महिनामा सोपान मासिक पत्रिकामा **हिमकर** उपनाम राखी प्रकाशित भएको मेरो लेख त्यसबेला पशुपतिक्षेत्रको व्यवस्थापनप्रति चासो राख्ने प्रबुद्धवर्गबीच चर्चाको विषय बनेको थियो। त्यसको शीर्षक थियो 'पशुपतिनाथको श्रीढुकुटी देशको अमूल्य सम्पदा'। त्यस लेखमा पशुपतिक्षेत्रसँग सम्बन्धित केही महत्त्वपूर्ण व्यक्तिहरूसँग सम्पर्क राखी तथ्यहरू उद्घाटित गर्ने प्रयास भएको थियो। यसपालि यस क्षेत्रका खास व्यक्तिहरू महाशिवरात्रिको मेलासम्बन्धी काममा व्यस्त रहेकाले थप तथ्यहरूको सङ्कलन हुन सकेन। हालको स्थितिमा झट्ट हेर्दा



पशुपतिक्षेत्रको व्यवस्थापनमा निकै सुधार भएको देखिन्छ। तर पनि देशकै पुरानो र अत्यन्त महत्त्वपूर्ण उक्त **श्रीढुकुटी**को सम्वर्धन र व्यवस्थापनमा सन्तोषजनक सुधार हुन नसकेको अनुभव भएको छ।

पशुपतिनाथको मन्दिरपरिसरभित्र ठाउँ ठाउँमा भक्तजनहरूद्वारा चढाइएको रकम खसाल्न मिल्ने ठूलठूला बन्दी दानपात्रहरू राख्ने काम हुनु, पुजारी भट्ट तथा भण्डारी आदिका लागि निश्चित पारिश्रमिक तोकी पशुपतिनाथमा चढाइने रकम उनीहरूले अपारदर्शी रूपमा लिन नपाउने व्यवस्था हुनु जस्ता सकारात्मक कुराहरू भएकोले पुरानो गलत परम्परामा सुधारका लक्षणहरू देखिएका छन्। तर अझ पनि श्रीढुकुटीका सम्पत्तिको यथार्थ विवरण कस्तो छ र सो ढुकुटीमा सम्पत्ति खादिला गर्न जाने मूल भण्डारी र विसेट नाइकेको विश्वसनीयतामा मात्र भरपर्ने अवस्थामा सुधार भएको छ, छैन भन्ने कुरा बाहिर नआउँदा त्यसको संरक्षणमा चासो राख्ने विज्ञहरू अन्यौलमा छन्। पहिले जस्तै उक्त

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीढुकुटीमा दाखिला भएको वार्षिक सम्पत्ति न्यून मात्रामा देखाई सरोकारवालाले सो सम्पत्तिको दुरुपयोग गर्ने काम अझ पनि कुनै रूपमा भैरहेको छ कि भन्ने कुरातर्फ सरकारी निकाय र यस क्षेत्रको संरक्षण तथा विकासको जिम्मेवारी पाएको पशुपति क्षेत्र विकास कोषले विशेष ध्यान पुऱ्याउन आवश्यक देखिन्छ। वास्तवमा नेपाल राष्ट्रका आराध्यदेव भगवान् पशुपतिनाथको उक्त **श्रीढुकुटी** अझ पनि समुचित संरक्षण र प्रवर्धनको प्रतीक्षामा रहेको छ भन्नुमा अत्युक्ति हुनेछैन।

स्थानीय भण्डारीहरूबाट जानकारी प्राप्त भएअनुसार पशुपतिनाथको मन्दिरभित्र रहेको **श्रीढुकुटी**मा विसेट नाइकेको सहयोग लिएर सुन, रत्नलगायतका बहुमूल्य सम्पत्ति दाखिला गर्ने काम मूल भण्डारीद्वारा हुने गर्छ। मन्दिरनजिकै रहेको **श्रीपशुपति गोश्वारा र भद्रकालीस्थित गुठी लगत तथा अभिलेख शाखा**ले समेत पशुपतिनाथका सम्पत्तिको सुरक्षासम्बन्धी व्यवस्था गर्छन् भन्ने कुरा प्रकाशमा आएको छ। तर यी कुराहरू कति विश्वसनीय र पारदर्शी छन् भन्ने खोजीको विषय हुन सक्छ। यसै सिलसिलामा विचार गर्दा **श्रीढुकुटी**मा जाने भऱ्याङसम्म विसेट नाइकेलाई साथमा लिई एक्लै मूल भण्डारीद्वारा उक्त ढुकुटीमा सम्पत्ति दाखिला गर्ने प्रक्रियालाई पारदर्शी मान्न सकिन्न भन्ने तर्क पनि आउन सक्छ। सयकडौं वर्षअघिदेखि अपारदर्शी रूपमा बहुमूल्य धातुहरू कोषमा थुपार्दै जाने र त्यसबाट मन्दिरमा समेत कुनै रचनात्मक काम नहुने, त्यसको यथार्थ लेखा- जोखासमेत अस्पष्ट रूपमा राखिने कुराहरू अझ पनि विवादको घेराबाट मुक्त छैनन्। यस्तो महत्त्वपूर्ण कोषको रूपमा रहेको उक्त ढुकुटीलाई प्रवर्धनात्मक ढङ्गले विकसित गर्ने विधिहरूको अवलम्बन गरेर त्यसमा सुधार ल्याउनु आजको आवश्यकता हो। यसको लागि कुनै प्रकारको राजनैतिक हस्तक्षेप नहुने गरी धर्मप्रति आस्थावान् नैतिक आचारण भएका विशेषज्ञहरूको विशेष समिति बनाई सुझाव लिनु उपयुक्त हुनेछ।

पशुपतिनाथमा पूजाको व्यवस्थापन

पशुपतिनाथको मन्दिरमा पूजाको समुचित व्यवस्था गर्ने र सो मन्दिरमा रहेका सम्पत्तिको भण्डार (ढुकुटी) लाई व्यवस्थित रूप दिने विषयमा वेदान्त दर्शनको अद्वैत सिद्धान्तका प्रवर्तक जगद्गुरु शङ्कराचार्यको नाम जोडिएर आएको देखिन्छ। तर ऐतिहासिक तथ्यहरूबाट प्राप्त निष्कर्षमा केही भिन्नता रहेको छ। जगद्गुरुको उपाधिद्वारा विभूषित आद्य शङ्कराचार्य आफ्ना सिद्धान्तको प्रचार-प्रसार र शास्त्रार्थ गर्ने सिलसिलामा राजा शिवदेवका पालामा नेपाल आउनुभएको र उहाँले पशुपतिनाथको दर्शन गर्नुभएको भन्ने सामान्य उल्लेख पाइए पनि छेटे समयको लागि नेपाल आउनुभएका आद्य शङ्कराचार्यबाट पशुपतिनाथमा पूजाको व्यवस्था, आगमघरको स्थापना र भण्डार सुव्यवस्थित गर्ने काम भएको भन्ने समेत कुनै ऐतिहासिक प्रमाण उपलब्ध छैन। वि.सं. ८४५ (७८८ ई.) मा दक्षिण भारतका केरल राज्यमा जन्मेका अद्वैत वेदान्तका प्रवर्तक जगद्गुरु शङ्कराचार्यले विभिन्न देशमा शास्त्रार्थद्वारा विद्वान्हरूकालाई पराजित गरी आफ्ना अद्वैत सिद्धान्तको मान्यता स्थापित गर्नुभएको थियो। यसै सन्दर्भमा उहाँले भारतका केही प्रसिद्ध स्थलहरू (जगन्नाथ पुरी, द्वारका, काशी र कश्मीर)मा शङ्कराचार्य मठ वा पीठको स्थापना गर्नुभयो र त्यहाँका प्रमुख सन्न्यासीलाई शङ्कराचार्य उपाधि दिने परम्परा कायम भयो। उनै जगद्गुरु आद्य शङ्कराचार्यको शिष्यपरम्पराका सन्न्यासीहरूमध्ये काशीको आमर्दक मठ (अग्निमठ)का शङ्कराचार्य उपाधिधारी प्रमुख सन्न्यासी वि.सं. ११५९-६० मा नेपाल आउनुभएको भन्ने ऐतिहासिक उल्लेख पाइन्छ। काशीपीठका शङ्कराचार्यद्वारा नै पशुपतिनाथको दर्शन र पूजापछि त्यहाँको व्यवस्थापनमा समेत सुधारको काम भएको भन्ने कुरा प्रमाणसङ्गत छ। उहाँले नै पशुपतिनाथमा वैदिक तथा तान्त्रिक विधिबाट नित्यपूजा गराउन दक्षिण भारतको कर्णाटकतिरबाट शुद्ध आचारनिष्ठ ब्राह्मण झिकाउने व्यवस्था गर्नुभएको थियो र पशुपतिनाथको मन्दिरनिर आगमघरको स्थापना तथा पशुपतिनाथको भण्डारको सम्पत्ति संरक्षित गर्ने व्यवस्थामा सुधार समेत गर्नु भएको थियो भन्ने उल्लेख पाइन्छ।

शङ्कराचार्यको नेपाल आगमनभन्दा पहिलेदेखि नै पशुपतिनाथको मन्दिर अस्तित्वमा रहेको र त्यहाँ नित्यपूजाको व्यवस्था समेत रहेको कुरामा शङ्का गर्नुपर्ने देखिँदैन। तर त्यसबेला मन्दिरको स्वरूप कस्तो थियो र त्यहाँ पूजा गर्ने विशेष व्यवस्था कुन प्रकारको थियो भन्न सकिने स्पष्ट आधार छैन। समय समयमा मन्दिरको आवश्यक जीर्णोद्धार र थप निर्माणको कार्य तत्कालीन राजा-रजौटा र भारदार जस्ता गण्यमान्य व्यक्तिहरूबाट हुने गर्थ्यो। वि.सं. १४०६ मा बङ्गालका सुल्तान समसुद्दीनले मन्दिर भत्काएर लुटपाट गरेपछि वि.सं. १४१७ मा राजा जयसिंहरामले जीर्णोद्धार गरिदिएको कुरा माथि उल्लेख भएकै छ। त्यसपछि पनि पशुपतिनाथका मूल मन्दिरको जीर्णोद्धार र त्यस मन्दिरको वरपर अन्य संरचनाहरूको निर्माण तथा जीर्णोद्धार समय समयमा हुने गरेको भए पनि मन्दिरभित्र पूजा गरिने पाँचमुखे प्रस्तर शिवलिङ्ग यथावत् रहेकोले त्यसमा परिवर्तन नगरिएको भन्ने विज्ञहरूको भनाइ छ।

काशीपीठका शङ्कराचार्यबाट पशुपतिनाथको पूजा तथा व्यवस्थापनसम्बन्धी नियम बसालिनुअघि र त्यसपछि पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही समयसम्म पशुपतिनाथको पूजा सदाचारमा रहेका विज्ञ सन्न्यासी पुजारीहरूबाट हुने गरेको थियो। सन्न्यासी पुजारीको व्यवस्था हुनुअघि प्राचीन कालमा पशुपतिनाथका पुजारीको काम कोबाट कसरी गराइन्थ्यो भन्ने तथ्यपूर्ण आधार पाइएको छैन। काशीपीठका शङ्कराचार्यको सिफारिसमा झिकाइएका दक्षिण भारतीय भट्ट ब्राह्मणहरूले सुरुमा आगमघरमा पूजा गर्ने गरेको भन्ने उल्लेख पाइए तापनि उनीहरूले कहिलेदेखि पशुपतिनाथका पूजाको जिम्मेवारी सम्हालेका थिए र त्यसबेलाका प्रथम भट्ट पुजारी को थिए भन्ने कुरा स्पष्ट हुन सकेको छैन। वि.सं. १५४१ देखि १५७७सम्म काठमाडौंमा राज्य गरेका राजा रत्न मल्लले आफ्नो शासनकालमा पशुपतिनाथका मूल पूजाको काम भट्टहरूका हातबाट झिकी पुनः सन्न्यासी पुजारीहरूबाट गराउन सुरु गरेका थिए। उनका पालामा भारतबाट आएका स्वामी सोमशेखरानन्द नामका एकजना विद्वान् सन्न्यासीबाट प्रभावित भएर ती राजाले उनैलाई पशुपतिनाथका पुजारीको काम दिएका थिए भन्ने उल्लेख पाइन्छ। यसरी सुरु भएको सन्न्यासीहरूबाट पूजा गराउने परम्परा वि.सं. १७९२-९३ सम्म कायमै थियो। वि.सं. १७९२ मा पशुपतिनाथका अन्तिम सन्न्यासी पुजारीको रूपमा स्वामी कपिलानन्द कार्यरत रहेको भन्ने उल्लेख पाइन्छ। उनले कहिलेसम्म सो पुजारीको दायित्व सह्याले भन्ने कुरा स्पष्ट भएको छैन।

वि.सं. १७७०-८० को दशकतिर काठमाडौंमा राज्य गरेका राजा जगज्जय मल्लका पालामा दक्षिण भारतीय ब्राह्मण केशव भट्ट पशुपतिपरिसरकै आगमघरको पुजारीका रूपका कार्यरत रहेका थिए भन्ने उल्लेख पाइएको छ। उनका नाति साम्बरसदाशिव भट्टले समेत आगमघर र पशुपतिनाथ मन्दिरको नजिकमा रहेका विभिन्न देवीदेवताको पूजा गर्ने परम्परालाई कायम राखेका थिए। वि.सं. १८०० को आसपासमा पशुपतिनाथको पूजासम्बन्धी मुख्य जिम्मेवारी दक्षिण भारतीय मूलका भट्ट ब्राह्मणहरूमा गएको देखिन्छ। पशुपतिनाथको पूजा गर्ने दोस्रो भट्ट-परम्पराका प्रथम भट्ट पुजारी कृष्ण भट्ट थिए भन्ने कुरा पशुपतिक्षेत्रका विज्ञ संस्कृतिविद् डा. गोविन्द टण्डनबाट जानकारीमा आएको छ। त्यसबेलादेखि पशुपतिनाथमा पूजा गर्ने भट्ट पुजारीहरूको परम्परागत व्यवस्था अद्यापि कायमै रहेको छ।

पशुतिनाथको पूजा गर्ने भट्ट पुजारीहरूको परम्परागत पद्धतिमा प्रश्न उठाउने ठाउँ नदेखिए पनि कतिपय भक्तजनहरूद्वारा सीधै पुजारीहरूका हातमा रकम दिई उनीहरूमार्फत पशुपतिनाथमा विशेष पूजा गराउने प्रचलन अझै पनि आंशिक रूपमा कायम रहेको देखिँदा कतै अभिलेख नरहने त्यस्तो अपारदर्शी व्यवस्थामा सुधार हुन आवश्यक छ। भगवान्का मन्दिरमा व्यक्तिगत लाभ लिने उद्देश्यले पूजा र प्रसाद वितरण गर्ने, गराउने प्रचलनलाई उचित मान्न सकिन्न। यसको साथै पशुपतिनाथको बहुचर्चित **श्रीढुकुटी**ले उचित संरक्षणको प्रतीक्षा गरिरहेको कुरा बिर्सनु हुन्न। उक्त बहुमूल्य **श्रीढुकुटी**को सम्पत्तिमा चुहावट हुन सक्ने सम्भाव्यतातर्फ सजग रही त्यसको सम्वर्द्धन गर्ने विषयमा समयमै ध्यान दिन आवश्यक देखिएको छ।

सन्दर्भ-सामग्री

१. पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन-डा. गोविन्द टण्डन
२. नेपाल निरूपण - ज्ञानमणि नेपाल
३. सोपान मासिक पत्रिका २०६१, साउन - मकालु प्रकाशन
४. स्थानीय भण्डारीहरूसँग भएको कुराकानी।

☆☆☆

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डा. गोविन्द टण्डन

निहित

स्वार्थबाट माथि उठौं

धेरैजसो मानिसको आन्तरिक स्वभाव जिम्मेदारी लिनै नचाहने हुन्छ, त्यसबाट उम्कन हरदम अनेक तरहबाट प्रयास गरिरहने भनौं न एक किसिमको गैरजिम्मेवार प्रवृत्तिको हुन्छ। आश्चर्य कहाँनिर लाग्न सक्छ भने फेरी यस्तै व्यक्ति अवसर पाएदेखि के-के न गरेर देखाउँछु भनेर गुट्टी हाँकिरहेको हुन्छ। यस्तो कसरी हुन सक्छ ? यो जो कसैको मनमा स्वाभाविक रूपले उब्जन सक्ने प्रश्न हुन सक्छ । कि त यस्तो व्यक्तिले आफैँलाई चिनेको हुँदैन कि त उसले अवसरको महत्त्व नै बुझेको हुँदैन । यस परिस्थितिमा अनेक बहानाबाजीको परिलकल्पना हुनु, अरू कसैको कारणले केही गर्न सकिएन भन्नु वा दोष अर्कालाई दिने प्रयास गर्नु यस्तै-यस्तै हुन सक्छ त्यसभित्रको अन्तर्कथा !

गल्ती गर्ने मानिसको स्वभावै पनि यस्तो हुन्छ कि उसले आफ्नो भन्दा अर्काको गल्तीलाई उजिल्याईरहेको हुन्छ मानौं उसमा कतै कुनै दोषै छैन। यस्तो प्रवृत्ति राख्नेहरूको भीड हिजोभन्दा आज, आजभन्दा भोलि गर्दै बढ्ने वातावरण झन्-झन् सृजना हुँदै गइरहेको छ । यसो हुनुमा अरू कसैको होइन हामीले नै सृजना गरेको मूल्य-मान्यता, विचार, धारणा, संस्कार र परिस्थिति नै धेरै हदसम्म जिम्मेवार छ भन्दा फरक पर्दैन। यसलाई द्रुतरूपले बढाउन राजनैतिक वाद, कुनै निश्चित विचारधाराद्वारा सृजित परिस्थिति, राज्यव्यवस्थाको रवैया पनि कुनै न कुनै रूपले साझेदार भएको छ भन्दा हुन्छ। ल्याकत, क्षमता, प्रतिभा र ज्ञानको होइन "असल र गुणी, सज्जन, क्षमतावान् सबै हाम्रा नभई हाम्रा सबै राम्रा" भन्ने पलपिँदो संस्कारले नै यस्तो प्रवृत्तिलाई मलजल गरेर हुर्काउन मद्दत गरिरहेको छ। यो यहाँ-उहाँ भन्ने छैन सबैतिर बढ्दै गइरहेको छ। साँच्चै भन्ने हो भने यो जताततै उर्वर बन्दै गइरहेको छ। आ-आफ्नै निहित स्वार्थको खेलले काम गरिरहेको हुन्छ जुन सबैले थाहा पाएका हुँदैनन् ।

समानता र समरसताको कुरा भाषणमा हुन्छ, नीतिमा, कार्यक्रममा हुन्छ, ऐनको ढड्डामा हुन्छ यथार्थता र व्यवहारमा त्यो देख्न पाइने अत्यन्त दुर्लभ छ सबैतिर । आफ्नाले छुट र सजाय नै भोग्नु नपर्ने वा आँखा चिम्लिदिने वा थाहा पाए पनि थाहा नपाएजस्तो गरी बसिदिने यत्रतत्रको धरातलीय यथार्थलाई हेर्दा कस्तो अनुभूति होला सर्वसाधारणलाई कल्पना गरौं त ! कति डरलाग्दोसँग यस्तो प्रवृत्तिले बढावा पाउँदै गइरहेको छ। यस परिस्थितिमा स्वतन्त्रताका कुरा के सही रूपमा चरितार्थ हुन सक्ला ? शङ्कै छ। यस्तै मत्स्यन्यायको बोलाबाला अहिलेदेखि होइन उहिलेदेखि हुनेखानेको, बलियाको, शक्ति हुनेको बलियो हतियार बनेर आएकै हो। यसैले सामन्ती सोच र संस्कारलाई जन्माएको हो, बढाएको हो। समयले शैलीमा केही परिवर्तन गरेको होला या भिन्न रूपमा प्रस्तुत भएको हुन सक्ला तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिणाम उही कटुताले भरिएको, तिक्तताले पूर्ण हुनाको कारण त्यहाँ कुनै भिन्नता नदेखिन सक्छ। सकाध कुनै यसभन्दा फरक परिणामलाई हेरेर, देखेर वा भोगेर हामीले कहीँ पनि कतै पनि अन्याय हुँदैन वा छैन भन्न सक्ने परिस्थिति पाउन गाह्रो छ। जस्तोसुकै प्रजातान्त्रिक मुलुकै किन नहुन्। त्यहाँ पनि कुनै भिन्न र स्वतन्त्रतापूर्वक बाँच्न सक्ने वातावरण नबनी सकेको भोगाई अधिकांशको हुने गरेको अनुभूति देख्न, सुन्न पाइन्छ।

कहाँ के हुने हो कसैलाई थाहा छैन किनभने मानिसले नै डर, खतरा र भयलाई जानी नजानी सिर्जना गरिरहेको तर्फ तपाईंहरू कत्तिको सजग हुनुहुन्छ। मानिसकै उर्वर दिमागका अनुसन्धान र आविष्कारका कतिपय वस्तु र इकाइहरूले क्षण–क्षणमा भय सिर्जना गरेको छ। नदी–खोला, समुद्र, हिंस्रक जनावर, भूत–प्रेतको भय त अब पुरानो र एकादेशको कुराजस्तो हुन लागिसक्यो। प्राकृतिक भय–त्रासभन्दा अप्राकृतिक रूपको भय–त्रासले मानिसलाई तर्साइ रहेको छ। भयलाई हटाउन निर्भयताको वातावरण निर्माण जरुरी छ। निर्भयताको जगेर्ना कसरी गर्ने ? कसले गर्ने ? कहिले गर्ने प्रश्नमाथि प्रश्न स्वाभाविक रूपले तेर्सिन्छन् तर समाधानको बाटोको कुरा आउँदा तँचुप–मँचुपको स्थितिले के उचित समाधान निक्लेला ? सोच्नुपर्ने बेला आइसकेको छ।

स्वच्छन्दता, उच्छृङ्खलता, विकृति र विसङ्गतिलाई जहाँतहीँ प्रश्रय दिने अनि अनुशासन, सुशासन, नैतिकता, जीवनमूल्यका कुरा गरेर केही काम लाग्ला ? पहिलो कुरा त विचारमा स्वतन्त्रता, चिन्तनमा मुक्तता, व्यवहारमा अनुशासन हुन सक्यो भने बल्ल स्वतन्त्रताको परिपक्व फूलसहित निर्भयता खिल्न सक्छ। तर स्वतन्त्र र उन्मुक्त वातावरणमा हुर्कन सक्ने, बढ्न सक्ने परिस्थितिलाई यसरी अतिक्रमण गरेर जानाजान अप्राकृतिक मात्रै नभनौँ भयग्रस्त संसारको निर्माणमा लागिपरिरहेका छौँ। शान्त चित्तले एकछिन तटस्थ भएर सम्झौँ त एकपछि अर्को गर्दै अनेकौँ मुटु नै जिरिङ्ग हुने किसिमको डरलाग्दा परिदृश्यहरू जता हेर्‍यो त्यतै आउन सक्छ वा अझ भनौँ देखिन सक्छ। आखिर सबै थरथराएका छन् सर्वत्र सृजना हुँदै गइरहेको भययुक्त परिस्थितिबाट ! यस्तो खतरनाक परिस्थिति जसले स्वतन्त्रतालाई होइन स्वच्छन्दता, उच्छृङ्खलता, वितखण्डन र दण्डहीनतालाई बढाइरहेको छ त्यसलाई निमिट्यान्न तुल्याउनेतर्फ स्वतन्त्रताको हनन हुन्छ भनेर भूल गरिरहेकोलाई कहिले बुझ्ने ? एउटा आलोकाँचो मानिस वा एउटा दिग्भ्रमित व्यक्तिले सजिलैसँग सैयौं व्यक्तिलाई गोलीको निसाना बनाउने अवस्थाको निर्माण हुँदै जाँदा पनि त्यसको मूललाई जरैदेखि खोजी त्यस्तो परिस्थिति आउन नदिनेतर्फ दृष्टि दिँदा मात्र ऐन–कानून वा सुरक्षाको घेरालाई बढाएर हुँदैन व्यक्ति–व्यक्तिको विचार र धारणामा रूपान्तर ल्याउने तथा मानवीय चेतनाको अभिवृद्धि गर्ने किसिमको आत्मिक विकासको प्रस्फुटन गर्ने, कुनै निश्चित धर्म, वादको परितुष्टि गर्ने होइन बरु ज्ञानलाई कसरी बढाउन सकिन्छ, चेतनाको स्तरलाई कसरी उद्दीपन गर्न सकिन्छ त्यसतिर ध्यान नजाने हो भने विश्वमा एक–दुई होइन अनेकौँ दुर्घटना निम्तिन सक्छ भन्ने कुरामा कुनै शङ्का छैन। मौजुदा परिस्थिति अझ भयावह हुँदै जाने कुरामा कहीँ प्रश्न गर्न सकिने ठाउँ छ र ?

मानिसको अन्तर्चेतनालाई सुस्त पार्ने वा मानवीय व्यवहारलाई पशुताको कोटीमा पुर्‍याउने खालका आहार, विहार,आनीबानी आजको संसारको सभ्यताको परिसूचकझैँ मानिने स्थितिमा सकारात्मक रूपमा परिवर्तन नआउञ्जेलसम्म विकृति, विसङ्गति एवं विध्वंशको परिपाटीले महत्त्व पाइरहनेछ जसको अर्थ हुन्छ मानवीय स्वभाव र संस्कारमा मलीनता वा ग्लानी ! मानिस–मानिसबीच जातको नाममा, वर्णको नाममा, रङ्गको नाममा, धनी–गरिबको नाममा, हुने र नहुनेको नाममा भेदभाव जहाँसम्म रहिरहन्छ तबसम्म मानवीयताको कुरा केवल कागजमा सीमित हुनेछ भन्नेमा विमति कसैको होला भन्ने लाग्दैन। यस्तै विडम्बनापूर्ण परिस्थितिले द्वन्द्व र अशान्तिलाई नचाँहदा–नचाहँदै पनि अग्रभागमा ल्याएर स्थापित गराइदिएको छ। द्वन्द्व र अशान्तिको परिवेशको जति वृद्धि हुन्छ त्यति नै मानिसमा रहेका सृजनशीलता, प्रतिभा, सीप र उन्नतिको पवित्र भावनाहरू स्वतः मर्दै जान्छन्। यसलाई मर्न नदिने हो र जगाउँदै मानवताको विकास र सम्बर्द्धनमा सहयोगी तुल्याउने हो भने विद्यमान जति पनि द्वन्द्व र प्रतिद्वन्द्वीताका कारकतत्त्व र कसरहरू छन् वा अशान्तिको काला बादल मडारिरहेका छन् तिनलाई विचार र धारणामा रूपान्तरण गर्न सक्ने सकारात्मक सोचाइको वातावरण सानै उमेरदेखि बनाइदिएर समग्रमा सामाजिक परिवेश यस्तो सृजना गर्नु पर्‍यो कि जहाँ कुनै किसिमको जातीय, धार्मिक, साम्प्रदायिक परिवेश यस्तो सृजना गर्नु पर्‍यो कि जहाँ कुनै किसिमको जातीय, धार्मिक, साम्प्रदायिक भेदभावको लेससम्म नहुने परिस्थिति निर्माण गर्दै विश्वव्यापीरूपले जुट्ने अवस्थाको सूत्रपात गरी सर्वत्र उदारता, व्यापकता र विशालतालाई अभिवृद्धि गर्ने संस्कारलाई प्रवर्द्धन गर्ने तथा सङ्कीर्णतालाई समाजमा कुनै स्थान नदिई विराट, विशाल र विस्तीर्ण हृदयको महत्त्वलाई आत्मसात् गर्दै शान्ति, समृद्धि र विकासको सम्भावनाको ढोका खोल्नतिर लाग्नु नै मानवीयता हो र यही नै एक्काइसौं शताब्दीको विशेषता एवं गुणवत्ता अगामी शताब्दीको लागि उपहार दिन सक्ने आत्मीय परिस्थिति निर्माण

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न सक्यौँ भने साँच्चै नै यो जत्तिको बुद्धिमानी र सकारात्मक कदम अरू कुनै हुन नसक्ने पक्का छ।

युद्धले शान्ति ल्याउँछ वा अशान्तिले एक दिन शान्ति लयाउँछ भन्ने विश्वास र भ्रममा परुञ्जेल विश्वमा कहिल्यै शान्ति आउन सक्तैन। शान्ति त शान्तिबाट नै आउँछ न कि युद्धबाट ! युद्धबाट आएको शान्ति अनेकौँको मृत्युले ल्याएको सुखद् होइन कि दुःखद् शान्ति हो। स्मशानको शान्ति केको शान्ति ? त्यो त मुर्दा शान्ति हो। युद्ध अधिकांशको लागि घातक भए पनि कसैको लागि फाइदाको व्यापार भएकाले यसलाई बढाउने प्रवृत्तिले आजको संसारमा व्यापकता पाउँदै गएको छ। किनभने ठूलठूला राष्ट्रहरूको आम्दानीको स्रोत नै यसैभित्र समेटिएको छ। यसैभित्र प्रतिस्पर्धा छ, होडबाजी छ सामान्य नागरिकहरू जेसुकै हुन्, मरुन् कि बाँचून् त्यससँग यस्ता प्रतिस्पर्धी देशहरू कुनै सरोकार नै नराख्ने मनोवृत्तिमा पुगेको अवस्थाले मानवतामाथि नै खतराको घण्टी बजेको मौजुदा परिस्थितिमा जायज र यथार्थ विषय विलखबन्दमा परेको महशुस हुँदैन भने संसारलाई बुझ्न अझ धेरै बाँकी छ भन्ने सम्झे हुने बेला आइसकेको छ। महँगा युद्धकविमानहरू, अनेकौँ किसिमका हातहतियारहरू, युद्धपोतहरू, सुरक्षा र सेनामा ठूलो लगानी भन्नु के संसारलाई रक्तरञ्जित तुल्याइ मानवतामाथि रगतको खोलो बगाउँछु भन्ने मनोवृत्तिकै विकृत रूप होइन ? यसैमा प्रतिस्पर्धा छ चाहे विकसित चाहे अविकसित राष्ट्र–राष्ट्रबीच। यसैको प्रत्यक्ष असर व्यक्ति–व्यक्तिमा, समाजमा, राष्ट्र–राष्ट्रमा एवं अन्तर्राष्ट्रिय तहमा व्यापक बन्दै गइरहेको अवस्थालाई सुखकारी भन्न हुने स्थिति नै छैन तर सही र वास्तविक तथ्यलाई स्वीकार गर्ने मनस्थितिमा बहुसङ्ख्यक व्यक्ति, समाज र राष्ट्र अझै भएजस्तो लाग्दैन। समग्र विश्वकै प्रतिनिधित्व गर्न सक्ने न कुनै यस्ता राजनेता आजसम्म जन्मिए जसले यी वास्तविक सत्यलाई छर्लङ्ग गरेर विश्वसामु उजागर गरिदिन सक्छ। संसारको विश्वव्यापी दुःखको कारकतत्त्व नै यही भएको छ कि सबैले आ–आफ्नो स्वार्थ सिद्धिमा रमाइ–रमाइ आत्मरती गर्नु। संसारमा जति पनि मानवीय विनाश, ध्वंश, युद्ध भएका छन् तिनको मुल तिनै आत्मरती नै हुन्, अहङ्कार हुन्, स्वार्थ हुन्, लोभ हुन्, लालच हुन्, पद–प्रतिष्ठा हुन्। यी निहित स्वार्थबाट माथि नउठीकन, प्राणीमात्रको हित–कल्याण नचिताईकन किमार्थ मानवीयताको सम्बर्द्धन, प्रवर्द्धन र विकास हुन सक्तैन भन्ने कुरा घाम जत्तिकै टड्कारो छ।

☆☆☆

नेपालका आध्यात्मिक, सांस्कृतिक तथा पर्यटकीय धार्मिक स्थलहरूको प्रचार-प्रसार तथा तिनीहरूको संरक्षण र सम्वर्द्धनसहित आध्यात्म संस्कृतिको विकासलगायतमा सहयोग पुऱ्याउने उद्देश्यले प्रकाशन भइरहेको मुक्तिनाथ दर्शन नामक पत्रिकाको समग्र सफलता एवं उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

मौलाकाली धार्मिक सेवा समिति
गैंडाकोट
नवलपरासी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हरिभक्त सिग्देल

लोकलयमा

श्रीमद्भगवद्गीता-३

जनार्दन ! यदि ज्ञान श्रेष्ठ कर्म भन्दा छ लौ भने।
भयङ्कर कर्म यो गर्न मलाई किन भन्दछौ ?॥
मिठा ती शब्द निर्देशन मोहित गर्छन् मनै कन्।
त्यसैले जे असल हुन्छ गर्नेछु त्यही लौ भन ॥
सांख्ययोगी ज्ञानमा अड्छन् योगी ता कर्ममै सुन्।
भन्छन् कृष्ण तिमी रोज दुईमा एक अर्जुन ॥
बिना प्रारम्भ कर्मैको योगनिष्ठा न मिल्दछ।
न त्यागी कर्म मात्रै साङ्ख्यानिष्ठा नी मिल्दछ ॥
त्यसैले क्षणमात्रै नी बिना कर्म त मानिसै।
बस्न सक्तैन प्रकृति बाध्य पार्छिन् नी कर्म मै ॥
जो मुर्ख रोकि इन्द्रिय बलैले मन चञ्चल।
भई चिन्तन ईन्द्रियैका विषयमा अनि तल तल ॥
मिथ्याचारी दम्भी भन्छन् यस्तालाई सबै जना।
जो पुरुष सुन अर्जुन ! मन स्थिर गरिकन्।
कर्मयोगको आचरण गर्दा श्रेष्ठ हुन्छन् तीनै जन ॥
शास्त्रोक्त कर्म सब गर्नु नगर्दा जीवनै पनि।
चल्दैन हेर जस्को नी निर्वाह सम्म नै पनि ॥
यज्ञरूपी कर्मबाहेक अन्य कर्महरू सबै।
बाँधिदिन्छन् मायाको त्यो बन्धनैले अझै अझै ॥
यसैले सुन अर्जुन निरासक्त बनिकन।
यज्ञरूपी कर्म गर्नु लौ बन्धनकारी नभै मन ॥
प्रजापति ब्रह्माले नै कल्पान्तहरूमा सधैं।
रचि प्रजा भन्दछन् है यज्ञ मूल बुझ सबै ॥
इच्छित भोग यज्ञले नै दिन्छ सत्य भनि बुझ।
देवतालाई पारी प्रसन्न प्रसन्न तिमी नै बन ॥
कल्याण एक एक गर्दै आपसमा मिली सज्जन।
यज्ञरूपी कर्म लौ गर्नु चिरकाल निरन्तर ॥
यज्ञद्वारा प्रसन्न ती देवताहरू सब मिली।
दिएका भोग सब् भोग्नु अर्पण उनैलाई गरी ॥
देवताद्वारा प्राप्त भोग उनैलाई नदिकन।
जो खान्छ त्यो त चोर हुन्छ दिने उच्च भनिकन ॥
भन्दछन् साधु मुक्तै हुन नदिने पापभागी हुन्।
शरीर निम्ती नै खान्छन् पाप भोग्छन् सदा ती जन ॥
प्राणीको उत्पत्ति अन्नैमा अन्न उत्पत्ति वृष्टीमा।
वृष्टीको कारण यज्ञ, यज्ञ हुन्छ नी कर्ममा ॥
कर्मको उत्पत्ति वेदैमा सनातन अविनाशी भै।
परमात्मा सदाँ बस्छन् वेद भन्छ नी यज्ञमै ॥

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे पार्थ ! जो यो लौकिक सृष्टीको प्रतिकूल भै।
कर्म त्यागी, इन्द्रियभोगी बाँच्छन् नी यी त व्यर्थ मै ॥
जो मनुष्य आत्मामा रमाई तृप्त बन्दछ।
आत्मामा नै छ सन्तुष्ट छैन कर्तव्य केही अब ॥
महापुरुष यस्तालाई प्रयोजन न त कर्ममा।
न कर्म नगर्ने मै सम्बन्ध हुन्छ सृष्टीमा ॥
स्वार्थको सम्बन्ध यस्ताको सृष्टीमा केहि हुन्न है।
त्यसैले त्यागि आशक्ति कर्तव्य कर्म गर्नु है ॥
आसक्ति बिना कर्म गर्दा परमात्म प्राप्त भै।
जनक जस्तै ज्ञानी बन्छौ मुक्ति मिल्छ सिद्ध भै ॥
कर्म गर्नु उचित हुन्छ लोक शिक्षा बुझिकन्।
श्रेष्ठ पुरुषका कर्ममा देख्छन् उदाहरण अरू जन ॥
त्यसैलाई प्रमाण मानि अरू सब हिड्न थाल्दछन्।
बडाले यो गरेका थे भनि प्रमाण मान्दछन्।
हे अर्जुन ! तीन लोकैमा मलाई पाउनु के छ ?।
न मेरो छ कुनै कर्म न धर्म पनि बाँकी छ ॥
तैपनी म लोकशिक्षार्थ गर्दैछु कर्म नै यहाँ।
हे पार्थ ! यदि सावधानीपूर्वक म नहिडें यहाँ ॥
हानी हुन्छ समाजैको अकल्याण पनि अनि।
सबै गर्छन् मेरो जस्तै त्यसैले म सतर्क छु नी ॥
म चाहन्न नष्ट हुन् भ्रष्ट भोलिका पिडी सब डुबुन्।
सारा प्रजा नष्ट गर्ने उदाहरण म किन हुनु ॥
हे भारत ! जसरी कर्म आसक्त अज्ञानी गर्दछन्।
ज्ञानी जन कर्म गर्छन् लोक कल्याणार्थ झन् ॥
परमात्मामा अटल श्रद्धा विश्वासी ज्ञानीले पनि।
विचलित नपार्नु है अज्ञानी जनलाई नी ॥
कर्ममा अश्रद्धा साथै बुद्धिमा भ्रम फैलिने।
नगर्नु ज्ञानीले कर्म उदाहरण अनि बन्नु रे ॥
प्रकृतिले सबैलाई कर्म गर्न लगाउँछिन्।
अहङ्कारी मोहले गर्दा म गर्ने हुँ नी भन्दछन् ॥
गुण र कर्मका तत्व जो जान्दछ यहाँ पनि।
आसक्त ती त हुँदैनन् गुणकै गुण हो भनि ॥
मन, बुद्धि, अहङ्कार, पञ्चेन्द्रिय र शब्द नी।
सामुहिक रूपमा गुण यिनैलाई भनिन्छ नी ॥
यिनकै बीचको चेष्टा पर्छ हेर कर्म विभागमा।
गुण र कर्मभन्दा त फरक हुन्छ नी आत्मामा ॥
यही कुरो तत्त्वज्ञानी तत्त्व बुझ्नेहरू सुन।
देख्दछ समस्त एकैमा एकै सर्वत्र सबकन् ॥
प्रकृतिका गुणमा मोहित आशक्ति राख्दछन् सधैं।
गुण विभाग र कर्म विभाग आत्मानी मान्दछन् एकै ॥

यसैले ज्ञानीजनले मूर्खमा नपारोस् भ्रम।
भनि कर्म व्यवहार गर्नु निर्लिप्त गरि मन ॥
त्यसैले ममा चित्त लागेका हे प्रिय अर्जुन ॥
गर अर्पण कर्म मैलाई आशक्ति र ममत्व पन ॥
गर युद्ध तिमी जाऊ सन्ताप त्याग सँच्चि नै।
मानी यो मेरो मतको अनुसरण गर्छ जो जनै ॥
सम्पूर्ण कर्मको बन्धन छिनाल्छ त्यसले बुझ।
दोष सब अनि नासिन्छन् श्रद्धा बढ्दछ लौ सुन ॥
परन्तु जो मेरो मतको विरोध गरी छाड्दछन्।
ती हुन् मूर्ख मोहमा डुब्ने दुःखैको खाल्डो खन्दछन् ॥
सबै प्राणीले प्रकृतिको वसमा परि कर्म गर्दछन्।
ज्ञानवानहरू नी हेर प्रकृति सित मिल्दछन् ॥
रागद्धेष इन्द्रियैमा लुकि बस्छन् सधैं भरी।
मनुष्य यिनको वसमा पर्नु हुन्न कसै गरी ॥
कल्याण मार्गका यी हुन महाशत्रु दुई बुझ।
तपश्वीलाई यो एक्लै डुबाउन समर्थ छ ॥
अति राम्रो देख्दामा होस् परधर्म छ भयावह।
गुण कम किन नै नहोस् स्वधर्म छ अति सह ॥
अरूका धर्ममा रम्नु भयकारी म देख्दछु।
मर्नु नै अति उत्तम हो स्वधर्म भित्र भन्दछु ॥
भन्दछन् अर्जुन हे कृष्ण ! स्वइच्छा नै नभै किन ?।
पाप कर्म गर्छन् मानिस कोबाट प्रेरित भैकन ?॥
रजोगुणबाट उत्पन्न काम नै क्रोध बुझ।
न अघाउने जति खाए नी पाप कामै बैरी हो अझ ॥
धुवाँले अग्नि ढाकिन्छ, धुलाले ऐनालाई गरे सरी।
सालले ढाक्छ है गर्भ कामले ज्ञानै पनि ॥
हे अर्जुन ! ज्ञान ढाकिन्छ मनुष्यमा कामले सुन।
आगोले जसरी भस्म पार्छ जहाँ जो जेसुकै हुन ॥
इन्द्रिय, मन र बुद्धि बासस्थान बनाउँछ।
यिनैलाई प्रयोग गर्दै कामले सर्वस्व हर्दछ ॥
ज्ञानलाई ढाकी यसैले मोहित गर्दछ सबै कन्।
यसैले हे अर्जुन ! पैल्यै इन्द्रिय वसमा रहुन् ॥
ज्ञान-विज्ञान सम्म नास गर्ने काम पापी हो।
त्यसैलाई मार पैल्हे जितिन्छ ध्रुव सत्य हो ॥
शरीर भन्दा बलिया र वीर छन् इन्द्रिय बुझ।
यीभन्दा धेरै टाडा बलियो मन चाहिं अझ ॥
मन भन्दा बुद्धि छ श्रेष्ठ टाडै नि छ हे अर्जुन ॥
बुद्धि भन्दा परको तत्त्व आत्मा नै हो सत्य दर्शन ॥
बुद्धि भन्दा सूक्ष्म साथै बलवान् आत्मा हो भनि।
मार बुद्धिले मन वश गर्दै काम शत्रुलाई अनि ॥

☆☆☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



राजेन्द्र सुवेदी

कामाख्या माता र उमानन्दको दर्शन

निकै लामो समयको अन्तरालमा मैले नेपालको भौगोलिक सीमाको रेखा काटेर बाहिर जाने एउटा अवसर आयो। भानुभक्तको द्विशतवार्षिकी समारोहको कार्यक्रम सम्पन्न गर्ने सन्दर्भमा असम नेपाली साहित्य सभाको प्रथम वार्षिक कार्यक्रमको पनि आयोजना भएको हुँदा २०७० को पौष २० गतेका दिन असमको काजीरङ्गा वण्य आरक्षण क्षेत्रको कहरामा आयोजित कार्यक्रममा सहभागी हुने दृष्टिले हाम्रो यात्रा तय भयो। माघ १८ गते बिहानको चार बजे हाम्रो बस कोटेश्वरबाट प्रस्थान भएको बस हाम्रा भ्रमण दलका तेह्र जना सदस्य मध्येजम्मा एघार जनालाई लिएर यात्रा तय भयो। यात्रका आ–आफ्ना लक्ष्य होलान्, मेरो यात्राका उद्देश्यसँग म भने केही अतिरिक्त विषयसँग पनि समाहित भएको जस्तो लागेको देखिन्छ। विगत वर्ष पहिले गुवाहाटी विश्वविद्यालयले नेपाली विषयमा पनि दूर शिक्षणका आधारमा स्नातकोत्तर तहको कक्षा सञ्चालन गरिएको अवस्था थियो र त्यस विश्वविद्यालयको स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यक्रम निर्माणमा यी पङ्क्तिको लेखक २०६६ सालको माघ महिनामा एकपल्ट सहभागी बन्न पुगेको व्यक्तित्व थियो।

त्रिभुवन विश्वविद्यालयको नेपाली केन्द्रीय विभागको प्रमुख, अनिवार्य नेपाली विषय समितिको अध्यक्ष र नेपाली मूल विषय समितिसमेतको अध्यक्षको नाताले त्यस विश्वविद्यालयको नेपाली विषयको स्नातकोत्तर तहको पाठ्यक्रम निर्माताको नेतृत्वदायी भूमिकामा उपस्थित भइरहँदा निकै जिम्मेदार व्यक्तिको नाममा मलाई जोडेर हेर्ने गरेको सन्दर्भ पछिल्ला दिनमा आएका प्रतिक्रियाहरूले स्पष्ट गर्दै गएको अवस्था बोध गराएको अनुभूति भइदियो। त्यस विश्वविद्यालयको पाठ्यक्रम निर्माणमा कामाख्या र उमानन्द पीठको पनि रहेको छ। कामाख्या माताको दर्शन र ब्रह्मपुत्रको पवित्र जल सेचन तथा उमानन्द महादेवको चरण स्पर्शन सँग जोडिएको पाठ्यक्रम निर्माणको विषय स्मरण गर्दा पनि निकै आत्मग्लानिको अनुभव हुन्छ। उक्त पाठ्यक्रमको निर्माणमा दक्षता प्राप्त गरेका विद्वान्हरूको लामो र जीवन्त सहभागिता पनि भएकै हो। जसको सक्रिय संलग्नता नभएको भए पाठ्यक्रम निर्माण नै हुन कठिन पर्थ्यो भन्ने किसिमको प्रभाव प्रक्षेपण गर्न सफल विद्वान्हरूको प्रखर संलग्नताको प्रदर्शन गरेर पाठ्यक्रम निर्माण भएको अवस्था पनि सार्वजनिक भयो।

पाठ्यक्रम निर्माणमा एक्लो व्यक्ति होइन, केही विशेषज्ञहरूको सहभागिता रहनु पर्ने नीति पनि तय भएको थियो। यस कार्यमा सहभागी हुने विशेषज्ञहरूको नाम पनि निर्णय भएको थियो। तर विभिन्न विसङ्गतिका कारण विशेषज्ञहरूको सहभागिता रहने वातावरण बन्न नसकेका कारण पनि पाठ्यक्रम निर्माण र तिनमा निर्दिष्ट पाठहरूको चयनमा भएका सामग्रीमा व्यक्तिगत स्वार्थले

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका खेल्ने कामले नै स्तर कमकजोर बनाउनमा भूमिका निर्वाह गर्दछ। सामग्री चयनमा सहभागी हुने विशेषज्ञहरूको दायित्वमा भएका कमजोरीका कारण पाठ्यक्रम पनि कमजोर बन्दो रहेछ। यस किसिमको परिस्थितिको आगमनले एकपल्ट जिम्मेदारीमा नाताले आत्मग्लानिको अनुभूति बेहोर्नु पर्दो रहेछ। आफूसमेतको संलग्नतामा निर्माण भएको पाठ्यक्रमको पाठ निर्धारणमा भएको कमजोरीप्रति टीकाटिप्पणीहरू बाहिर आउँदा निकै आत्मग्लानि र अवसादको स्थिति बोध गर्नु पर्दो रहेछ। यसपल्टको यात्रामा कामाख्याको दर्शन र ब्रह्मपुत्रको जलसेचन तथा उमानन्द भोलेबाबाको चरणस्पर्शनमा मेरा मनमा आएका विगतका सन्दर्भ थिए । यी प्रसङ्गहरू ।

यात्राका अवधिभित्रै २०७० सालको मकर सङ्क्रान्ति परेको थियो। यसपल्टको यात्रामा अधिल्लोपल्टको जस्तो प्रायोजित विषयको सीमामा बाँधिनु पर्ने बाध्यता पनि थिएन र थियो भने केवल भानु द्विशतवार्षिकीका सन्दर्भमा असम, अरुणाचल, मेघालय, नागाल्यान्ड र मणिपुरसमेतको यात्रामा निस्केको अवस्था। मेरो सरोकार भानुभक्तलाई अनुवीक्षण गर्नमा बढी केन्द्रित रहँदा रहँदै पनि कामाख्या माताको दर्शन र नेपाली एम.ए.को पाठ्यक्रम निर्माणको सन्दर्भ पनि जोडिन आइपुग्यो। यसरी सन्दर्भित रहनु पर्ने कारण चाहिँ के देखियो भने आफू जिम्मेदारीमा बसेर आरम्भ गरेको कार्यको अवतरणमा उठेका प्रश्नहरूको जवाफ दिनु पर्दाको स्थिति निकै जटिल किसिमको भएर आएको अवस्था थियो। यस्तो स्थिति आउँदा जवाफ दिन पनि गहारो पर्दो रहेछ। त्यसको दायित्व लिनु पर्ने सन्दर्भ व्यावहारिक र प्राज्ञिक दुवै किसिमका रहेका हुँदा रहेछन्। प्राज्ञिक प्रश्नका पक्षहरू बुद्धिमत्तापूर्वक निर्णय हुन नसक्ता त्यस पाठ्यक्रमबाट उत्पादित जनशक्ति अन्य विश्वविद्यालयबाट उत्पादित जनशक्तिसँग प्रतिस्पर्द्धामा खरो उत्रिन सक्ने र समकक्षको ज्ञान आर्जन हुन सक्ने अवस्थाप्रति पनि सचेत हुनु पर्ने हुन्छ। यसमा केही विसङ्गति आएका खण्डमा रहेका पक्षहरू पनि विचारणीय पक्ष रहेको छ।

असमका विभिन्न महाविद्यालयका नेपाली विषयका प्राध्यापकहरूसँग पनि यस विषयमा अन्तर्क्रिया गर्ने सुअवसर पनि प्राप्त भयो। यसपल्टको यात्रामा मूल केन्द्र थियो भानु द्विशतवार्षिकीको यात्रा थियो र यसको सहयात्रा बनेर जोडिएको थियो– गुवाहाटी विश्वविद्यालयको पाठ्यक्रमको प्रतिक्रिया र त्यस पाठ्यक्रममा उत्पादन भएका विद्यार्थीहरूको गुणस्तरप्रति उठेका प्रश्नहरूप्रति विचार गर्नु र अर्को सहउद्देश्य थियो– सांस्कृतिक यात्रा। त्यो यात्रा थियो–कामाख्या माताको दर्शन। यात्रामा जोडिएर आएको मात्र भए पनि मेरो व्यक्तित्वसँग जोडिएको पाठ्यक्रमको विषय पनि यहाँ चर्चामा आयो। किन भने यसपल्टको यात्राभन्दा तुरुन्त पहिलोको यात्राको मूल उद्देश्य थियो– पाठ्यक्रमको निर्माण। तैपनि त्यतिखेर मैले नेपाली विषयको कुरा गरिरहँदा माता कामाख्याको दर्शन दोस्रो प्राथमिकताको विषय मात्र बनाउन खोजेको होइन र ब्रह्मपुत्रको जलसिञ्चन र स्नान तथा उमानन्द महादेवको पूजा अर्चना पनि मेरो निम्ति दोस्रो प्राथमिकतामा पर्ने विषय मात्र हो भन्ने आस्था होइन। मेरो आध्यात्मिक आस्थाको प्रथम तहमा रहने ईश्वरीय चिन्तनलाई केन्द्रमा राखेर मैले यसपल्टको यात्रालाई गति दिएको हुँ।

असमका दुईमात्र हाम्रो आस्थाका प्रतीक देवस्थल परशुराम कुण्ड र कामाख्या, दुवै दैवीस्थल ब्रह्मपुत्रका निकट पार्श्वभूमिमा रहेको अवस्थितिप्रति सचेत बनेर यो यात्रा तय गरिएको थियो। गुवाहाटीको उलुबारीस्थित विश्व हिन्दूपरिषद्को अतिथिगृहमा आफ्नो आवास रचेर बिताएका दुई अहोरात्रको समयावधि नेपाली भाषा साहित्यको महिमा गान र कामाख्यामाता तथा ब्रह्मपुत्रस्नान र उमानन्द परिक्रमा एवं पूजा अर्चनामा खर्च भएका दिन थिए र ती दिनहरू जीवनका सार्थक दिनहरू मध्येका दिन थिए। पहिलो बिहान उमानन्दको दर्शनार्थ उलुबारीबाट पल्टन बजारसम्म पैदल भ्रमण गरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्नेतर्फ आकर्षित गर्ने भूमिका निर्वाह गरेर बसेको छ।

नेपालीहरूको सभ्यता नदीसँग जोडिएको छ– गङ्गासँग भए पनि र कर्णालीसँग भए पनि। गण्डकीसँग भए पनि र कोशीसँग भए पनि। अनि टिष्टासँग भए पनि र ब्रह्मपुत्रसँग भए पनि। नेपालीको मात्र होइन मानवमात्रको सिङ्गो सभ्यता नदीसँग नै जोडिएर आएको छ। जल र जीवन अन्योन्याश्रित विषय हुन्। ब्रह्मपुत्रको सभ्यताले असमी र असमका नेपालीहरूको सांस्कृतिक मर्यादालाई गति प्रदान गरेको छ। नेपाली निकै मौलिकता लिएर असममा बसेको छ। नेपाली अलिकति मेघालयमा अरुणाचलमा पनि दुःखजिलो गरेर बसेको छ। नेपाली अलिकति नागालेन्ड र मणिपुरमा आफ्नो भुक्तमान काटेर बसेको छ। नेपाल बसिरहँदा उसको भाषा र संस्कृतिको पनि सँगै उपस्थिति रहेको छ। सभ्यता र जीवन शैली पनि जीवन्त बनेर रहेको छ। मिजोरम र त्रिपुरामाका पनि नेपाली अस्तित्व सम्झौता गरेर बाँचेको छ। पुरानो आसमका भूमिमा बीस लाखभन्दा बढी नेपालीहरूको उपस्थिति छ र ती नेपाली मूलका सबै भारतीयहरूका अन्तश्चेतनामा एउटा भावनाको तर सम्पन्न नेपाल जीवन्त रहेको छ। त्यतिका नेपालीहरूका हृदयले आमन्त्रण गरेको नेपाली विषयको एम.ए.स्तरको अध्ययन अनिवार्य भएर नै आरम्भ गरिएको हो। जहाँसम्म यसको स्तरको प्रश्न छ त्यो त समय क्रममा आफैँ सुधार हुँदै जाने आशा गर्न सकिन्छ।

पल्टनबजारबाट सराइ घाटसम्मको बस यात्राबाट ब्रह्मपुत्र किनारामा पुगियो। निकै तलबाट हाम्रो आगमनलाई पाण्डवघाटको पुलले नियालिरहेको थियो। केही मात्र तल ब्रह्मपुत्रको बायाँ किनारामा बसेर त्यही गुवाहाटी विश्व विद्यालय हाम्रो धार्मिक उपक्रमलाई चियाइरहेको थियो र भनिरहेथ्यो– सुवेदी ज्यू ! तपाईँ नेपालबाट आउँदा तीर्थ र अन्य पनि प्रयोजन जोटेर मात्र यात्रा गर्नुहुन्छ–कामाख्यातर्फ ?

मेरो मनमा सानो झस्का पस्यो। मैले प्रयोजन विहीन तीर्थयात्रा मात्र त कहाँ गरेँ र ? मैले सिङ्गो जीवनको यात्रा नै विना प्रयोजन नगर्ने मान्छे कुनै पनि यात्रा प्रयोजन हीन गर्न चाहन्न भन्ने कुरा यहाँहरू सबैलाई थाहा भइराखे राम्रै हुन्छ। पौराणिक कालका राजा शम्बरासुरको राजधानी प्राग्ज्योतिषपुरको यस यात्रामा मेरो यात्रा ज्ञान सञ्चयको स्वार्थसँग पनि जोडिएको छ। ब्रह्मपुत्रको पश्चिमतर्फको पारिपट्टिको स्थल विश्वनाथ चाराली जो पौराणिक कालका राजा बाणासुरको जीवनवृत्तसँग र उसको शिवार्चन विधिसँग पनि जोडिएको स्थितिको सम्बाहक कथा छ, अनि उषा र अनिरुद्धको कथा पनि जोडिएको छ। त्यहाँ स्थित अग्निगढको क्षेत्र पनि इतिहास तथा पुराणका मिथकीय बिम्ब र लोक श्रुतिका बिम्बहरू समेटेर रहेको छ। निकट र सुदूरक्षेत्रबाट तीर्थको प्रयोजनका निम्ति र वनभोजका निम्ति पनि आउनेहरूको बाक्लो उपस्थितिले विश्वनाथलाई काशी विश्वनाथकै प्रतीकात्मक आकृतिको आभास दिइरहेको भानभएको थियो। विश्वनाथको लघुबिम्ब बनेर रहेको पीठमा पुग्दा गङ्गाको किनारामा अवस्थित विश्वनाथ यहाँ ब्रह्मपुत्रको किनारामा अवस्थित रहेको संवेदना मुखर बनेर रहेको भान मिल्छ। यसले आजको असमलाई विश्वका हिन्दूहरूको आस्थाजनित पुण्यभूमि हो

अँ त कुरा थियो–कामाख्या र उमानन्दको दर्शन र अर्चनाको। हामी नाउ रिजर्भ गरेर ब्रह्मपुत्रको प्रवाहले वरिपरि घेरिएको एक टापुमा अवस्थित पीठमा पुग्यौँ। उमाका आनन्ददायक करुणामूर्ति सदाशिवको पीठमा पुग्यौँ। त्यहाँ पुगेका सबै मित्रहरू दर्शनार्थी बनेर पङ्क्तिबद्ध भए। शिवका प्रार्थनाहरू पनि त्यहाँ उच्चारित भए। सानोटापु तर विला सौन्दर्य र शान्त भण्डारमा विराजित उमानन्दको पीठमा म पुग्दा शिवले प्रश्न गरेको आभास भयो। तिमी तीनवर्ष पछाडि फेरि यहाँ एकपल्ट आइपुग्यौ ! यसपल्ट पनि कुनै प्रयोजनसँग जोडिएर यहाँ आइपुगेका त होइनौ ? लाग्यो भोलेबाबा भोले मात्र होइनन् वीरभद्र पनि हुन्। उनले मेरो त्यहाँ उपस्थित हुन पुग्नु त नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी आइपुगेको छ, हाम्रो आध्यात्मिक चेतनालाई महाकाव्यत्व प्रदान गरेर नेपाली साहित्यको दरिलो जग बसाउने

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिभाको सम्मान कस्तो रहेछ ? हजुरका भक्त राम रामेश्वरम्मा हजूरको आराधनाबाट आफ्नो योजनामा सफल भएको र भानुभक्त तिनै रामका भक्त भएको हुँदा भानुभक्त हजुरका भक्तका पनि भक्त रहेको र उनलाई यहाँका नेपालीले कसरी लिएका छन् ? त्यहाँ पहिल्याउनु यसपल्टको मेरो प्रयोजन थियो। अरू सहयात्रीले भगवान् भोलेनाथको चित्त कसरी बुझाएँ, त्यो त मलाई थाहा हुने कुरा भएन। मैले केवल शिवाष्टक पढेर एक फन्को प्रदच्छिणा गरेर बाबासँग बिदा मागेँ।

नाउवालाले उमानन्दलाई फन्को मारेर अघि यात्रा आरम्भ गरेकै ठाउँमा पुऱ्याएर हामीलाई उतारिदियो। हामी हाम्रो नाउयात्राको आरम्भ बिन्दुमा पुगेर यात्रान्त गर्दा पो थाहा भयो– ब्रह्मपुत्रले गुवाहाटीका मान्छेका मलमूत्र र फोहोर मैला सबै समेटेर आफ्नो कृत्यमा निरन्तर कार्यमा संलग्न भएको देखियो। बिचरा वाग्मतीको अवस्था ! मलाई त माया लाग्यो ब्रह्मपुत्रको। वाग्मती स्वयम् महीयसी माताकी प्रतीक कोमलता र नीरीहताको उपस्थिति पनि विचारणीय अवस्था पनि उपलब्ध रहेको देखिन्छ। ब्रह्मपुत्रको पुत्रत्वको सन्दर्भमा पनि निरीहता थपिने हो भन्ने त्रास ममा पनि देखिएको छ। नेपालीहरूको उपस्थिति भएका स्थानमा मात्र होइन मानव मात्रको उपस्थिति भएका स्थानमा पनि नदीले फोहोर बोकेर बगि दिनु पर्ने विवशता यहाँ निकै मार्मिक बनेर रहेको देख्दा कता कता नदीहरूको नियति नै मानव निर्मित मलको बहन गरेर गमन गर्नु पर्ने अवस्था देखिँदो रहेछ। यहाँ आउँदा म एकपल्ट फेरि पनि ब्रह्मपुत्रसँगको संयोजनमा सिङ्गो मानवजीवनको यात्राको र प्रकृतिको सहसम्बन्ध प्रकटमा आएको छ। यसले मानवलाई चरैवेति चरैवेतिको सतत सन्देश दिइरहँदो रहेछ।

दोस्रो सुप्रभात माघ महिनाको तेस्रो बिहानी, निकै चिसो अवस्था, हामी नित्यकर्मबाट निवृत्त भई बसद्वारा कामाख्या माताको दर्शनार्थी बनेर द्वारमा उपस्थित हुन पुग्यौँ। माताको दृष्टि कताकताबाट ममाथि पर्न आयो। तिमी टाढैबाट आएका दर्शनार्थी हौ तर हेर न ! मेरा यी कथित पुजारी र मन्दिरका व्यस्थापकहरूले फलामका अनेक बार लगाएर मलाई घेरा हालेका छन् र मेरा सँच्चा भक्तहरूलाई मबाट टाढा बनाउनमा बल पुऱ्याएका छन्। अगाडि हेर त त्यो लामो लाम, त्यो लाम दर्शनार्थीहरूको हो। त्यो फलामको ढोका खोलेर दर्शनार्थीहरूको सङ्ख्या खटाइखटाई पठाउने भक्ति र श्रद्धामा पनि व्यावसायिक वृत्ति देखाउने काम त यिनै कथित पुजारी र व्यवस्थापकहरूबाट भइरहेको छ। भक्तलाई मौन सम्बोधनद्वारा माता कामाख्याको निर्देश भइरहेको थियो। एक फन्को प्रदच्छिणा गरेर पूर्वतर्फको द्वारबाट माता कामाख्याको चरण दर्शनार्थ ढोकामा पुगेँ। माता कामाख्याको मौन सम्बोधनमा आवाज आयो– हेर यो त प्रतिव्यक्ति रु ५०० तिरेर दर्शन गर्नेहरूको हुल हो। मेरो दृष्टि तिमीमा परिरहेछ। तिमी लाममा उभिएर मेरो दर्शनको प्रतीक्षामा छौ। यहाँ त पुजारी र पूजाका व्यवस्थापक रूपले दलाली गरेर पैसाका भरमा दर्शन गरेको देखाउन चाहनेहरूको व्यापक भीड छ– देखिहाल्यौ।

श्रद्धा र आस्थाका भावनालाई विनिमयको विषय बनाएर भजाउने मानवीय दुर्वृत्तिलाई यहाँ प्रदर्शक विवश बनेको मेरो अवस्थादेखे पछि तिमीजस्ता अनेकौँ भक्तहरू यहाँको यो परिस्थिति देखेर चकित बन्दछन्। माताको मौन सम्बोधन भइरहेकै अवस्थामा नै माताका चरणमा मनैले शिर नुहाएर मनमनै भनेँ–काठमाडौँमा बाबा पशुपतिनाथको दर्शन गर्नेहरूमा पनि द्रव्यविनिमयको व्यवहार चल्न थालेको छ। हजार एघार सय रूपयाँ देखाइदिएपछि आरामसाथ दर्शन गर्न पाउने व्यवस्था मिलाइएको हुन्छ। माता बरु आज्ञा होस्– यस प्रकारको द्रव्य विनिमयका आधारबाट गरिने दर्शन र पूजा अर्चना र त्यो लामो लामबाट दर्शन गर्न आउने भक्तप्रतिको कृपामा हजुर केकस्तो भिन्नता मिलाउनुभएको छ ? समान छ कि केही पृथक् छ ? यस प्रश्नको जवाफ पाइनसक्दै म मन्दिरको लामो परिसरको प्रदक्षिणा कार्यमा सहभागी बनिसकेको हुन्छु। मेरा सहयात्रीहरूले दर्शन, पूजन एवं अर्चनको व्यवस्थालाई कसरी लिए, त्यो भने यी पङ्क्ति कोरिरहँदासम्म पनि मैले बुझ्न पाएको छैन।

त्यहाँ नेपाली पण्डाको उपस्थिति रहेको छ। त्यहाँ भरतका विभिन्न प्रान्तका पण्डाहरूको कथित व्यवस्था छ। जहाँका र जहिलेका भक्तहरूको आगमन भए पनि पण्डा र पूजा व्यवस्थापकको आचरणमा खासै भिन्नता नदेखिने रहेछ। मेरा पिताजी कामाख्या मातालाई इष्टदेवीका रूपमा आराधना गर्नुहुन्थ्यो र भन्ने गर्नुहुन्थ्यो– त्यहाँका पूजा विधिमा संलग्न हुनेहरूको आचरणको बारेमा। आज म पनि त्यही देखिरहेछु। ईश्वरी भक्तिका विषयमा अनेक प्रश्न उठ्ने र अनास्था आविर्भाव हुने करणहरूमा यिनै विकृतिहरू त जिम्मेदार छैनन् ? यिनै प्रश्नमाथि अल्मलिँदै मन्दिर परिसरबाट बाहिर आइसकेको थिएँ। यस प्रकारको दर्शन र पूजनको यात्रामा मलाई के कस्तो फल मिल्छ ? त्यो मलाई थाहा छैन र म त्यस प्रकारको फलेच्छु भक्त पनि रहिनँ। केवल मेरा पाइलाहरू कुनै मन्दिर वा देवस्थल नजिक छ भने त्यतैतिर लागिदिन्छन् र मेरो मन चाहिँ यिनै चिन्तनप्रति क्रियाशील बनेर पछिपछि लागिदिन्छन्। यसपल्ट यहाँ पनि त्यहीँ भयो।

☆☆☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महेशविक्रम शाह

स्वर्गद्वारी

स्वर्गद्वारी मध्य पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत राप्ती अञ्चलको प्यूठान जिल्लामा पर्दछ। स्वर्गद्वारी शिखरको उचाई अं. १९०७ मिटर छ। यो शिखर प्यूठान जिल्ला सदरमुकामबाट १३ कोष, त्यस्तै रोल्पाबाट पनि १३-१४ कोष टाढा पर्दछ। स्वर्गद्वारीबाट रोल्पा पश्चिमोत्तर दिशामा छ भने प्यूठानको सदर मुकाम खलङ्गा पूर्व दिशामा पर्दछ। दाङ्ग उपत्यका स्वर्गद्वारी शिखरको दक्षिण दिशामा पर्दछ। पशुपतिको नामले काठमाडौं, शैलेश्वरीको नामले डोटी, हलेसी महादेवको नामले खोटाङ्ग, चन्दननाथको नामले जुम्ला, पिडेश्वर र दन्तकालीको नामले धरान, मुक्तिनाथको नामले जोमसोम र वैद्यनाथको नामले अछाम परिचित भएझैँ स्वर्गद्वारीको पावन नामले गर्दा प्यूठान जिल्लाले आफ्नो अस्तित्व र गरिमालाई उच्चताको शर्षिस्थ विन्दुमा पुर्याउने गौरव प्राप्त गरेको छ। 'स्वर्गद्वारी'को शाब्दिक अर्थ 'स्वर्गको प्रवेशद्वार' भन्ने बुझिन्छ । वास्तवमा स्वर्गद्वारीको भौगोलिक स्वरूप, हावापानी र त्यहाँको शान्त मनोरम र पवित्र वातावरणले त्यहाँ पुग्ने कुनै पनि व्यक्तिलाई स्वर्गकै प्रवेशद्वारमा पुगेको आभाश दिलाउँछ। स्वर्गद्वारीको पुण्यभूमिमा पैतलाहरू टेक्ने बित्तिकै मान्छेमा जरो गाडेर रहेका लोभ, मोह, ईर्ष्या, डाहा र स्वार्थी भावनाहरू स्वतः हराउँछन्। त्यहाँ केवल सत्य, निष्ठा, इमान्दारिता, कर्तव्यपरायणता र उदारता जस्ता सात्त्विक गुणहरू मात्र प्रकट हुन्छन्। जसले गर्दा मान्छेले आफू लौकिक संसारबाट अलौकिक संसारमा विचरण गरिरहेको अनुभूति गर्दछ । वास्तवमा देवस्थलको विशेषता पनि यही हो ।

ऐतिहासिक पृष्ठभूमि

स्वर्गद्वारी पहाडहरू चुलिँदै गएर अन्तमा उच्च शिखरको स्वरूप धारण गरेको पर्वतमा अवस्थित छ। शिखरमा परापूर्वकालमा मोक्षप्राप्तिका लागि सोह्र महर्षिहरूले महान् सात्त्विक वैष्णव यज्ञ गरेर स्वर्ग प्राप्त गरेका थिए। त्यस बेलादेखि नै यो टापू स्वर्गद्वारीको नामबाट प्रसिद्ध भएको हो भनेर भनिन्छ। तर शुरू शुरूमा महर्षीहरूको तप र साधनाबाट स्वर्गद्वारी प्रशिद्ध भए तापनि पछि गएर यो प्रायः लुप्त अवस्थामा रह्यो। त्यसको धेरै कालपछि आजको दाङ्ग जिल्ला, जुन त्यतिबेला एउटा राज्य नै थियो। त्यहाँका नरेश महीचन ठाकुरले मुक्ति प्राप्तिका लागि आफ्नो राजधानी छिल्लिकोटबाट मुक्ति क्षेत्रतिर जान भनी हिंडे। दैवसंयोगले उनी मार्गमै अस्वस्थ भए। अस्वस्थताका कारणले अगाडि बढ्न नसकी त्यस ठाउँमा नै बास बसे। दाङ्गका नरेश महीचन ठाकुर बास बसेका हुनाले उनी बास बसेको स्थानलाई हालसम्म त्यस भेकका बासिन्दाहरू 'महीचने' या 'मैचनो गाउँ' भन्दछन्। जो स्वर्गद्वारीको पश्चिम दिशामा करीब दुई कोण अर्थात् चार मिलको दूरीमा पर्दछ। केही स्वस्थ भएपछि आफू बास बसेको ठाउँबाट मुक्तिक्षेत्र जानका लागि प्रस्थान गरेका नरेशले यही स्वर्गद्वारीमा पुगेपछि आफ्नो पञ्च भौतिक देह परित्याग गरी स्वर्ग प्राप्त गरेछन्। नरेशको मृत्यु र उनले प्राप्त गरेको मोक्ष फेरि चर्चामा आयो। मान्छेहरूले केही कालसम्म लुप्त रहेको स्वर्गद्वारीको महिमा फेरि गाउन थाले। यही स्वर्गद्वारी शिखरको अलिकति तल पश्चिम दिशामा स्वर्गीय नरेशको स्मृतिस्वरूप उनका छोराले 'धर्म पानी' को निर्माण गरे। त्यसबेलादेखि मान्छेहरू यस स्थानलाई 'धर्मपानी'भन्न थाले। यही

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मपानीमा पछि स्वर्गद्वारी आश्रमको गौशाला निर्माण गरी जमीनमा मकैको खेती शुरू गरियो। मान्छेको जिब्रोमा मात्र सीमित रहेको स्वर्गद्वारीको महिमालाई मन र मस्तिष्कमा समेत प्रज्वलित गराउन एक महान् तपस्वीले आफ्नो समग्र जीवन स्वर्गद्वारीको माटोमा समर्पित गरेका थिए। उनकी जीवन प्रसङ्ग बिना स्वर्गद्वारीको नाम नै अधुरो रहने हुँदा यस लेखमा तिनै महात्माको अमर जीवनगाथालाई समेट्ने प्रयास गरेको छु।

स्वर्गद्वारी र श्रीप्रभुदेव

संसारमा कहिँ कुनै समय यस्ता व्यक्तिहरू पनि जन्मिन्छन् जसले आफ्नो कर्मद्वारा आफूसँगै आफू जन्मेको ठाउँलाई पनि प्रसिद्धिको उच्च चुलीमा स्थापित गराउँदछन्। श्रीप्रभुदेव त्यस्तै अमर महात्मा हुन्, जसले आफ्नो साधना र तपोबलद्वारा लुप्त प्रायः अवस्थामा रहेको स्वर्गद्वारीलाई एउटा प्रसिद्ध धार्मिकस्थल तथा तीर्थको रूपमा प्रतिस्थापना गराए। अब हामीले स्वर्गद्वारीको स्मरण गर्दा हाम्रो मानसपटलमा महाप्रभुको पावन तस्वीर अङ्कित हुने गर्दछ। महाप्रभु र स्वर्गद्वारी-एक अर्काका पुरक हुन्। **सत्य भन्नु नै सौन्दर्य हो र सौन्दर्य भन्नु नै सत्य हो** भनेझैं स्वर्गद्वारी भन्नु नै महाप्रभुको तपोभूमि हो, जहाँ उनले आफ्नो तपोबल र इश्वरीय गुणहरूले प्रत्येक मान्छेको हृदयमा धर्मप्रति निष्ठा र समर्पित भावनाको अभ्यूदय गराएका थिए र महाप्रभु भन्नु नै स्वर्गद्वारी हो" किनकि नश्वर शरीर लिएर जन्मेका महाप्रभुले आफ्नो शरीर त्यागे तापनि उनले आफ्नो जीवनकालमा जुन पुण्यकर्म गरेका थिए ती पुण्य कार्यहरूको कर्मभूमि स्वर्गद्वारी भएकोले हामी कालान्तरसम्म पनि स्वर्गद्वारीको पवित्र वातावरणमा त्यस अमरआत्माको सुगन्ध भेटिरहनेछौं। स्थानीय भक्तजन, आश्रमका, साधु-महन्त तथा सन्यासीहरूका अनुसार श्रीप्रभुदेवको जीवनी यस प्रकार पाइएको छ।

जन्म र बाल-लीला

राप्ती अञ्चल अन्तर्गत सल्यान जिल्लामा पर्ने रूमटी नामक सुन्दर गाउँमा अत्रि गोत्रका श्रीअनिरुद्ध नाममा एकजना क्षेत्री आफ्नी धर्मपत्नी श्वेत कुमारीसहित कृषि र गाईको लालापालन गरी सुखमय ग्राहस्थ जीवन चलाईरहेका थिए। रूमटी गाउँ रहेको पर्वत सर्पाकार भएको हुनाले प्राचीन कालदेखि नै यसलाई सर्पको डाँडा वा सर्पु गाउँ भनि उच्चारण गरेको पाइन्छ। विक्रम सम्वत् १९१६ श्रावण शुक्ल एकादशी गुरुवारको राति यही सर्पु गाउँमा श्रीश्वेत कुमारी देवीको गर्भबाट एउटा चन्द्रतुल्य सुन्दर बालकको जन्म भयो। बालकको न्वारानको नाप नारायण राखियो। जुनपछि गएर श्रीप्रभुदेव तथा श्रीबाला तपस्वीका नामबाट ख्याति प्राप्त भयो। श्रीप्रभुदेवले आफूमा निहित दैवी गुणहरूको आभास बालक छँदै दिएका थिए भन्ने कुराको झलक उहाँको बाल-लीलासम्बन्धी चलेका रोचक र आश्चर्यजनक प्रसङ्गहरूबाट छर्लङ्गिन्छ। एउटा प्रसङ्गको उल्लेख गरौं।

एकदिन गाईहरू चराउनको लागि गोठालाहरू पर्वतको जङ्गलमा गइरहेका थिए। तिनीहरूलाई देखेर नारायणले अब तिमीहरू यहाँबाट अगाडि नबढ, किनकि त्यो पहाडमा पहिरो जाने छ भन्ने सङ्केत गर्नुभयो। उनले भनेको कुरालाई अनुसूनी गरेर गोठालाहरूले त्यसैतर्फ आफ्ना गाईवस्तुहरू लिएर गए। पहाडमा पुगेको केही समयपछि नै भयङ्कर आवाजसहित पहिरो जान थाल्यो। जसबाट थुप्रै गाईहरू अकालमा काल कवलित भए। नारायणले भनेको कुरा प्रत्यक्ष रूपमा सही भएको देखेपछि सम्पूर्ण गोठालाहरू जम्मा भई नारायणलाई नानाथरीका प्रश्नहरू सोध्न थाले। जब नारायणले तिनका सम्पूर्ण कुराहरूको ठीक-ठीक जवाफ दिए, तब सबैले मिलेर उनको नाम प्रभुदेव राखे। यो घटनाको चर्चा चारैतिर फैलियो। यो घटनापछि पनि त्यस्ता अनेक घटनाहरू घटे जसबाट उनी सिद्ध पुरुष हुन् भन्ने कुरामा कसैलाई कुनै शङ्का रहेन। यसरी जहाँ तहीँ उनको यश फैलियो। उनको दर्शनार्थ टाढा-टाढाबाट मान्छेहरू ओइरिन थाले। आफ्ना सन्तान, भाग्य र भविष्यका बारेमा प्रभुदेवबाट आशिष र उपायहरू प्राप्त गरी सन्तुष्ट भएर आ-आफ्ना घर लाग्थे। यसप्रकार प्रभुदेवलाई सबै मान्छेहरूले सर्वज्ञ अलौकिक महापुरुष र ईश्वरको अवतारका रूपमा मान्न थाले।

गृहत्याग

विवाह योग्य भैसकेपछि नारायणसँग धेरैले आफ्नो कन्याको परिनयन गर्ने इच्छा प्रकट गरे। यसरी गरिएको धेरैको अनुरोध र विन्तिभावबाट प्रभावित भएर उनकी आमाले पनि छोराको अगाडि विवाहको प्रस्ताव राखिन्। तर आमाको प्रस्ताव सुनेर नारायण झन् असन्तुष्ट भए र आफ्नो घरबार त्यागि जङ्गलको गुफामा जानका लागि प्रस्थान गरे। हिंस्रक जनावरहरू विचरण गर्ने अघोर जङ्गलमा एक्लै नाङ्गा गोडाहरूले टेकेर जान लागेको देखेर सम्पूर्ण गाउँ नै उनको पछि-पछि लाग्यो। गाउँलेहरूले घर फर्कनका लागि धेरै प्रार्थना गरे। तर प्रभुदेव फर्केनन्। त्यही गुफामा बसी वनका कन्दमूल खाएर तथा निराहार रूपमा बाह्र वर्षसम्म कठिन तपस्या गरे। यो कठिन कार्य देखेर मान्छेहरूले उनको नाम **श्रीबाला तपस्वी** राखे। पछि गएर उनको यही नाम नै अन्य नामहरू भन्दा विशेष प्रसिद्ध भयो।

सन्न्यास

श्रीबाला तपस्वी नामाकरण भएको केही वर्षपछि एक विद्वान् ब्रह्मज्ञानी सन्यासी श्री १०८ स्वामी सच्चिदानन्द गिरिजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमहंस उहाँ रहेको स्थानमा आउनु भयो। उहाँकै सत्सङ्ग र आशिर्वाद पाएर श्रीबाला तपस्वीज्यूले सन्यासी रूपधारण गर्नुभयो। त्यसपछि उहाँको नाम गुरुद्वारा श्री १०८ हंसानन्द गिरिजा परमहंस रहन गयो।

यज्ञ आरम्भ

रूकुमबाट आएका एकजना गौतम कुलका विप्र कुमारलाई सन्न्यास दिएर प्रभुदेवले प्रथम चेला बनाउनुभयो र उनको नाम श्री १०८ बोधानन्द गिरिजा (जसलाई पुजारी महाराज पनि भनिन्छ) राखि दिनुभयो। यी दुवैले मिलेर शिवालय र यज्ञशालाको निर्माण गरे। यसै ठाउँमा प्रभुदेवले प्रथम यज्ञ प्रारम्भ गर्नुभयो। यज्ञको फलस्वरूप त्यस स्थानमा तपस्वी तथा तेजस्वी ब्राह्मणहरूको जमघट हुन थाल्यो र त्यो स्थल देवस्थलको रूपमा मानिन थाल्यो। बाह्र वर्षसम्म यज्ञ कार्यसम्पन्न गरी प्रभुदेव आफ्ना गुरु र चेलासहित त्यस स्थानबाट स्वर्गद्वारी पर्वततिर लाग्नुभयो। त्यहाँ पुगिसकेपछि 'बाँभ्र' नामक वृक्ष मुनि आफ्नो आसन जमाउनु भयो। उहाँले आसन लगाएको ठाउँ अद्यापि सुरक्षित अवस्थामा छ।

स्वर्गद्वारी प्रवेश

स्वर्गद्वारी शिखरको तल उत्तर दिशामा अवस्थित गाउँहरूबाट गर्मीको बेला गोठालाहरू आफ्ना गाईवस्तुहरू ल्याई निवास गर्दथे। यहाँ घाँस प्रचुर मात्रामा पाइने हुँदा गाई वस्तुहरू चराउन गाउँमा भन्दा यस ठाउँमा सुविधायुक्त हुने हुँदा गोठालाहरू प्रायः जसो यहाँ बसेर आफ्ना गाईवस्तुहरू पाल्ने गर्दथे। प्रभुदेवले सबै गोपालहरूलाई बोलाएर पूर्वकालमा यस स्थलमा महान् यज्ञ गर्नुभएको थियो। म पनि यस ठाउँमा अखण्ड यज्ञ गर्न चाहन्छु। अतः यो पर्वतलाई खाली गरिदिनुहोस् भनी भन्नु भयो। सो को प्रमाण स्वरूप प्रभुदेवले त्यो ठाउँ खनेर पुराना पञ्चपात्र, अर्घौंता र केही पैसाहरू देखाउनु भयो। धर्म पानी टापूमा महीचन नरेशका शस्त्रास्त्र र सुरक्षित पैसाहरू पनि भेट्टाइए। यी सबै प्रमाण स्वरूप देखेपछि गोठालाहरूले त्यो शिखर छोडी दिए।

पुरी निर्माण

श्रीबाला तपस्वीले स्वर्गद्वारीमा यज्ञ प्रारम्भ गर्न लाग्नु भएको प्रचार चारैतिर फैलिएपछि टाढा-टाढाबाट श्रद्धालु भक्तजनलाई आएर अन्न वस्त्र र द्रव्य आदि समर्पण गरी आश्रमको निर्माणमा सहयोग पुऱ्याउन थाले। सबैको सहयोगको फलस्वरूप केही दिनभित्रै एउटा सुन्दर शिवालय खडा भयो। जसमा विधिपूर्वक शिवजीको प्रतिमा स्थापना गरियो। त्यसपछि यज्ञशालासँगै नौ मन्दिरहरूलाई जोडेर एउटै मन्दिर बनाईएको थियो। प्रत्येक मन्दिरमा पृथक्-पृथक् पाँच अग्नि कुण्ड र चार देवताको मन्दिर बनाईएको थियो। हाल ती यज्ञमण्डलहरू ढुङ्गाद्वारा बनाईएको छ, तर भित्री भाग भने पुरानै छ, जसलाई परिवर्तित गरिएको छैन।

शिवालय र यज्ञशालाको निर्माण भएपछि कुटीहरू सहित वेद अध्ययन गर्ने पाठशाला, छात्रावास, धर्मशाला र गौशालाको निर्माण पनि पूर्ण गतिका साथ शुरु भयो।

अखण्ड मण्डलाकार यज्ञ प्रारम्भ

निर्माण कार्य पूरा भई भौतिक वस्तुहरू जुट्न थाले पछि प्रभुदेवले तेत्तिस ब्राह्मणहरूद्वारा मण्डलाकार नामक यज्ञ प्रारम्भ गर्नुभयो। यस यज्ञको विधि केवल प्रभुदेवलाई मात्र ज्ञात थियो।

मन्दिर परिचय तथा पूजापाठ

स्वर्गद्वारीमा निर्मित मन्दिरहरूमा पश्चिम मन्दिरलाई मूल गादी (मुख्य मन्दिर) भनिन्छ। यहाँ श्रीविष्णुसहित पञ्चायनको पूजा र श्रीमद्भागवत महापुराणको नित्य पाठ हुन्छ।

उत्तर मन्दिरमा श्रीशिव पञ्चायनको पूजा नित्य रुद्रीको पाठ र गणेशजीको पूजा हुँदै आइरहेको छ। पूर्व दिशाको मन्दिरमा श्रीदेवी पञ्चायनको पूजा र श्रीमद्भागवत महापुराणको पाठ सधैं हुने गर्दछ।

दक्षिणको मन्दिरमा श्रीसूर्य पञ्चायनको पूजा र पद्म पुराणको पारायण हुने प्रचलन छ। यही मन्दिरमा प्रभुदेव र बोधानन्दजी पुष्पाञ्जली, आरती र तिलकको समयमा सबै भक्तजनहरू सहित विराजमान हुने गर्नुहुन्थ्यो। यस स्थलमा श्रीप्रभुदेवको स्वर्णिम मूर्ति स्थापना गरिएको छ र बोधानन्दज्यूको आसनलाई चौकी बनाएर सुरक्षित राखिएको छ।

यसरी चार दिशाका चार मन्दिरमा चार अग्निकुण्ड तथा बीचको मन्दिरमा विशाल मुख्य अग्निकुण्ड बन्यो। यसरी पाँच अग्निकुण्डहरूमा सधैं हवन चलिरहन्थ्यो। आज पनि नित्य ३३ ब्राह्मणहरूद्वारा हवन गरिन्छ। तर प्रभुदेवको समयमा हुने हवनको विशिष्टता अर्कै थियो। यस अखण्ड यज्ञको शुरूवात विक्रम सम्वत् १९५१ को वैशाख पूर्णिमाको दिनदेखि भएको हो। यस्तो प्राचीनतम् यज्ञ संसार भरमा पाइन दूर्लभ छ।

पुरीको विशेषता

श्रीप्रभुदेवका समयदेखि नै भण्डार कुटीको प्रबन्ध व्मवस्थित तथा सुचारु रूपले चलिरहेको छ। स्वर्गद्वारीको दर्शन गर्न, भक्तजनहरूलाई दुई छाक खान तथा बस्नको प्रबन्ध आश्रमबाट नै मिलाइने हुँदा स्वर्गद्वारीको दर्शन गर्न जाँदा कुनै कठिनाइको सामना गर्नु पर्दैन। श्रीप्रभुदेवले मिलाएझैं हालपनि मन्दिरबाट नगरा, तुरही, शंख घण्ट, मृदङ्ग र ढोलका सङ्गीतमय

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आवाजहरू वेदपाठको दीर्घ र उच्च ध्वनि र भक्तजनहरूको जय-जयगान चारै दिशामा गुञ्जायमान भइरहन्छ ।

जलाशय

स्वर्गद्वारी शिखरमा हाल एक जलाशय रहेको देखिन्छ। जुन प्रभुदेवको पालामा निर्माण गरिएको हो। बँदेलले खनेको खाल्येलाई विस्तृत पारी तलाउको रूप दिई सम्पूर्ण तीर्थहरूबाट जल मगाएर यसमा राखिएको थियो।

गाई पालन

अखण्ड यज्ञ प्रारम्भ गर्दा प्रभुदेवले सम्पूर्ण देव, देवी तथा ऋषि महर्षिहरूलाई निम्तो दिँदा सबैले गाईको रूप धारण गरी उपस्थित भएका थिए भन्ने किम्बदन्ती छ। हालसम्म पनि यहाँ गाई पालना यथावत छ। गाईलाई वनमा चराउन लैजान र आश्रममा ल्याउन कुनै गोठालाको जरूरत पर्दैन। दिनभर वनमा चरेर गाईहरू साँझ आफैँ घर फर्कन्छन्। प्रभुदेव समाधिस्थ भएपछि सरकारी स्तरबाट गाईवस्तुको सङ्ख्या लिँदा गाई र बाच्छा बाच्छीको सङ्ख्या एक हजार दुई सय र भैँसीको सङ्ख्या तीनसय थियो। यी गाई र भैँसीलाई प्रभुदेवको आफ्नै जमिन्दारी देउखुरीको वन गाउँ, दाङको झिँगौरा र स्वर्गद्वारी आश्रममा बाँडफाँड गरी राखिएको थियो। पहाडमा फुल्ने फूल, सुवासित ताजा यज्ञमा जलाइएको घिउ, सुगन्धित धूप, कपूर, केशर र चन्दनको मनोहर सौरभ बोकेर यस शिखर पवित्र वायु बहिरहन्छ। जसले यस आश्रममा प्रवेश गर्छ,उसलाई पूर्ण शान्ति प्राप्त हुन्छ ।

आश्रमका सन्यासी

प्रभुदेवका दुई गुरु भाई थिए। एक हुन् अनन्त गिरिजा जसले ऋषिकेशमा गएर नेपाली क्षेत्रको व्यवस्था गरे। दोस्रा हुन दौलतानन्द गिरिजा जसले अन्तिम समयसम्म आश्रममै बसेर प्रभुदेवको सेवा गरे।

प्रभुदेवका प्रथम चेला हुन् बोधानन्द गिरी जसलाई मान्छेहरू शेषनागको अवतार मान्दथे तथा अन्य चेलाहरूमा श्रीमुक्तानन्द गिरि, गोविन्द गिरि, शंकरानन्द गिरि, विद्यानन्द गिरि, ईश्वरानन्द गिरि, सूर्य गिरि, महेश्वर गिरी, लोकानन्द गिरी, जगनाथ गिरी, ब्रह्मभ्यासी गिरी, हरिहर गिरी, अमरानन्द गिरी, खड्गानन्द गिरी, दोश्रा शङ्करानन्द गिरी, आनन्द गिरी, विश्वानन्द गिरी, परमानन्द गिरी, समुद्रा गिरी, पार्वती गिरी, यमुना गिरी, ललिता गिरी, गंगा गिरी, उमा गिरी, नारायण गिरी आदि अनेक चेलाहरू भए। बोधानन्दजीका चेलाहरू सत्यानन्द गिरी उनका आदित्य गिरी, उनका पूर्ण गिरी र उनका रत्न गिरी भए।

महेश्वरनन्दका शिष्य-रम्भा गिरी र माधव गिरी हुन्। सूर्य गिरीका चेला -प्रयाग गिरी, चन्द्र गिरी, केशव गिरी, मनु गिरी, लक्ष्मण गिरी, विश्व गिरी, मंगल गिरी, बाला गिरी, सागर गिरी आदि थिए। अमरानन्दका शिष्य-कर्णानन्द गिरी भए। खडानन्दका चेला थिए-तारा गिरी । दोश्रा शङ्करानन्दका चेलाहरू सुकदेव गिरी, रामानन्द गिरी, सीता गिरी, शिवा गिरी र पार्वती गिरी । ब्रह्मभ्यासी गिरीका चेलाहरू-अनन्तानन्द गिरी, मुक्ता गिरी। मुक्ता गिरीका तुलसा गिरी र उनकी भागवत गिरी भन्छन्। कृष्णानन्दका चेलाहरू आत्मानन्द गिरी, गणेश गिरी, हरिहर गिरी आदि परमानन्दका शिष्य देवानन्द गिरी। पुष्करानन्दका चेला तथा चेलीहरू धर्मानन्द गिरी, दमयन्ती गिरी, इन्द्र गिरी आदि। समुद्रा गिरीकी चेली अयोध्या गिरी, रत्न गिरी, कृष्ण गिरी, गङ्गा गिरी, कुमार गिरी, शारदा गिरी। पार्वती गिरीकी चेली-गौरी गिरी, सीता गिरी, भागवत गिरी, उनकी मुक्ता गिरी। गौरी गिरीकी चेली-गिरिजा गिरी। उमा गिरीकी चेली-अन्नपूर्णा गिरी। लक्ष्मी गिरीकी चेली शान्त गिरी, केदर गिरी, प्रकाश गिरी आदि।

यी सबै महान् भक्त भए। यी सबै भक्तहरूले प्रभुदेवको सेवा भक्ति गर्नुको साथै स्वर्गद्वारी आश्रमको विकास र निर्माणमा आफ्नो जीवन समर्पित गरे।

मेघारम्भ महायज्ञ

अखण्ड मण्डलाकार नामक महायज्ञको साथसाथै प्रभुदेवले वृहस्पति महायज्ञ र श्रीविश्वजीत महायज्ञ आरम्भ गरेर विधिपूर्वक समाप्त गर्नुभयो। त्यसपछि मेघारम्भ महायज्ञ पनि आरम्भ गरियो। यस यज्ञका लागि कूल एक सय बहत्तर ब्राह्मणहरू आ-आफ्नो कार्यमा खटिएका थिए। एक वर्षसम्म चलेको यस महायज्ञले गर्दा प्रभुदेवको कीर्ति र महिमा झन् घर-घरमा गाउन थालियो।

अनन्त महारुद्री यज्ञको अनुष्ठान

चारै दिशाबाट सबै प्रकारका सामग्रीहरू सङ्कलन गरी वैशाख पूर्णिमाको दिन 'अनन्त महारुद्री' नामक यज्ञ प्रारम्भ भयो । यस यज्ञमा एक सय दुई ब्राह्मणले रुद्री पाठ गरेका थिए। एक सय आठ छिद्र भएको अभिषेक पात्रबाट निस्केको १०८ गाईको दूध मिश्रित जलको धाराले प्रतिदिन एक महारुद्री पूर्ण हुन्थ्यो। यसरी दशांस हवन, मन्त्र तन्त्र, सप्तसती तथा महाकाल, शनि, मृत्युजन्य आदिको जप-पाठका साथै विद्वान् ब्राह्मणबाट श्रीशिव पुराणको व्याख्या पनि गरिन्थ्यो। महाप्रभुको प्रवचन कार्यक्रम पनि हुन्थ्यो। यसरी वर्षभर अनन्त महारुद्री नामक रुद्राभिषेक पूर्ण गरी वैशाख पूर्णिमाको राति ठूलो उत्सवसहित प्रभुदेवले उध्यापन गर्नुभयो। यसप्रकार विश्वमा सबैभन्दा ठूलो अनन्त महारुद्री महाप्रभुबाट सम्पादित भयो।

☆☆☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



राजेश्वर थापा

अनुपम संस्कृतिको संगमस्थल हो ताप्लेजुङ

सुदूर उत्तर-पूर्वी नेपालमा अवस्थित नेपालको एक प्रशासकीय जिल्ला ताप्लेजुङ नेपालका उत्तरी सीमान्त जिल्लाहरू मध्येको एक हो। पृथ्वीको २७०१५" देखि २७०५६" उत्तरी अक्षांश र ८७०३२" देखि ८८०१५" पूर्वी देशान्तरभित्र ७७७ मिटरदेखि ८८५६ मिटरको उचाईसम्मको ३१५८ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको नेपालको एक प्रशासकीय जिल्ला ताप्लेजुङ नेपालका अद्‌भूत तथा अनुपम जिल्लाहरूमध्ये अग्रपंक्तिमा रहेको एक हो। यो जिल्ला नेपालका समग्र उत्तरी जिल्लाहरूमध्ये एक मात्र यस्तो उत्तरी सीमान्त जिल्ला पनि हो जसको साँध सिमाना दुईवटा विशाल छिमेकी मुलुकहरू चीनको स्वशासित प्रान्त तिब्बत र भारतमा पछिल्लोपल्ट एकीकृत प्रान्त सिक्किमसँग जोडिएको छ र यो ठाउँ त्रिदेशीय संगमस्थल बनेको छ। पहिले यस ठाउँलाई पल्लो किरात अन्तर्गताके लिम्बुवान भनिन्थ्यो जहाँ आपुंगी किराँत लिम्बूहरूका विभिन्न गढ गढीहरू थिए। पछि वि.सं. १८३१ मा यो ठाउँ शान्तिपूर्ण ढंगले नेपाल अधिराज्यमा एकीकृत भएको थियो।

सृष्टिका रचनाकारले धेरै मेहनत, जागर र सीप लगाएर सृजना गरेका धरतीका अद्वितीय अनुपम सृजनाहरूमध्ये यो जिल्ला पनि एक हो। प्रकृतिको अद्‌भूत सृजनाको रूपमा रहेको र प्राकतिक बनोट, वातावरणीय एवं जैविक र प्राकृतिक साधन स्रोतहरूको विविधताको क्षेत्रमा अति सम्पन्न र वैभवशाली रहेको यस जिल्लामा पर्यटन प्रवर्द्धन, जलस्रोत र खानी विकासका लागि परिपूर्ण साधन स्रोतहरू छन्। सृष्टिले हिमालय पर्वत श्रृङ्खला, पहाडी श्रृङ्खला र लेक वेशी उच्च नीच र समथर फाँट यावत नरमकरम मिलाएर रचना गरेको जिल्ला साच्चै चित्ताकर्षक भूगोलयुक्त जिल्ला हो। यस धर्तीका विभिन्न भागहरूमा जे जति सुन्दर, अनुपम, आकर्षक तथा मनोरम प्राकृतिक सृष्टिहरू, सिर्जनाहरू र मानवीय रचनाहरूको असंख्य विविधता छ ति सबै सम्पन्न विविधता, वैभवता, दौलत र प्रचुरताहरू यस जिल्लामा खचाखच भरिपूर्ण छन्। त्यही कारण भनिन्छ कि दुनियाँका निमित बेखवरजस्तो, पहुँचहीनजस्तो र पृथकजस्तो कञ्चनजंघा हिमाली क्षेत्रले ओगटेको ताप्लेजुङ धर्तीका निम्ति सृष्टि र सिर्जनाको एक अनुपम, महत्तम र सर्वोत्तम वरदान नै प्रतित हुन्छ। यस जिल्लाको समग्र सम्पन्न वैभवतालाई क्षेत्रगत रूपमा भन्न यसरी पनि सकिन्छ:

प्राकृतिक अनुपमता

प्रकृतिको अनुपम र अद्‌भूत सिर्जनाको रूपमा रहेको र प्राकृतिक बनोट, अद्‌भूतता, विचित्रता र अनुतलनीयताको

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक अनुपम उदाहरणको रूपमा रहेको यस जिल्लामा विश्वको तेस्रो तथा नेपालको दोस्रो सर्वोच्च हिमशिखर कञ्चनजंघासहित १४ वटा ७ हजार मिटरभन्दा अग्ला र ४५ वटाभन्दा बढी ५ हजारदेखि ७ हजारसम्मका गरी ५९ वटा सर्वोच्च हिमशिखरहरूको झुण्ड एकसाथ एकै ठाउँमा जो छन यस्तो हिमाली प्रचुरता स्वयम नेपालकै संसार प्रसिद्ध सगरमाथा क्षेत्रमा पनि दुर्लभ र असम्भव छ भने विश्वको के कुरा गर्ने ! त्यसैले भनिन्छ कि यो जिल्लाको पनि हिमालयन क्षेत्र हिमालय पहाडहरूको खानी हो ।

तर यसको वैभवता यता मात्र होइन । यहाँ दुनियाँमा भएको र नभएको के छैन ? सवथोक छ। यो जिल्ला एक यस्तो अद्भूत जिल्ला पनि हो जहाँ विश्वमा र स्वयम हिमशिखरहरू र हरेक नदीहरूको खानी नेपालकै अन्य भागहरूमा समेत पनि असम्भव २४ वटाभन्दा बढी लामा लामा कञ्चन हिमनदीहरू यस जिल्लाबाट बग्ने सप्तकोशी नदीको एक मुख्य नदी तमोरलगायत थुप्रै नदी, खोला तथा खहरेहरूका जननीहरू हुन् । "हिउँका पाँचवटा भण्डारहरू" र "शक्तिदायक भगवानका मुकुटहरू"को नामले स्थानीय जनताको दिल दिमागमा विराजमान ताप्लेजुङको हिमालयन क्षेत्र पूर्वी नेपालका पहाड र मधेशका वेंशी तथा समथर फाँटहरूलाई सिंजन गरी उर्वरभूमि बनाउने र समग्र मुलुकलाई नै धनधान्यको स्वामी बनाउने ठूलठूला नदीहरूको जननी पनि हो । यस जिल्लामा अवस्थित यही हिमाली अवस्थितिका कारण पूर्वी नेपालमा पर्याप्त उत्पादन अनुकूलको वर्षात् र मौसम निर्माण बन्ने र हुने गरेको छ। यो क्षेत्र विश्व र स्वयम हिमशिखरहरू र हिमनदीहरूको खानी नेपालमै समेत पनि एकमात्र यस्तो क्षेत्र हो जहाँ असंख्य लामा लामा र सदा प्रवाहित हिमनदीहरू अटूट, अविरल बगिरहेका छन्। यस क्षेत्रमा जति र जेजस्ता हिमनदीहरू पाइन्छन् त्यस्तो अन्यत्र कहीँ कतै सम्भव छैन।

त्यति मात्र नभएर यस जिल्लामा प्राकृतिक वैभवता र विविधताको क्षेत्रमा असंख्य ठूलठूला ताल, तलैया, पोखरी, झरना, छहरा, भञ्ज्याङ, डाँडाकाँडा, घना लेक पातलहरू, घाँसे मैदानहरू, उपत्यकाहरू, गल्छी गौडाहरू र ११० प्रजातिका ५०० भन्दा बढी किसिमका फूलहरू, ६० भन्दा बढी जातका अर्किड (सुनाखरी) हरू, २८ भन्दा बढी प्रजातिका लालीगुराँस तथा किसिम किसिमका वनौषधी जडीबुटीहरू, हिमचितुवा, नीलभेडा, रेडपाण्डा, कालोभालु, कराउनेमृगजस्ता दुर्लभ जीवजन्तुसहित ३५ भन्दा बढी प्रजातिका पंक्षीहरू, थुप्रै किसिमका पुतली, घस्रने किरा फटेङ्ग्राहरू पाइन्छन्। यस क्षेत्रमा नेपालमा माइने २८ किसिमका इण्डेमिक लावरिङ प्लान्टसहरूमध्ये १५ किसिमका वृक्षहरू पाइन्छन् भने यहाँ संसारमै सबभन्दा बढी जातका लालीगुराँसहरू पाइएको छ। त्यस मध्ये पनि यो क्षेत्र सुनगाभाको त अतुलनीय भण्डार नै मानिन्छ। त्यसैले यस जिल्लालाई धर्तीको स्वर्ग भनिएको नेपालकै पनि एक स्वर्ग हो।

यसबाट स्पष्ट हुन्छ कि हिमशिखरहरूको खानीजस्तो लाग्ने यो क्षेत्र नेपालका उच्च सर्वोच्च हिमशिखरहरूको पनि शिखर हो एकातिर भने अर्कातिर यो क्षेत्र विश्वमै एक यस्तो संगम क्षेत्र पनि हो जसले ३ वटा मुलुकहरूलाई एक आपसमा गाँसेको छ। त्यही कारण र अन्य थुप्रै कारणले हुन सक्छ कि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्व वन्यजन्तु कोषले यस क्षेत्रलाई धरतीका निम्ति प्रकृतिको "अनुपम वरदान" घोषणा गरेको छ। यसका अतिरिक्त यो क्षेत्र जैविक विविधताले परिपूर्ण क्षेत्र पनि हो। यसैगरी यो क्षेत्र जडीबुटीको उपलब्धतामा पनि उत्तिकै विख्यात छ जहाँ नेपालमा पाइने सबै किसिमका जडीबुटीहरू पाइन्छ। त्यस त्यही कारण यस क्षेत्रलाई "धर्तीको स्वर्ग"को रूपमा लिएर विश्व वन्यजन्तु कोषले यसको सर्वतोमुखी विकासका लागि प्रयत्नहरू अघि बढाएको छ।

प्रकृतिले यही जिल्लालाई एक यस्तो जिल्ला बनाएको छ जहाँबाट नेपालका २ छिमेकी मित्र राष्ट्रहरू चीनको स्वशासित क्षेत्र तिब्बत र भारतको पूर्वात्तर प्रान्त सिक्किममा आफ्ना ४ वटा नाकाहरू (उत्तरमा ३ वटा र सिक्कममा एउटा) बाट आवत-जावत गर्न सकिन्छ भने यही जिल्ला एउटा यस्तो जिल्ला हो जहाँ कञ्चनजंघा संरक्षण क्षेत्र जस्तो त्रयदेशीय

क्षेत्रफलमा फैलिएको एक विशाल क्षेत्र छ। "प्रकृतिको वरदान" उपमाले विख्यात कञ्चनजंघा हिमाली क्षेत्रमा पाइने हिमशिखरहरू, हिमनदीहरू, हिमतालहरू, वनस्पति, वन्यजन्तु र आध्यात्मिक तथा ऐतिहासिक महत्वका वस्तुहरूको विविधता र प्रचरताले यस क्षेत्रलाई विश्वमै अमूल्य क्षेत्र बनाएको छ। त्यसैले त यहाँका बासिन्दाहरूमा यस्तो विश्वास छ कि उनीहरूको जीवन यिनै भगवानको वरदानमा निर्भर गर्दछ। यो क्षेत्र एक यस्तो परम पावन क्षेत्र पनि हो जहाँ लामा बौद्धमार्गीहरूका परम पवित्र भगवानहरू र उनका चेलाहरूले भ्रमण गरेका थिए भने किराँत लिम्बूहरूका आस्थाका परम आराध्यदेव फक्ताङलुङ (कुम्भकर्ण), हिन्द तथा किरातूहरूका आराध्य देवी पाथीभरा (मुक्कुमलुङङमा), लामाधर्मीहरूका दिकीछ्योलिङ गुम्बा, टासीछ्योदिङ गुम्बा आदि थुप्रै गुम्बाहरू यहीं छन्।

ताप्लेजुङ जिल्लाभित्र सम्पूर्ण ब्रह्माण्ड नै भएको कञ्चनजंघा क्षेत्र छ भने यसका अतिरिक्त अन्य पनि थुप्रै क्षेत्रहरू छन्। तोक्पेगोला क्षेत्र, भुजे देउराली क्षेत्र तथा तिम्बुङपोखरी यस जिल्लाका त्यस्ता क्षेत्रहरू हुन् जहाँ प्रशस्त जैविक विविधता, आध्यात्मिक तथा ऐतिहासिक र सांस्कृतिक विविधता पाइन्छ। ताप्लेजुङ जिल्लाको कञ्चनजंघा क्षेत्र पर्वतारोहरणका लागि जति महत्वपूर्ण छ उत्तिकै महत्वपूर्ण छ धार्मिक तथा सांस्कृतिक पर्यटनका लागि पनि। यस क्षेत्रमा थुप्रै मनोरम तथा धार्मिक महत्वका ठूलठूला पोखरीहरू, झरनाहरू र गुफा ओडारहरू छन्। यही क्षेत्रमा घुन्सा र ओलाङचुङगोलामा अति प्राचीन लामा बौद्ध गुम्बाहरू टासीछ्योदिङ र दिकीछ्योलिङ छन्। भनिन्छ कि यी गुम्बाहरू ५०० वर्षभन्दा पुराना हुन्। ओलाङचुङको गुम्बामा त जन्मजात "ओम माने पदमे हुँ" अक्षर अंकित पवित्र सेतो च्याउ (चेरेसी) र स्वर्ण युगीन बत्ती (अटूट प्रज्वलित) रहेको छ। त्यसैगरी यस क्षेत्रको घुन्सा नजिक किराँतहरूका परम पवित्र धार्मिक आस्था केन्द्र फक्ताङजुङको पावन पवित्र भूमि, ओडार र मन्दिर छ। उनीहरूको मुन्धुमका अनुसार, किराँतहरूको उत्पत्ति अघि यही ठाउँमा भएको थियो। त्यही कारण उनीहरू आफ्नो जीवनमा एकपटक यस ठाउँको दर्शन भ्रमण गर्नु आवश्यक छ भन्छन्।

यही क्षेत्रमा अर्को परम पवित्र पोखरी तिम्बुङ पोखरी रहेको छ। यो पोखरी पनि हेर्नका लागि आकर्षक र धार्मिक महत्वको छ। हरेक वर्ष यस आसपासका र पाँचथर, इलाम, तेह्रथुम तथा दार्जीलिङ, सिक्किम- तिरका थुप्रै भक्तजनहरू

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसको दर्शन गर्न यहाँ आउँछन् र वर्षको एक पटक यहाँ ठूलो मेला पनि लाग्ने गर्दछ। त्यसैगरी यो कञ्चनजंघा क्षेत्र सांस्कृतिक विविधताको क्षेत्र पनि हो । यस क्षेत्रमा लिम्बू, शेर्पा, राई, मगर, तामाङ, गुरुङ, वालुङ, भोटे र क्षत्री, ब्राह्मणहरूको सम्मिश्रित संस्कृति छ । ओलाङचुङगोला, याङमा र घुन्सामा शुद्ध हिमाली बौद्ध संस्कृति छ भने लेलेप, लुङथुङ र याम्फूदिनमा लिम्बू, गुरुङ, राई र शेर्पाहरूको सम्मिश्रित संस्कृति छ जो निकै उन्नत र सम्पन्न छ। सबैभन्दा महत्वपूर्ण कुरा त यो कञ्चनजंघा क्षेत्र नै एक यस्तो क्षेत्र हो जुन ठाउँ भएर पहिले किराँत लिम्बूहरू, मगरहरू र वालुङ भोटेहरू र थुदामहरू नेपाल प्रवेश गरेका थिए र अहिले पनि उनीहरू यही ठाउँलाई आफ्नो पुर्ख्यौली थलो बनाएर यहीँ बसोबास गरेका छन्। लिम्बू, मगर र वालुङ भोटे बाहेकका जति पनि जात जातिहरू यस क्षेत्रमा बसोबास गर्दछन् उनीहरू पछि कतैबाट यहाँ पुगेका मानिन्छन्। यहाँको सबैभन्दा पहिलो वासिन्दा मगर, लिम्बू नै हो।

अझ सबैभन्दा महत्वपूर्ण र चाखलाग्दो अर्को एउटा कुरा के हो भने ताप्लेजुङ जिल्लाको कञ्चनजंघा क्षेत्र पर्यटन प्रवर्द्धन प्रारम्भको दृष्टिकोणले एक यस्तो क्षेत्र हो जहाँ सबभन्दा पहिले युरोपीय पर्यटक र अन्वेषकले भ्रमण गरेका थिए र नेपालमै सर्वप्रथम यस क्षेत्रका मानिसहरूले विदेशी पाहुनाहरूको पथप्रदर्शक, सेवा, सत्कार र आतिथ्यता सत्कारको उच्चतम नमूना प्रदर्शन गरेका थिए। सन् १८४८ मा विश्व प्रसिद्ध अंग्रेज वनस्पतविज्ञ डा.सर जोसेफ ड्याल्टन हुँकरले दार्जीलिङतर्फबाट नेपाल प्रवेश गरी इलाम हुँदै ताप्लेजुङको मेवाखोला दोभानबाट खोकलिङ, मित्लुङ, सिवा हुँदै ओलाङचुङ, याङमा, घुन्सा र याम्फूदिनको भ्रमण गरेका थिए। उनले यस क्षेत्रका सम्पूर्ण वनस्पतिहरूको नमूना संकलन गरेर लगेका थिए र उनैले सर्वप्रथम नेपालमै पर्वतारोहणको श्रीगणेश पनि गरेका थिए। उनले यस क्षेत्रका थुप्रै साना ठूला हिमशिखरहरूको आरोहण गरेका थिए। यसरी यो क्षेत्र नेपालमै सर्वप्रथम विदेशी पर्यटक, पर्वतारोही र अन्वेषक भित्र्याउने क्षेत्र हो। उनैले यस क्षेत्रका मानिसहरूलाई विदेशी पाहुनाको भारी बोक्ने, भात भान्सा बनाउने, अतिथिको सेवा गर्ने र उनीहरूलाई बाटो देखाएर पथप्रदर्शन गर्ने कुरा सिकाएका थिए। यहीँबाट नेपालमा पर्यटन विकासको थालनी भएको हो भने पर्वतारोहणको थालनी उनैले गरेका हुन् र उनको यस प्रयत्नमा यहीँका शेर्पाहरूले साथ दिएका थिए। त्यसैले नेपालमा पहिलो हिमालयन गाइड र पर्वतारोहण सहयोगी यहीँका फुर्चुङ शेर्पा पहिला हुन्।

त्यसैगरी नेपालमा भौगोलिक सर्वेक्षणको धरातलीय कार्यको श्रीगणेश पनि यही क्षेत्रमा सबैभन्दा पहिले भएको थियो। सन १८५२ मा सर्वप्रथम क्याप्टेन डब्लू.एस. शेरविलले र सन् १८६१ मा भारतस्थित वृटिश सेनाका लेर्फ टनेण्ट श्री कार्टरले यस क्षेत्रमा पर्ने तुम्लुङ र दार्जीलिङको बीचको भू-भागको नौसैनिकी जाँचबुझ गरेका थिए। त्यसको १८ वर्षपछि सन् १९७ मा भारतीय सर्भे विभागका आर.ई.क्याप्टेन एच.जे.हर्मनको नेतृत्वमा गठित सिक्किमको सर्भे टोलीले पनि यस क्षेत्रको सर्भे कार्य गरेको थियो। त्यसपछि उनले बाँकी राखेको कार्य कर्णेल एच.सी.भी.टयानर, रवर्ट, रिन्जीन नामग्याल, हर्मन भोन,मेजर जे.एल.शेरविल, एलिजावेथ, सिक्किम सर्भेयर एच.जे., उगेन ग्यात्सो, डब्लू. डब्लु. ग्राहाम, जे.क्लाउड, वनर्जी, विस्स, जे.डी.ए., जे.एफ.डोब्रेमेज, आदिले पूरा गरे। त्यसैगरी नेपालमै सबैभन्दा बढी खोज अन्वेषणका कार्यहरू पनि यही क्षेत्रमा भएका छन्। सर जोसेफ ड्याल्टन हुँकरपछि भारतस्थित तत्कालीन वृटिश कुटनीतिज्ञ मिस्टर क्लाउड ह्वाइट, फोटोग्राफर होमम्यान, मेजर ओ.कर्नर, इ.जे.गारउड, फोटोग्राफर भिक्टोरिया सल्ला, सर्भेयर डगलस फ्रेसफिल्ड, ज्याकोट ग्युममोडले, जे.वनर्जी, उइज डनेण्ट, जे.डि.ए.स्टेन्टन हिरोसी हारा, कानाइ, क्युरोसावा, ओहासी, यावात्सुकी, ओमा, जे.एफ. डोव्रेभेज, पी.ओजेण्डा, सी.जेष्ट,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुजुकी, नोसिरो अकियामा, कोवा र चोवा विश्वविद्यालय र सन फ्रान्सिस्को स्टेट युनिभर्सिटीका अनुसन्धाताहरू समेतले यस क्षेत्रको व्यापक अध्ययन अनुसन्धान गरेका थिए।

त्यसैगरी सन् १८७९ र १८८१ मा गरी दुई पटक प्रख्यात भारतीय विद्वान तथा दार्जीलिङमा तिब्बती वोर्डिङ स्कूल, जो पछि दार्जीलिङमा सरकारी हाइस्कूल भयो,का संस्थापक प्रिन्सिपल पण्डित बाबु शरदचन्द्र दास तिब्बतको पेमा याङत्से गुम्बाको भ्रमण गर्न जाने सिलसिलामा यही मार्ग भएर गएका थिए र उनले यस क्षेत्रको ऐतिहासिक तथा धार्मिक महत्वको बारेमा विशद् व्याख्या गरी भ्रमण डायरी लेखेका छन्। उनी पछि प्रसिद्ध समाजशास्त्री क्रिस्टोभ भोन फुरर हैमेनडर्फ,नेपाल विज्ञ स्वीस विद्वान टोनी हेगन आदिले पनि यस क्षेत्रको भ्रमण गरेका थिए। उनीहरूको भ्रमणले यस क्षेत्रलाई देश विदेशमा परिचित बनाउन मद्दत पुऱ्याएको छ। त्यसैगरी सन् १९९९ को सेप्टेम्बरमा दक्षिण कोरियाको कञ्चनजंघा पर्वतारोहण दलले भू-उपग्रहमार्फत कञ्चनजंघा आरोहणको आफ्नो अभियानको प्रत्यक्ष प्रसारण कोरियाको राजधानी सिउलस्थित के.वि.एस.टेलिभिजनबाट आफ्नो मुलुकभर गरेर कञ्चनजंघा हिमालको महिमालाई कोरिया र बाँकी दुनियाँभर फैलाएको थियो।

यस बाहेक ताप्लेजुङ जिल्लामा अन्य थुप्रै पर्यटकीय, धार्मिक तथा ऐतिहासिक महत्वका स्थलहरू छन्। प्रकृतिले यस जिल्लालाई अनन्त, असीमित र अनुपम प्राकृतिक छटा, छवि, छायाँ र छनौटहरूले परिपूर्ण बनाएको छ। धार्मिक रूपमा यो जिल्ला थुप्रै महत्वपूर्ण ऐतिहासिक धार्मिक तीर्थस्थलहरू, पवित्र आराधनास्थलहरू र पर्यटकीय स्थलहरूले परिपूर्ण छ। त्यस्ता महत्वपूर्ण धार्मिक तथा पर्यटकीय महत्वका स्थल तीर्थस्थलहरूमा पाथीभरा भगवती (मुक्कुमलुङमा), मानाभरा भगवती फक्ताङलुङमा (कुम्भकर्ण), तिम्बुङ पोखरी, सोदु पोखरी, फुङफुङे झरना, सिन्जेमा पोखरी, श्रृङ्गदेउ चोक, छिकीछ्योलिङ गुम्वा, टसीछ्योदिङ गुम्बा, वुङकुलुङ गुम्वा, छिरुवा ओडार लगायत थुप्रै छन्। यिनीहरूमध्ये पनि पाथीभरा भगवती देवी पूर्वी नेपालको समग्र भूभाग र सिक्किम, आसाम, दार्जीलिङ, कालिम्पोङ, मणिपुर र पश्चिम वंगालका जनजनमा प्रख्यात छन्। त्यही कारण यहाँ वर्षेनी हजारौंको संख्यामा भक्तजनहरू दर्शन तथा पूजापाठका लागि पुग्ने गर्दछन्।

ऐतिहासिकता

कुनै "ताप्के" (ताप्ले) राजाको जोङ (जुङ) किल्ला रहेका कारण "ताप्लेजुङ" नाम रहन गएको हो भनिएको ताप्लेजुङ ऐतिहासिक रूपमा निकै प्राचीन महत्व र महत्ता बोकेको सृष्टिको एक मनोरम जिल्ला हो। यस जिल्लाको ऐतिहासिकता, उत्थान, पतन, अग्रता, पछौटेपन र निरन्तरता निकै लामो, रोचक र अध्ययनशील छ। भनिरहनु पर्दैन कि यो ठाउँ किराँत लिम्बूहरूको आदि वासस्थान हो। नेपालसहित भारत र अन्यत्रका पनि सबैजसो प्रख्यात इतिहासकारहरू नेपालको सबैभन्दा पुरानो र आदिम किराँत जाति यस मुलुकमा देवताहरू आउनुभन्दा पनि पहिले द्वापर युगको १५००० वर्षतिर यहाँ आएका हुन् भन्ने कुरामा एकमत छन्। प्रसिद्ध भारतीय

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्वान पण्डित शरदचन्द्र दासले त किराँतहरू पूर्वकालमा भोटबाट हिमालय पहाड काटेर यता आएका र काङवाचेन उपत्यका (विश्वको तेस्रो तथा नेपालको दोस्रो सर्वोच्च हिमशिखर कञ्चनजंघाको काखमा अवस्थित)मा बसोबास गरेका थिए भनी लेखेका छन् र काङवाचेन उपत्यकामा पहिले आएर बसोबास गर्ने किराँत जाति मगर रहेको र यो मगर जाति त्यहाँबाट पश्चिम नेपालतिर लागेको बताएका छन्। यस भनाइलाई पुष्टि गर्ने प्रमाणको रूपमा अहिले पनि काङवाचेन उपत्यकामा मगरका ध्वस्त वस्ती, दरबार र किल्लाहरूका भग्नावशेषहरू छन्।

किराँत अनुश्रुतिअनुसार चाहिँ अघि भोटस्थित "टसीरब्का" भन्ने ठाउँको गोठालो आफ्नो चौरीगाईहरूको बथान हराएकोले सो खोज्दै यता आउँदा याङमा (ओलाङचुङतिर) आई पुगेछन् र यहाँ आफ्ना चौरीगाईहरू फेला पारेको र यो ठाउँ बसोबासयोग्य भएकोले यहीँ बसेछन्। यसरी यहाँ पहिले आएर बस्ने यी मानिसहरू किराँत जातिका थिए र पछि यही जातिका सन्तानहरूले ताप्लेजुङ ढाकेका थिए, छन्। किराँत मुन्धुमको हवाला दिँदै इमानसिंह चोम्जोङले लेख्नु भए अनुसार परमात्माको शक्ति र सिन्धुक महारानीको आदेशअनुसार उवाहाङले किराँत देशको ताप्लेजोङ (ताप्लेजुङ), पोमेजोङ, यसोकजोङ (पाँचथर), चेरफोजोङ०आदि माथि कब्जा जमाउँदै मिथिला प्रदेशमा समेत हमला गरी आफ्नो देशको सिमाना त्यहाँसम्म कायम गरेका थिए। उनी यहाँ आइपुग्नु अघि नै काशी वंशका किराँतीहरूले यहाँ आएर यहाँको जमिन आवाद गरी बसोबास गरिसकेकोले हुनाले तिनीहरूसँग वैवाहिक सम्बन्ध गाँसेर एकसाथ मिलजुल गरी बसे र पछि त्यहाँका सबै किराती राजाहरूलाई आफ्नो वशमा ल्याएर उनीहरूलाई किराँतीहरूको ऋग्वेद सिकाए। उनले आफ्नो राजधानी पनि ताप्लेजुङ चुम्फुवाजोङमा सारे। उनको मृत्युपछि उनको छोरा मावोहाङ सम्पूर्ण किराँत राज्यको राजा भए र उनले आफ्ना प्रजाहरूलाई युमाधर्म अथवा यासोकेनी धर्म सिकाए जुन धर्म अहिले पनि किराँत समाजमा प्रचलित छ।

आजको नेपालको एक प्रशासकीय जिल्ला ताप्लेजुङ नेपालमा एकीकृत हुन अघि पोमाजुङ युक (माङदेन आठराई), मेरीङदेन यक (मेवाखोला), ताक्पे यक (तमोर खोला), थिन्दोलुङ यक (याङवरक) गरी ४ वटा स-साना राज्यहरूमा विभाजित थियो र ति राज्यहरूका अपुङ्गी राजाहरू (रायहरू) आकलुक राय, सिसियेङ श्रेङ, साम्लुप्ली साम्वा र थिन्दोलुङ कोयासँगको एक सन्धी सम्झौताअनुसार तत्कालीन गोर्खा (पछि नेपाल)का राजा पृथ्वीनारायण शाहले वि.सं. १८३१ मा यी राज्यहरू नेपालमा एकीकृत बनाएपछि वर्तमान नेपालको यो एक प्रशासनिक इकाइ (जिल्ला) बनेको हो। यही कारण कि यो जिल्ला अहिले छुट्टै पहिचानको एक संघीय राज्यको लागि धेरथोर अग्रसर बनेको छ। चर्चा परिचर्चाको अग्रभागमा छ।

जातीय विविधता

ताप्लेजुङ जिल्ला थुप्रै भिन्न भिन्न जात जाति र जनजातिका मानिसहरूको बसोबास भएको जिल्ला हो। यस जिल्लाको आदिवासी जनजातिको रूपमा लिम्बू, मगर देखिन्छन् भने अरू जात जाति र जनजातिहरू यहाँ पछि पुगेका देखिन्छन्। तापनि यहाँ रहने बस्ने हरेक जात जाति र जनजातिहरूका बीचमा रहेको आपसी सद्भावना, सहकार्य र सदासयताका कारण यहाँ एउटा साझा र समझदारीपूर्ण संस्कृतिको निर्माण भएको छ। यहाँ बसोबास गर्ने उत्तरी भेकका वालुङ, तोक्पे, लेकाली भेगका शेर्पा, गुरुङ र राई तथा पहाडी भेकका लिम्बू, राई, मगर र ब्राह्मण क्षेत्रीहरू सबै सबैका धार्मिक चाडपर्वहरू, धार्मिक संस्कार विधिहरू, धार्मिक पाठपूजा विधि र देवीदेवता तथा उनीहरूको आराधना विधिहरू र नाचगान, भजनकीर्तन, पोशाक, गरगहना, भाँडाकुँडा, औजार, हातहतियार र आचारविचारहरू सम्मिश्रित भएर ताप्लेजुङको साझा संस्कृति बनेको छ। यहाँ कुनै पनि जातिको जातीय श्रम, सीप र कला, संस्कृति एवं उत्पादन वस्तु त्यस जातिको मात्र नभएर सबै सबै जिल्लावासीको साझा भएको छ। वर्तमान ताप्लेजुङ जिल्लाले ओगटेको भूभाग नेपाल अधिराज्यमा एकीकृत हुनुअघि लिम्बुवानभित्र पर्दथ्यो र उस बखत यस जिल्लाका प्रायःजसो गाउँठाउँहरूमा लिम्बू जातिको बसोबास थियो। इतिहासमा भनिएअनुसार ताप्लेजुङको पूर्वोत्तर क्षेत्रको घुन्सा काङवाचेन इलाकामा मगर, शेर्पा र लाप्चेहरूको पनि प्राचीनकालमा बसोबास थियो। प्रसिद्ध बौद्ध विद्वान पण्डित शरदचन्द्र दासको भनाइअनुसार त मगरहरू यही क्षेत्रबाट पश्चिम नेपाल गएका हुन् भने सिक्किम र इलामतिर बसोबास गर्ने लाप्चे (लेप्चा)हरू पनि यहीँबाट गएका हुन्।

ताप्लेजुङ जिल्ला अहिले जातीय बसोबासका दृष्टिकोणले पनि एउटा सम्पन्न र नेपालमा भएका सबैजसो जातजाति र जनजातिका मानिसहरूको बसोबास भएको जिल्ला हो। अझ वालुङ, तोक्पेगोला, खाङवाचेङ, यलुङवा जस्ता जनजातिका मानिसहरूको आदिथलो त ताप्लेजुङ मात्र हो। अहिले यस जिल्लामा (१) लिम्बू, (२) क्षेत्री, (३) बाहुन, (४) राई, (५) तामाङ, (६) मगर, (७) गुरुङ, (८) सुनुवार, (९) वालुङ, (१०) तोक्पेगोला (ढोक्प्या), (११) खाङवाछेङा, (१२) यलुङवा, (१३) दशनामी (गिरी, पुरी, सन्यासी), (१४) भुजेल, (१५) दमाई, (१६) कामी, (१७) सार्की, (१८) कुमाल, (१९) चौधरी, (२०) यादव आदि जातजाति र जनजातिका मानिसहरू घुलमिल भएर सम्मिश्रित आवादीको रूपमा रहन्छन्। सम्भवत यति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै प्रकारका जातजाति र जनजातिका मानिसहरूको एकसाथ बसोबास भएको र जातीय सद्भावनाको नमुना बनेको जिल्ला नेपालमा एउटा मात्र यो हुँदा हो। यस जिल्लामा यस किसिमको विचित्रको बसोबास प्रथा कहिलेदेखि थियो त्यो यकिनसाथ भन्न नसकिएता पनि करिब अढाई तीन सय वर्षयताको इतिहास चाहिं उपलब्ध छ।

जातीय सम्मिश्रणका साथसाथै यस जिल्लामा (१) किराँत, (२) हिन्दू, (३) बौद्ध, (४) इसाई, (५) वोन, (६) प्राकृत, (७) इस्लाम र (८) वहाई आदि धर्मका मानिसहरू र त्यही अनुरूपका थान, मन्दिर, गुम्बा, चर्च र मस्जिदहरू छन्। यही एउटा जिल्ला हो जहाँ सबै जातजाति र जनजातिका साझा देवस्थल पाथीभरा, मानाभरा, फुङफुङे देवी, श्रेङ (सिदीङमा) देवी, फक्ताङलुङमा, तिम्वुङपोखरी, सोदुपोखरी, आदिका साथै किराँतहरूका थुप्रै थुप्रै पवित्र माङहिम (मन्दिर)हरू, दिकीछ्योलिङ, टासीछ्योदिङ, वुङकुलुङ आदि बौद्धहरूका गुम्बाहरू र गाउँ गाउँहरूमा सबै जातजातिका आ–आफ्ना देवस्थल, देवीथान, गुम्बा, माङहिम, चर्चहरू छन् र ति सबै धार्मिक सद्भावनाका नमूना बनेर बिना अवरोध शान्तिपूर्ण रूपमा संचालन भएका छन्। यहाँका हरेक जातिका मानिसहरू हरेक जातिका देवस्थलहरूमा जान्छन्, पाठपूजा गर्छन्। कहीं कसैको रोकटोक छैन। ओलाङचुङगोलामा अवस्थित दिकीछ्योलिङ गुम्बा, घुन्साको टासीछ्योलिङ गुम्बा र तोक्पेगोलाको सोदु पोखरीमा अवस्थित मन्दिरमा बत्ती बाल्न तल्लो भेगका हिन्दूहरू सहर्ष वर्षेनी जाने गर्दछन् भने बौद्धहरू पनि हिन्दू देवस्थलहरूको दर्शन, पूजापाठ गर्न नाइनास्ती गर्दैनन्। धार्मिक आस्था, विश्वास र त्यसको अवलम्बनको विषय या प्रसङ्गमा यहाँ कहिल्यै कुनै सामान्यभन्दा सामान्य वैमनस्यता पनि भएको छैन। सबैले सबैको धार्मिक आस्थाको सम्मान र सकेसम्म भरथेग गर्ने गरेका छन्।

यहाँका तान्त्रिक लामा, धामी, झाँक्री, विजुवा, फेदाङ्वा, बैदाङ, ज्योतिषी सबै जात जातिका मानिसहरूको विश्वासको साझा धरोहर हुन्, साझा सम्पत्ति हुन्। सबै धर्म, जाति र संस्कृतिका मानिसहरू उनीहरूबाट सहयोग लिन्छन्। यिनीहरूले पनि यहाँका हरेक जातजातिका मानिसहरूलाई एकसूत्रमा आपसी सद्भावनामा बाँध्ने काम गरेका छन्। सबैको विश्वासको साझा धरोहर बनेका छन्। जसरी जातीय तथा धार्मिक रूपमा यो जिल्ला विविधतापूर्ण र उच्चकोटीको छ त्यसरी नै सांस्कृतिक रूपमा पनि यो जिल्ला विविधताको नमूना बनेको छ। यहाँका हरेक जातजाति र जनजातिका मानिसहरूका आ–आफ्नै मौलिक लोकगीत, लोकनृत्य र लोकवाजाहरू छन् र यी अहिले यस जिल्लाका साझा सांस्कृतिक सम्पदा बनेका छन्। लिम्बू जातिका मानिसहरू पालाम गीत गाउँछन्, धान नाच्छन् र च्याब्रुङ बाजा बजाउँछन् भने शेर्पा, वालुङहरू आफ्नै वाजागाजाको तालमा गीत गाउदै आफ्नै मौलिक नृत्य नाच्छन्। तामाङहरू सेलो गाउँछन्, डम्फू बजाउँछन्। यहाँका हर जातिका मानिसहरू मादल, मुर्चुङ्गा, बिनायो, पिपरी र पञ्चै तथा नौमती बाजा बजाएर मनोरञ्जन गर्छन्, गराउँछन्। यस जिल्लाका हरेक जातिका मानिसहरू आपसमा गाउँखानेकथा खेल्छन्, दन्त्यकथा सुन्छन्, सुनाउँछन् र यिनीहरूका उखानटुक्का, मुहावराहरू साझा छन्। यस जिल्लाका हरेक जातजाति जनजातिका मानिसहरू एकसाथ खेल्छन्, यिनीहरूका साझा खेलकुद छन्, साझा खेल सामग्री छन्, साझा औजार, हातहतियार र भाँडाकुँडाहरू छन्, साधनहरू छन् र जे छन् ति पनि विविध छन्, विविधतायुक्त छन तर सवै साझा छन। यसरी यस जिल्लामा धेरै चिज, वस्तु र कुराहरू छन् तर यहाँका हरेक बासिन्दाका निम्ति ति एक छन् अनेक छैनन्। यहाँ दुःखमा धेरै मानिसहरू रुन्छन्, तर रुवाई एउटै छ। यहाँ सुखमा धेरै मानिसहरू हाँस्छन् तर हसाई एउटै छ र त्यसमा पनि सबैको सुख, दुःख, पीडा वेदना, डाह, छटपटी, आक्रोस, समवेदना, सहानुभूति, सहिष्णुता, सदभाव सबै साझा छ।

यहाँ अहिले विगतमा कुनै अमूक जात जातिको अमूक जात जातिमाथि शोषण, दमन, अन्याय, अत्याचार र दुराचार थियो भन्ने कुरा पनि यदाकदा सुन्न थालिएको छ तर यथार्थमा सबैले बुझ्नु पर्ने के हो भने शोषण, दमन, उत्पीडन र अन्याय अत्याचारको कुनै जात, धर्म र संस्कृति हुँदैन। यो सबै जात जातिका मानिसहरूले सबै माथि अर्थात् निर्धामाथि गर्ने व्यक्तिगत या वर्गीय प्रवृत्तिजन्य कुरा हो। आफ्नै जात धर्म तथा संस्कृतिका, आफ्नै वंश तथा नाताका मानिसलाई पनि यस दुष्प्रवृत्तिले छोड्दैन। यो प्रवृत्ति वर्गीय हुन्छ जातीय हुँदैन। यस्तो दुष्कर्म हाम्रो समाजमा विगतदेखि वर्तमानसम्म भएकै छ।

हाम्रो ताप्लेजुङको समाजमा पहिलेदेखि अहिलेसम्म, विगतदेखि वर्तमानसम्म, तमोरखोलाको एउटा गाउँका खत्री क्षत्रीहरू स्थानीय शेर्पा, भोटेहरूको भारी बोक्छन्, उनीहरूको गोठालो, खेतालो भएर काम गर्छन्। खोकलिङतिरका थापा, कार्की क्षेत्रीहरू चामल, कोदो तथा दालको भारी बोकेर ओलाङचुङका वालुङ भोटेहरूका घरघरमा पुऱ्याई दिन्छन्। राई, लिम्ब तथा गुरुङहरूले पनि उनीहरूका लागि त्यही काम गर्दछन्। त्यसैगरी उताका वालुङ, भोटे तथा शेर्पाहरूले तल झर्दा उताको सामान लत्ता कपडा, जुत्ता राडी पाखी, सियो, लाहा, जिम्बू आदि बोकेर ल्याई दिन्छन्। तलका हरेक जात जातिका मानिसहरूका मित मितेनी माथिका वालुङ, तोक्पेगोला, भोटे, शेर्पा आदि छन् भने माथिकाहरूका मित मितेनी

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तल्लो भेकका वाहुन, क्षेत्री, लिम्बू, राई तामाङ, गुरुङ, दमाई, कामी, सार्की आदि हरेक जात जातिका छन्। यसमा सानो जात, ठूलो जातको बन्देज छैन। यहाँ मित प्रथा निकै बाक्लो छ र ज्यादै सुमधुर, सौहार्द्र र आत्मीय पनि छ। जातीय आधारमा नभएर यो साझा संस्कार, संस्कृतिको रूपमा यो प्रथा यहाँ छ। उत्तरी सिमानाका वस्तीहरूमा स्थानीयहरूका थुप्रै चेलीबेटीहरू ठूला जातका भनिएकाहरूले विवाह गरेका छन्, त्यहाँ उनीहरका सन्तानहरू पनि छन्। तर त्यहाँ उनीहरूलाई कसैले घृणा, उपेक्षा या उचनीचको व्यवहार गरेका छैनन्, गर्दैनन्। यहाँ वैवाहिक परम्परामा अन्तरजातीयता पनि चलेकै छ।

हरेक मितले आफ्ना हरेक मितका छोरीचेलीहरूलाई हरेक गाउँका हरेक जातिका मानिसहरूले आफ्नो गाउँका हरेक जातिका छोरीचेलीहरूलाई आफ्नै छोरीचेली सरह व्यवहार गर्दछन् र ति छोरी चेलीहरूले पनि आफ्नै माइतीभैँ व्यवहार गर्दछन्। त्यसैले गाउँका कामी, दमाई, सार्की, भुजेल आदिका काका, हजुरबाहरू वाहुन, क्षेत्री, राई, लिम्बू छन् भने हरेक गाउँका वाहुन, क्षेत्रीले पनि गाउँमा दमाई, कामी, सार्की लगायतलाई साइनो लगाएर आदरपूर्वक हजुरबा, काका, दाजु, भिनाजु, मामा भनी बोलाउँछन्। साइनो सम्बन्धमा कुनै जातीय भेदभावको गन्ध हुँदैन।

गाउँमा सानो जात भनिएका मानिसहरूको घरमा दुःख पर्दा, मर्दापर्दा या विवाह उत्सवमा ठूला जातका भनिएकाहरू काम धन्दा सघाउन, रुङ्न, मरमद्दत गर्न जान्छन्। रातभर रुङ्नु पर्ने भए रुङेर बस्छन्। त्यही गर्छन् साना भनिएकाहरूले पनि ठूला भनिएकाहरूप्रति। आत्मीय भावनाले चलेको छ यहाँको गाउँले समाज। यहाँको समाजमा सबै कुरा साझा छ। सुख, दुःख, देवता, सिमे, भुमे, वोक्सी, डायनी, धामी, झाँक्री, फेदाङवा, पण्डित, पुरोहित, वैदाङ सबै साझा छन्। यहाँ फरक जात धर्मका फरक देवता छैनन्। सबै बुढीवोज्यू, युमासाम्माङ, वनदेवी, लेकदेवी आदि मान्छन्। पहिला पहिला यहाँका गुरुङ, नेवार, सुनुवार, भुजेल, मगर, सन्यासी तथा क्षेत्रीहरूका पुरोहित ब्राहमण हुन्थे भने ब्राहमण, क्षेत्रीहरूका धामी, झाँक्री, फेदाङवा अन्य जात जातिकाहरू छन्।

यहाँ सानो जात भनिएकाहरूको घरमा मरुमराउ पर्दा ठूलो जातका मानिसहरू रुन्छन्, शोकमग्न हुन्छन्। यहाँको गाउँ नै शोकमा डुब्छ। यही हुन्छ अरुहरूको हकमा पनि। यहाँ मर्दापर्दा सबैको समान सहभागिता हुन्छ। यहाँ सबै जात जातिका मानिसहरू जन्ती, मलामीमा सक्रिय सहभागी हुन्छन्, विभेद हुँदैन, गरिँदैन। यहाँ कुनै कुरामा विभेद हुँदैन। गाउँमा कोही कसैको शुभकार्य हुँदा गाउँका सबैलाई निम्तो गरिन्छ। जातभातको भेद गरेर कोही कसैलाई वाहेक गरिँदैन। यहाँ भारोपर्मा, 'अँचोपैंचो, लेनदेन कारोवारमा विभेद छैन। सबैले सबैलाई समान व्यवहार गर्दछन्।

यस जिल्लाका नेता, समाजसेवी, प्रशासकहरू सबैका सम्मानित व्यक्तित्व मानिन्छन्। कर्मका आधारमा बाहेक जातीय रूपमा कसैले कसैलाई अनादर र अनास्था गर्दैन। यहाँका स्व. हर्कजङ मादेन (लिम्बू), इन्द्रनारायण श्रेष्ठ, जगतमान श्रेष्ठ, भागीमान गुरुङ, मोतीलाल दाहाल, पीरुलाल अग्रवाल, कुलमान इजम (लिम्बू), सूर्यमान गुरुङ, विष्णु मादेन, विजय प्रकाश थेवे, अम्बिका साँवा, कुलप्रसाद उप्रेती, श्रीप्रसाद भण्डारी, ओम ओझा, डम्वरध्वज तुम्वाहाङफे, विजयराज थेवे, दिपेन्द्र सेन्दाङ, भूपेन्द्र थेवे, जोन्देन उक्याव, वाङदी लामा, पासाङ शेर्पा, वोङदी शेर्पा, पण्डित वृहस्पति गौतम, पशुपति भट्टराई, ईश्वरी निरौला आदि सबैले स्वीकार गरेका र पत्याएका साझा व्यक्तित्वहरू हुन्। यहाँ कुन जातको को नेता या सामाजिक अगुवा हो भनिँदैन। यही समाजमा गर्जमान गुरुङ, प्रेमलाल गौतम, पासाङ डण्डु उक्याव, चन्द्रबहादुर पालुङवा आदिको ठूलो प्रतिष्ठा थियो। जात जातिका आधारमा समाज विभाजित कहिल्यै रहेन, कहिल्यै नरहोस् पनि। यहाँ अत्यन्तै सद्भावनापूर्ण, वन्धुत्वपूर्ण र मित्रतापूर्ण साइनो सम्बन्ध छ, सबैको उत्थान, उन्नति, प्रगतिमा सबैको लगानी छ, साथ संगत छ। यहाँको यो प्रथा, प्रवृत्ति र प्रणाली कहिल्यै टुट्न हुन्न, नटुटोस्। अनन्त अनन्तसम्म कायम रहोस्। यही सबैको साझा कर्तव्य र कामना बनोस्। यसैबाट मात्र सामाजिक शान्ति, अमनचयन, विकास, प्रगति र भाइचारा कायम रहन्छ, रहिरहन्छ। सबैमा चेतना भया।

प्राकृतिक साधन स्रोत र पर्यटकीय तथा पर्वतारोहणको हिसावले यो जिल्ला खासगरी यस जिल्लाको उत्तरी क्षेत्र निकै सम्पन्न भएता पनि गरिबी, अभाव, अशिक्षा, भौगोलिक विकटता र भोकमरी यहाँको विकराल समस्याको रूपमा रहेको छ। नेपाल सरकारले निर्धारण गरेको गरिबीको स्तर मापन अनुसार यहाँका ३४ प्रतिशत घरधुरीको वार्षिक आम्दानी ४ हजार ४ सय नेपाली रूपैयाँभन्दा कम छ। यहाँ ९५ प्रतिशतभन्दा बढी मानिसहरूले ६ महिनाभन्दा बढी खान पुग्ने अन्न उत्पादन गर्न सक्दैनन् भने यहाँ उनीहरूका लागि भरपर्दो रोजगारी र आयआर्जनको आधारहरू पनि छैनन्। यही कारण यस क्षेत्रबाट वर्षेनी मानिसहरू बाहिर पलायन हुने गरेकोले यो क्षेत्र चाँडै मानवशुन्य क्षेत्र बन्ने सम्भावनातिर अघि बढ्दैछ। यदि समयमै नसोच्ने हो भने प्रकृतिको वरदान भनिएको यो क्षेत्र मानिसका लागि प्रकृतिको अभिशाप नबन्ला भन्न सकिँदैन। हामी सबैको ध्यान यतातिर जानु जरुरी छ।

☆☆☆

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टि.पि. धमला

नाथ-योग पद्धतिको परिचयात्मक अध्ययन

यम र नियम

महर्षि पतञ्जलिले पातञ्जल योगदर्शनको साधनपादमा अष्टाङ्ग योग गर्ने सिलसिलामा यम र नियमका विषयमा वर्णन गरेका छन्। यसमा यम अन्तर्गत अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह अनि नियममा शौच, सन्तोष, तप, स्वाध्याय र ईश्वरप्रणिधान गरी दश अङ्ग-उपअङ्गको उल्लेख गरेका छन्। तर नाथ-योगमा १० यम र १० नियमको व्यवस्था गरिएको छ। यसमा अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, क्षमा, धैर्य वा सहनशिलता, दया, जीवनमा सरलता, मितहार, शरीर र मनको पवित्रता पर्दछन् भने नियममा तप, सन्तोष, आस्तिक्य, दान, ईश्वर पूजा, सिद्धान्त वाक्य श्रवण, ह्री, मति, जय र हुत वा होमलाई राखिएको छ।

साधना तथा षडङ्ग योग

नाथ सम्प्रदायमा शारीरिक र मानसिक साधनाका रूपमा षडङ्ग योगलाई लिइन्छ। यसमा आसन, प्राणायाम, प्रत्यहार, धारणा, ध्यान र समाधिका छ वटा अङ्गहरू पर्दछन्। यम र नियमलाई महर्षि पतञ्जलिले प्रथम दुई अङ्ग मान्दा यम, नियम, आसन, प्राणायम, प्रत्यहार, धारणा, ध्यान र समाधिका आठ वटा अङ्गलाई अष्टाङ्ग योग भनिन्छ।

गोरखनाथ सम्प्रदायमा समाधिको उच्चतम स्थितिमा परमसत्यको अनुभूति प्राप्त गरी शिव र शक्तिको शाश्वत आनन्दमयमा मानवात्मा कैवल्यमा परिणत हुँदै दुःख तथा बन्धनबाट मुक्त हुने विश्वास गरिन्छ। यस साधना पद्धतिमा मुख्य गरेर हठयोगलाई साधनाको मुख्य आधार ठानी वैज्ञानिकता दिइएको पाइन्छ। हठयोग साधनाअन्तर्गत शारीरिक अवयव, नाडी मण्डल तथा इन्द्रिय र मनमा पूर्ण संयम स्थापित गर्न सकिने हुन्छ। यसमा मुख्यतः आसन, प्राणायाम, मुद्रा, षटकर्म, चक्रभेद, नाडीशुद्धि गरी कर्म, भक्ति र ज्ञानको समन्वयको आवश्यकतालाई स्वीकार गरिन्छ।

राजयोग

पतञ्जलिबाट शुरु भएको योगसूत्रलाई राजयोग भनिन्छ। यसलाई अष्टाङ्ग योग पनि भनिन्छ। पातञ्जल योगदर्शन पूर्व नै अज्ञातको व्यास-भाष्य, वाचस्पतिमिश्रको तत्त्ववैशारदी एवम् भोजदेवको वृत्ति प्रकाशित भइसकेकोले तिनको अध्ययनबाट राजयोगका सम्बन्धमा थप प्रष्ट हुने देखिन्छ।

हठयोग

हठयोगका सम्बन्धमा नाथयोगी सम्प्रदायले विशेष ज्ञान राख्दछन्। आदिनाथ (नाथ सम्प्रदायका आदि गुरु महायोगेश्वर शिव)का शिष्य मत्स्येन्द्रनाथ र गोरखनाथ (जो मत्स्येन्द्रनाथका मुख्य शिष्य तथा शिवको पछिलो अवतार) तथा अन्य यस मतका

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुयायीहरूले यसको विस्तार गरेको देखिन्छ। विशेष गरेर गोरखनाथले हठयोगको विस्तार गरी शिक्षा दिने र लोकप्रिय बनाउने काम गरेको देखिन्छ।

हठेन बलात्कारेण योगसिद्धिः अर्थात् बलपूर्वक योग साधनामा सिद्धि प्राप्त गर्नुलाई हठयोग भनिन्छ। तर पनि हठयोगलाई अनेक दृष्टिकोणबाट हेरिन्छ। जसमा 'ह' ले सूर्यलाई र 'ठ' ले चन्द्रमालाई सङ्केत गर्दछ। मानव शरीरमा रहेको सूर्य स्वरसँग 'इडा' नाडी र चन्द्रस्वरसँग पिङ्गला नाडीको सम्बन्ध हुन्छ। त्यसैगरी 'ह' सँग 'प्राण' वायु र विन्दुको तथा 'ठ' सँग 'अपान' वायु र रजको सम्बन्ध रहेको हुन्छ। मानव शरीरमा शक्ति पुञ्जका रूपमा नाडीहरू रहेका हुन्छन्। यसको संख्या कति छ भन्ने कुरामा मतैक्य पाइन्न। प्रायः सबैले ७२००० नाडीलाई स्वीकारेका छन्। यसले सबै शारीरिक अवयवका कार्यमा ज्ञान, भावना, इच्छाको आन्तरिक रूपमा काम गरिरहेका हुन्छ। यसले स्वेच्छा वा अनिच्छा, चेतन वा अचेतन जुनसुकै स्थितिमा पनि निरन्तर काम गरेको हुन्छ। मानव शरीरमा रहेका नाडी मण्डलमध्ये १० प्रमुख छन्। त्यसमा पनि इडा, पिङ्गला र सुषुम्ना तीनवटा नाडीले अझ महत्त्व राख्दछन् र काम गर्दछन्। सुषुम्ना नाडी सूक्ष्म केन्द्रीय नाडी हो। जो मेरुदण्डको माथिदेखि तलसम्म फैलिएको हुन्छ। त्यसको दुवैतिर इडा र पिङ्गला नाडी दायाँ बायाँ भएर सूक्ष्मातिसुक्ष्म रूपमा कार्य गर्दछन्। नाडी विशेष विन्दुसँग मिल्दछन्, जसलाई चक्र भनिन्छ।

मानव शरीरले काम गर्नका लागि श्वासको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। योगमा श्वासको सूक्ष्म रूपलाई वायु वा प्राण भनिन्छ। प्राणको सम्बन्ध नाडीसँग रहेको हुन्छ। प्राण मुख्य पाँच र सहायक पाँच गरी दस हुन्छन्। मुख्य प्राणमा प्राणः अपान, समान, उदान र व्यान पर्दछन् भने सहायक वा उप प्राणमा नाग, कुर्म, कृक, देवदत्त र धनञ्जय पर्छन्। यिनको काम आ–आफ्नै किसिमको हुन्छ। खासगरी शुद्ध प्राण वा अक्सिजन फोक्सोका माध्यमबाट नाडीसम्म पुऱ्याउने र शरीरभित्र रहेको प्रदूषित वा अशुद्ध वायु कार्बनडाइअक्साइड वा मनअक्साइडलाई बाहिर फाल्ने काम हुन्छ। प्राण र अपान वायुको जीवन शक्तिको केन्द्रविन्दु इडा, पिङ्गला र सुषुम्ना नाडीको शुद्धिकरण गरेर विन्दु र यसलाई सम्पूर्ण मानसिक शारिरीक शक्तिको केन्द्रविन्दु ठानी अन्ततः चेतनाको उच्चतममा शिव र शक्तिको एकता स्थापित गर्नु हठयोग साधनाको अन्तिम लक्ष्य ठानिन्छ।

शारीरक र मानसिक अवस्थालाई सन्तुलित राखी शाश्वत शान्ति, एकता तथा निश्चल प्राप्त गर्न हठयोगको साधना आवश्यक ठानिन्छ। मानव शरीरका नाडीपुञ्ज र प्राणवायुलाई योगको साधनाका माध्यमबाट शुद्ध बनाएपछि अधोमुखी शक्ति ऊर्ध्वमुखी हुन जान्छ। त्यसपछि पवित्र, नियमित सामञ्जस्यमय, एकतापूर्ण र आध्यात्मिक बन्न सकिन्छ; यही माध्यमबाट निरपेक्ष, आनन्दमय, आत्मप्रकाशित, आत्मतत्त्वको पूर्ण अनुभूति, बिना विघ्न–बाधा शक्ति प्राप्त हुनुलाई हठयोग भनिन्छ।

हठयोग साधनामा उच्च शक्ति प्राप्त गर्न आसन, प्राणायम, ध्यान, मुद्रा, षटकर्म, बन्ध, पूजा, जपलगायतको व्यवस्था भएको देखिन्छ। जसले गर्दा प्रत्यहार धारणा, ध्यान, हुँदै समाधिका माध्यमबाट मनशक्तिलाई परमात्मामा एकाकार गरी उच्चतम शक्ति र सत्यको अनुभूति गर्न सकिने विश्वास गरिन्छ।

नाथ-योगमा आसन, प्राणायम र मुद्रा

आसन

आसनलाई प्रायः सबै योगशास्त्रमा मान्यता दिइएको देखिन्छ। नाथ योगको साधना भनेको हठयोग पनि हो। हठयोगमा प्रयोग हुने आसन हठयोग ग्रन्थमा ४८००० उल्लेख्य भएको पाइन्छ। त्यसमध्ये ७४ आसनहरू विशेष महत्त्वका देखिन्छन्। यिनले शरीरको व्यायाम गराई शारीरिक अवयवलाई शुद्ध राख्ने सुसङ्गठित र सुडौलो बनाउने, निरोगी राख्ने जस्ता काम गर्दछन्। कठिन आसनहरू प्रयोग गुरुको सानिध्यमा गर्नुपर्ने र आफूखुसी गर्न निषेधको सङ्केत गरिएको छ।

योग साधनाका दृष्टिले सिद्धासन, पद्मासन, सिंहासन र भ्रदासन गरी चार आसनलाई अधिक महत्त्व दिइएको छ। त्यसमध्ये पनि सिद्धासनलाई सर्वोत्तम ठानिन्छ। यस आसनले ७२००० नाडीलाई शुद्ध गरी मुक्तिको ढोका खोल्ने विश्वास गरिन्छ। आसनको प्रयोग गर्ने साधकले यम–नियमको पालन, भोजनको शुद्धताका साथै सिलसिलाबद्धमा रूपमा योगासन गर्न अनिवार्य मानिएको छ। जसले गर्दा प्राणायममा सहयोग पुगोस्।

प्राणायाम

हठयोग साधनामा प्राणायमको महत्त्वपूर्ण स्थान रहेको मानिन्छ। प्राणायामको अभ्यासलाई पवन–अभ्यास वा प्राणवायुको नियन्त्रणको विधि पनि भनिन्छ। मानव जीवनमा प्राणको विशेष महत्त्व रहेको हुन्छ। प्राणाको जाग्रत, केन्द्रित र सञ्चितगरी प्राणशक्तिलाई ऊर्ध्वमुखी बनाएर त्यसमा आधिपत्य कायम राख्न सक्नुपर्ने हुन्छ। यसका लागि श्वास प्रश्वासको प्रक्रिया जान्नुपर्ने हुन्छ। शुद्ध वायुलाई भित्र पठाउने र अशुद्ध वायुलाई बाहिर पठाउन पुरक, कुम्भक र रेचकको अभ्यास गरिन्छ। श्वास लिनु पुरक, श्वास रोक्नु कुम्भक तथा श्वास छोड्नुलाई रेचक भनिन्छ। मानव शरीरमा २४ घण्टमा २१६०० पटक श्वास प्रश्वासको आवत–जावत हुने गर्दछ। निर्धारित विधिको पालन गरी श्वास–प्रश्वासको मात्र लभ्याउन आवश्यक ठानिन्छ। जति श्वास र प्रश्वासको गति लामो भयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यति स्वस्थ र दीर्घायु हुने विश्वास गरिन्छ।

योगशास्त्रमा प्राणायमका अनेकौं विधिहरूका विषयमा वर्णन भएको पाइन्छ। हठयोग प्रदीपिकामा प्राणायमका तरिकासहित आठ प्रकारका कुम्भकको विवरण दिएको छ। तिनमा सूर्यभेदन, कञ्जायी, सित्कारी, सितली, भास्तका, भ्रामरी, मूचर्छा र प्लावनी पर्दछन्। यी कुम्भक प्राणायमलाई गुरुको दिशानिर्देश वा मार्गदर्शनमा गर्नका लागि सूचित गरिएको छ, कुनै अभ्यासी विधिपूर्वक गुरु सानिध्यमा रहेर प्राणायामको साधना गरेमा बर्हिमुखीबाट अन्तरमुखीमा परिणत भई सुख, शान्ति, प्रसन्न, आनन्द र शक्तिशाली बन्न सक्ने विश्वास गरिन्छ।

मुद्रा

आसन र प्राणायामको अभ्यासमा मुद्राको विधि आवश्यक ठानिन्छ। मुद्राको प्रयोग योग साधनामा अनिवार्य मानिएको छ। मुद्राका उच्चतम र अपेक्षाकृत कठिन (बन्ध वा बेध) विधि निर्धारित गरिएको पाइन्छन्। हठयोग ग्रन्थमा १० प्रकारका उत्कृष्ट मुद्राको चर्चा भेटिन्छ। त्यसमा **महामुद्रा, महाबन्ध, खेचरी, उड्यान, मूलबन्ध, जालन्धरबन्ध, विपरीत करनी, महाबोध, बज्रोली (सहजोली र अमेरोलीका साथ) र शक्ति चालन** पर्दछन्। यिनको सैद्धान्तिक व्याख्या व्यर्थ मानिन्छ। उक्त मुद्राको अभ्यास योग्य गुरुको प्रत्यक्ष निर्देशन र निगरानीमा गर्न उपयुक्त हुन्छ।

प्रत्याहार, धारणा, ध्यान र समाधि

प्रत्याहार

हठयोगलाई योगी गुरुहरूको गुप्तविद्या मानिन्छ। यो योग्य शिष्यका लागि मात्र सुरक्षित साधना पद्धति भएको हुनाले गुरुकै साथमा वा प्रत्यक्ष निर्देशनमा रहेर अभ्यास गर्नुपर्दछ। प्रति रु आहार को व्युत्पति भएर प्रत्यहार शब्दको निर्माण भएको हो। यसले बहिर्मुखी भएको मन र इन्द्रियलाई अन्तर्मुखी बनाइ एकाग्र बनाउने काम गर्दछ। राजयोगको पाँचौं अङ्ग प्रत्यहारलाई हठयोगमा आध्यात्मिक उन्नतिका लागि उच्चतम स्थिति स्वीकार गरिन्छ।

धारणा

धारणालाई अष्यङ्ग योगको छैटौं अङ्ग मानिन्छ। यसलाई हठयोगको पनि अन्तर्मुखी हुने साधना पद्धतिको एक माध्यमको रूपमा लिइन्छ। निश्चित वस्तुमा ध्यान केन्द्रित गर्नु यसको लक्ष्य रहेको हुन्छ। प्रत्याहारको साधना सरल र स्वयम्साध्य भएपछि धारणाको साधना सुसंस्कृत र नियमित हुन्छ। तत्पश्चात् मनको चञ्चलता समाप्त हुन गई ध्यानको विकास हुन सक्छ। जसले सम्पूर्ण चेतना शुद्ध, स्थिर र विमल हुन गई दिव्य प्रकाशको ज्योति प्रकाशित भई सत्यको अनुभूति हुने विश्वास गरिन्छ।

ध्यान

अष्यङ्ग योगको सातौं अङ्ग ध्यान हो। यसलाई महर्षि पतञ्जलीले पातञ्जल योगदर्शनको विभूतिपादको दोस्रो सूत्रमा तत्रप्रत्यैकतानताध्यानम् भनी उल्लेख गरेका छन्। हठयोगमा पनि अन्तर शक्तिका रूपमा ध्यानलाई लिइएको देखिन्छ। यसले मानव चेतनाभित्र लुकेको आध्यात्मिक रहस्यको प्रत्यक्ष अनुभूति गराउने विश्वास गरिन्छ। मन र प्राणशक्ति एकनिष्ठ, संयुक्त हुनका साथै दृढतापूर्वक अन्तरोन्मुखको विकास भएपछि साधकमा परमात्मतत्त्वको ज्योतिमपुञ्ज प्रकाशित हुन्छ। यस अवस्थालाई समाधि स्थितिको गहनता र ध्यानावस्थाको पूर्णता स्थिति स्वीकारिन्छ। गोरखनाथ सम्प्रदायका योगीले यो स्थितिलाई शिव र शक्ति को निरपेक्ष आत्मा तथा सापेक्ष शक्तिको आनन्दमयी एकताको रूपमा स्वीकार्दछन्।ज्ञद्ध

समाधि

सामान्यतः समाधिलाई आध्यात्मिक जिज्ञासुका लागि स्थितिको अनुभूति गर्ने उच्चतम् आकाङ्क्षित वस्तु मानिन्छ। योग साधनामा यसलाई सतर्क र सजग रूपमा लिने गरिन्छ। समाधिको स्थितिमा चेतनाको मात्र अनुभूति हुने कुरामा विश्वास गरिन्छ। शुद्ध चेतनामा पनि सत्यको अनुभूति तथा आनन्दका अनेकौं स्थिति हुने गर्दछ। समाधिको उत्तरोत्तर उच्चत्तम स्थितिमा ऊर्ध्व चेतनाको अधिकभन्दा अधिक ज्योर्तिमय तथा मधुर प्रकाशमान भई शिवत्वको निकटतामा रहन सक्ने क्षमता हुने कुरामा विश्वास गरिन्छ।

सन्दर्भग्रन्थ

१. नाथयोगी, सिद्धद्वारका श्रेजी विरचित र योगी नरहरिनाथ, (सङ्क), श्री नाथकथासार, काशी, गोरक्षटिल्ला, वनारस, वि.सं. २००७।

२. पञ्चमानन्दनाथ, योगी (सम्पा), योग साहस्री, काशी गोरक्षटिल्ला, वनारस, २००९।

३. पन्थी, लक्ष्मीकान्त, (अनु.) हठयोगप्रदीपिका, काठमाडौं : रत्नपुस्तक भण्डार, वि.सं. २०६७।

४. बनर्जी, अक्षयकुमार, (अनु.), नाथयोग, श्री गोरक्षनाथ मन्दिर, गोरखपुर, १९८६।

५. मानन्धर, जीतबहादुर, सिद्धयोगी रत्ननाथ एक परिचय : गोरखापत्र, वि.सं. २०३७, फागुन २४ गते।

६. राघव, राघवेन्द्र शर्मा, (अनु.) शिव संहिता योगशास्त्रम्, दिल्लीः चौखम्बा संस्कृत प्रतिष्ठान, २००६ ई.।

७. शर्मा, जनकलाल, नाथ सम्प्रदाय, गोरखापत्र, माघ १, वि.सं. २०३४।

☆☆☆

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माधव नेपाल

पिण्डेश्वरबाबाः एक परिचय

कोशी अञ्चल, सुनसरी जिल्ला, धरान नगरपालिकाको शिरभाग मानिएको विजयपुरगढीमा पिण्डेश्वरबाबाको मन्दिर छ।

पिण्डेश्वरबाबाको मूल मन्दिर भित्री र बाहिरी गरी डबल छ। पस्नेबित्तिकै सानो बसाहा छ। दोस्रो ढोकाबाट भित्र पसेपछि अँध्यारो छ। बत्तीको उज्यालोले मात्र बाबाको दर्शन पाउन सकिन्छ।

यस मन्दिरभित्र चौबीसै घण्टा बत्ती बालिरहनुपर्छ जसलाई अखण्ड दीप भनिन्छ। यदि कुनै कारणवश यो बत्ती निभेमा रामधुनी (राम वनवास गएको समयमा यसै ठाउँमा धुनी जगाएर रात बिताएको विश्वास गरिएको ठाउँ जहाँ हालसम्म पनि धुनी निभ्नु हुँदैन भन्ने मान्यता छ)बाट अखण्ड धुनी ल्याई बाल्नुपर्ने धार्मिक मान्यता रहेको छ। अखण्ड दीप बलिरहने हुनाले मन्दिरका भित्ता गाजल लगाएजस्ता देखिन्छन्। शिवलिङ्ग सानो (चार अमलजतिको) देखिन्छ। यो बनावटी नभई प्राकृतिक हो भनिन्छ, हेर्दा पनि त्यस्तै लाग्छ। सानो शिवलिङ्ग भएको ठाउँबाट तल हेर्दा लिङ्ग ठूलो-ठूलो हुँदै गहिरिँदै गएको देखिएको कुरा जीर्णोद्धारमा संलग्न जनहरूले बताउँदै आएका छन्। अरू बेला भने भित्री शिवलिङ्ग हेर्न पाइँदैन। केवल सानै शिवलिङ्गको दर्शन गर्नुपर्छ। अहिलेसम्म त्यही चलन चल्दै आएको छ।

यस मन्दिरमा प्रत्येक वर्ष साउन महिनाभरि मेला लाग्छ जसलाई हामी बोलबम जाने भन्छौं। पहेँलो पाटो भएको गेरु रङका कपडा (जोगीका जस्ता कपडा) लगाएर बोलबमका नाममा चतरानजिकै सप्तकोशीबाट जल (घडामा) ल्याएर पिण्डेश्वरलाई अर्पण गर्ने गरिन्छ। शिवरात्री र स्थानीय पर्वका बेलामा पनि सप्तकोशीको जल अर्पण गर्ने चलन छ। कुम्भ मेला (कुम्भराशिमा वृहस्पति र सूर्य एकसाथ भएको बेला एक महिनासम्म लाग्ने मेलाः यो हरेक १२ वर्षमा प्रसिद्ध धार्मिक स्थलमा लाग्ने गर्छः जस्तै- बराहक्षेत्र, कुरुक्षेत्र, हरिद्वार आदि धार्मिक स्थलमा यो मेला लाग्छ)का समयमा यहाँ भक्तजनहरूको भीड लाग्छ। बोलबम र कुम्भमेलाका समयमा स्वदेशी र विदेशी भक्तजनहरूको भीड लाग्छ। पिण्डेश्वरबाबाको मन्दिरभित्र गणेश, पार्वती, स्वामी कार्तिक, कालभैरव, वेदव्यास, पशुपति आदि अनेक देवीदेवताका मूर्तिहरू पनि छन्। चेतम्बर र बागम्बरका समाधि पनि छन्। जुन कुरा वृद्ध जनका मुखारवृन्दबाट सुन्न सकिन्छ।

पिण्डेश्वरबाबाको समीपमा रहेका देवदेवी निम्न प्रकार छन्ः

* वेदव्यासः एउटा सग्लो ढुङ्गा छ। यसलाई वेदव्यासको रूप मानेर पूजा गर्ने चलन छ।
* कालभैरवः पिण्डेश्वरबाबाको उत्तरतर्फ कालभैरवको शिलामूर्ति छ। खप्पर, डमरु, त्रिशूल आदि हातमा लिएका छन्।
* उत्तरकालीः पिण्डेश्वर- बाबाको उत्तरतर्फ पद्मासनमा रहेकी उत्तरकालीको शिलामूर्ति छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

* चन्द्रशमशेरः पिण्डेश्वर- बाबाको उत्तरतर्फ चन्द्रशेखरको स्थान छ। स्वामी कार्तिक र चन्द्रशेखरका चम्किला मूर्ति चोरी भएकाले ती स्थानमा ढुङ्गाका प्रतिमा मात्र राखिएका छन् भन्ने कुरा स्थानीय वृद्धजन र पुजारी दुःखी मनले बताउँछन्।
* कोटीदेवताः पिण्डेश्वरबाबाका पूर्वतर्फ सत्तलमा गणेश, बालगोपाल, अष्टमुरी ताण्डवनृत्य, शिवलिङ्ग आदिका सिसा र पित्तलका मूर्तिहरू छन्। छेउमै सरस्वतीको शिलामूर्ति पनि छ।

प्रचलित मान्यताहरू

* परापूर्वकालमा देवता र दानव मिली समुद्र मन्थन गरे। जडीबुटी हाली समुद्र मन्थन गर्दा अमृत निस्क्यो। अमृत निस्केपछिको जडीबुटीको बाँकी भाग डल्लो (पिण्ड) बनाई एक ठाउँमा राखे। पिण्डजस्तो भएको हुनाले यसै स्थानलाई पिण्डेश्वर भनिएको हो भन्ने भनाइ छ।
* पाण्डवहरूले राजसूय यज्ञ गर्नलाई स्थान खोज्न थाले। स्थान खोज्दै जाँदा भीमसेनले सप्तकोशी क्षेत्रका किराँतहरूमाथि विजय प्राप्त गरी राजसूय यज्ञको उचित स्थान विजयपुर बनाए। राजसूय यज्ञ सम्पन्न गरी शिवलिङ्ग स्थापना गरी पूजाआजा चलाए। पाण्डवहरूले स्थापना गरेको शिवलिङ्ग हुनाले 'पाण्डेश्वर' भनियो। पछि अपभ्रंश भएर पिण्डेश्वर भनिएको हो भन्ने भनाइ छ।

पिण्डेश्वरवरपर रुद्राक्षको वन छ। यस वनका बारेमा पनि एउटा रोचक किंवदन्ती यसप्रकार छ :-

महादेव र त्रिपुरासुर युद्धमा महादेवले विजय प्राप्त गरे। सबै देवीदेवताले महादेवको जयजयकार गरे। त्यसै समयमा महादेवका आँखाबाट हर्षका आँसु खसे। तिनै हर्षाश्रुले रुद्राक्षको रूप लिए। रुद्राक्षलाई महादेवको प्रिय वस्तुको रूपमा पनि हेरिन्छ। कालान्तरमा रुद्राक्षले वनको रूप लियो। त्यही वन पिण्डेश्वरको वन हो भन्ने भनाइ प्रचलित छ।

पैदलयात्रा : उदयपुर, भोजपुर तर्फका भक्तजनहरू पुण्य कमाउने र रमाइलो पनि गर्ने उद्देश्यले चतरा हुँदै पैदल यात्रा गर्दै धरानको झिलीमिलीमा मन नचाउँदै पिण्डेश्वरबाबाको मन्दिरमा सप्तकोशीको जल चढाउने चलन छ। यहाँ आउन–जानका लागि यातायातको सुविधा छ।

: पाँचथर, इलाम, धनकुटा तर्फबाट पनि पदयात्रा गर्दै हरियाली दृश्यावलोकन र डाँडाकाँडाको चुलाचुलीको मज्जा लिँदै पिण्डेश्वरबाबाको दर्शन गर्ने भक्तजनहरूको पनि उत्तिकै भीड लाग्छ।

वासस्थान : टाढा–टाढाबाट आउने भक्तजनहरूका लागि धरान र विजयपुरमा होटेल, लज प्रशस्त छन्। खानाको पनि राम्रो व्यवस्था भएको ठाउँ हो धरान। धर्मशालाको पनि सुविधा छ। धरानको गीता मन्दिरमा गएर सोधपुछ गर्दा सबै थाहा पाइन्छ।

☆☆☆

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिना सिग्देल (उप्रेती)

सन्न्यास आश्रम

एक परिचय

सनातन दर्शनअनुसार मनुष्यका लागि चार प्रकारका आश्रमको व्यवस्था गरेको पाइन्छ। ती ब्रह्मचर्य, ग्राहस्थ, वानप्रस्थ र सन्न्यास हुन्। यी आश्रमहरूमध्ये पनि आफ्ना सांसारिक काम कर्तव्य पुरा गरिसकेपछि मोक्षका लागि, परमाशान्तिका लागि अन्तमा सन्न्यास आश्रममा जाने प्रचलन वा परम्परा छ। कसैलाई ईश्वरको विशेष अनुग्रहले सनातनीमा वर्णन गरिएअनुसारको क्रमगत रूपमा नभै त्यो भन्दा अगावै विरक्ती जागेर सानै उमेरमा सन्न्यास आश्रममा जानेहरू पनि भेटिन्छन्। सन्न्यास आश्रमका सम्बन्धमा यस लेखमा सानो परिचय प्रस्तुत गर्न खोजिएको छ।

सांसारिक भोग विलासबाट विरक्त भएपछि मानिसले सन्न्यास लिन चाहन्छ। यो सनातनी हिन्दू अवधारणका चार पुरुषार्थमध्ये मोक्षको ढोकारूपी साधन हो। हारित स्मृतिले सन्यासलाई चार प्रकारका विभाजन गरेअनुसार ती यसप्रकार छन्-

(क) कुटीचक (ख) बहुद्कु (ग) हंस र (घ) परमहंस

यसैगरी अन्यले चार प्रकारका भिक्षुहरूका विषयमा वर्णन गरिएको भए तापनि ती त्रिदण्डी हुन सक्तछन्। यो दण्डको अर्थ लट्ठी बोक्ने दण्ड नभएर बाग दण्ड, मनोदण्ड र कायदण्ड हुन्। जसले मन, वचन र कर्मले निखिल सङ्कल्प, व्यवहार लगायतका कार्यलाई रोक्दछ, त्यसैलाई त्रिदण्डी भनिन्छ भने परमहंशको केवल ज्ञान मात्र एक दण्ड हो।

महोषनिषद्का अनुसार – दण्ड, शिखा, वस्त्र आदिको प्रतिवन्ध परमहंसमा हुँदैन। यसै सन्दर्भमा यमले बताएका छन् – केवल बाँस, काठको दण्ड धारण गर्ने र दुनियाँको घरको अन्न खाने तर ज्ञानरहित छ भने त्यो महाभयङ्कर सुख खोज्ने पुरुष नरकमा पर्दछ। त्यसैले वैराग्य उत्पन्न नभएसम्म सन्न्यास धारण गर्नु हुँदैन।

स्मृतिका अनुसार धेरै मानिसहरू एउटा दण्ड धारण गर्दै स्वकर्म त्याग गरेकाले त्यसको फलस्वरूप रौरव नरकमा पर्दछन्। त्यसैले ज्ञान, निष्काम र कर्म एउटा सिक्काका दुइटा पाटेको रूपमा रहेको पाइन्छ।

अब चार प्रकारका सन्न्यासका विषयमा प्रकाश पार्ने प्रयास गरिन्छ।

(क) कुचीचक-

यस प्रकारका सन्न्यासीले छोराछोरीबाट कुटी वा घर निर्माण गराई त्यसमा बसेर सिखा (टुप्पी), यज्ञोपवीत (जनै) र पुरानो वा थाङ्नो वस्त्र धारण गर्दछन्। आफ्ना र दाजु भाइका घरमा भोजन गर्छन र ती आत्मज्ञानी हुन्छन्। कुटीचक सन्न्यासीले शरीर त्याग गरेपछि शवलाई जलाई दिनुपर्दछ र जलाई सकेपछि आठ सय **ॐ कार र नारायणः परं ब्रह्म** जप गरेर खरानी तीर्थमा लगेर बगाइदिनु पर्दछ। त्यसपछि मात्र शुद्ध होइन्छ। उशनसस्मृतिका अनुसार – त्रिदण्ड धारण गर्ने कोहि पनि प्रेत हुँदैन।

(ख) बहुद्क-

यस प्रकारका सन्न्यासीहरू आफ्ना बन्धु-बान्धवहरूलाई त्याग गरेर सात घर भिक्षा मागेर कुटीचक कै वेशभूषामा रहन्छन् र यिनले बाँसको दण्ड तथा भिक्षापात्र धारण गर्दछन्। त्यसै भिक्षाबाट प्राणरक्षा गर्दै ईश्वरको स्मरण गर्दछन्। यिनीहरूले शरीर त्याग गरेपछि शरीरलाई चन्दन र फूलले सजाएर बाजागाजासहित नदी किनारमा लगी शुद्ध स्थानमा खाल्डो खनेर **नारायणः परं ब्रह्म** मन्त्रद्वारा अभिमन्त्रण गरेर त्यसैले स्नान गराएर अष्ट्यक्षर मन्त्र **ॐ नमो नारायणाय** मन्त्रले चन्दन, फूल, धुप, दीप, समर्पण गरेर **विष्णो हृव्यं रक्षास्व** भनेर मृतकको शरीरलाई खाल्डामा हालेर तत् तत् मन्त्रले मुखमा पवित्र जल,

निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पवित्र जल, पेटमा भिक्षा पात्र, हृदयमा कमण्डलु, दाँया हातामा दण्ड दिएर **ॐ भूर्भुवः स्वः** मन्त्रले शङ्ख भेदन गरी पुरुषसुक्त पाठ गर्दै माटो र नूनले खाल्डो राम्ररी ढाकेर जनावरले निकाल्न नसक्ने बनाउनु पर्दछ।

(ग) हंस-

भगवान् श्रीविष्णुले बताउनु भएअनुसार यस प्रकारका सन्न्यासीहरूले यज्ञोपवीत, दण्ड र वस्त्र धारण गर्दै अन्य कुराहरू ग्रहण गर्नु हुँदैन, पुत्र, धन, मान सबै त्यागी परमात्माको चिन्तनमा मात्र एकाग्र हुनुपर्छ। हंसहरूले शरीर त्याग गरेपछि तिनीहरूको श्राद्धलगायतका कर्म गर्नु पर्दैन र शरीरमा श्रीखण्डको लेप लगाइ चन्दन, फूलले सजाएर जलसमाधी गराइदिए हुन्छ।

(घ) परमहंस-

यस प्रकारका सन्न्यासीहरूले दण्ड, टुप्पी, वस्त्र आदिको आचरण गर्दैनन्, किनकि यिनीहरूको दण्ड ज्ञान मात्र हो। नारायणोपनिषद्का अनुसार यस्ता सन्न्यासीहरूले मेरो प्राण, अपान, व्यान, उदान, समान शुद्ध होस्, म ज्योति हुँ, रजोरहित पापबाट शून्य हुँ भन्ने अभ्यास र चिन्तनका माध्यमद्वारा ॐ कारको अर्थ स्मरण गर्दै त्यसैमा प्रवेश गर्दछन्। परमहंसहरूले शरीर त्याग गरेपछि शुद्ध स्थानमा खाल्डो खनेर शरीरमा चन्दन, फूलद्वारा सुगन्धित बनाएर समाधि गरिदिनु पर्दछ।

वैराग्य उत्पन्न भएपछि ब्रह्मचर्य अवस्थामा पनि सन्न्यासी बने हुन्छ। यस्तो अवस्थामा घरबाट होस् वा वनबाट खासै फरक पर्दैन। जुन दिन यो असार संसारदेखि विरक्त लाग्दछ, त्यही समयमा सन्न्यास लिनुपर्दछ। यसैले घर, वन जहाँ जे भए तापनि आपत वा दुःख परेको बेलामा सन्न्यास लिनु पर्दछ। आपद्, दुःखको अर्थ मर्ने निश्चय भएपछि वा कसैले मार्ने निश्चय गरेपछिको अवस्था भन्ने बुझ्नुपर्दछ र त्यसै समयमा सन्न्यास लिनु पर्दछ। आत्मामा अग्नि अवस्थित भएको मान्दै वेदीको मध्यमा हरिको ध्यान गर्दै गुरुको आज्ञाअनुसार तीन पटक उच्च स्वरले अभयं सर्व भूतभ्यो मन्तः स्वाहा अर्थात् सबै प्राणीले मलाई अभय प्रदान गर भनी जललाई जमीनमा छाडी शिखा, दण्ड, भिक्षापात्र, लगौँटी धारण गरेर दाजु, भाइ, घर त्याग गरेर हिँड्नु पर्दछ।

त्यसपछि मेरो प्राण, अपान, व्यान, उदान र समान शुद्ध होस्, म ज्योति रूप हुँ। रजोरहित पापबाट शून्य हुँ। ॐ स्वाहा लगायत र मेरो मन, वचन, आँखा, कान, जिब्रो, नाक, शक्ति, बुद्धि, स्वरूप र सङ्कल्प शुद्ध होस्, म ज्योति हुँ **ॐ स्वाहा** लगायतको विधानपूर्वक ब्रह्मरूप गुरुको ध्यान गर्नु पर्दछ। गुरुले आत्माको ध्यान गर्दै शङ्खलाई बाह्य प्रणव मन्त्रले अभिमन्त्रित गरी दाँया कानमा प्रणवको अर्थसहित उपदेश दिएर, अयमात्मा, तत्त्वमसि, प्रज्ञानं ब्रह्म, शिवोऽहम, अवृहमस्मिको उपदेश दिएर यसको अर्थ सहित सम्झाएर शिष्यको नामाकरण गरेपछि शिष्यले देवताहरूलाई साक्षी मानी हरिको स्मरण गर्दै **ॐ भूर्भुवः स्वः सन्न्यास्तं मया** तीन पटक मनले, तीन पटक सानु स्वरले र तीन पटक उच्च स्वरले भन्नुपर्दछ। त्यसपछि जलाशयमा गएर स्नान गरी **अभयं सर्व भ्रतेभ्यो मत्तः स्वाहा** मन्त्रले तीन पटक जलाञ्जली दिएर रङ्गाएको लगौँटी लगाई (फल कन्दमूलको खोक्रो भाग) कमण्डलु र दण्ड धारण गरी सन्न्यासी हुनु पर्दछ। सन्न्यासीले तीन पटक सूर्यको आराधना र गायत्री मन्त्रको जपसहित तीनपटक भगवान् श्रीविष्णुको पूजा गर्नु पर्दछ।

सन्न्यासीले आफ्नो घरविहीन भएर कुटी, धर्मशाला, अग्नीहोत्र ब्राह्मणको आश्रम, नदीको किनार, पर्वतको गुफालगायतमा बस्नुपर्दछ। एउटा गाउँमा १ दिन र एउटा शहरमा ५ दिनभन्दा धेरै बस्नु हुँदैन। सन्न्यासीले भिक्षाटन, जप, स्नान, ध्यान, शौच, देवार्चनलगायतको कार्य अनिवार्य रूपमा गर्नु पर्दछ। सन्न्यासीले खाट, सेतो कपडा, स्त्री सहवास, अनावश्यक कुराकानी, चञ्चलता, दिउँसो सुत्ने, सवारी साधनको प्रयोग गर्ने गर्नु हुँदैन। किनकि यी सबैले पतन गराउँछन् तथा आसन,पात्र, धन, घर सम्पत्तिको लोभ र शिष्य धेरै बनाउने सन्न्यासीहरू बन्धनमा पर्दछन्। दक्ष प्रजापतिका अनुसार सन्न्यासीले न पढ्नु पर्दछ, न बुझ्नुपर्दछ, न सुन्नु पर्दछ, उसले ईश्वर स्वरूप भै आफ्नो यथार्थ अवस्थामा एकाग्र रहनु पर्दछ।

आपतकालीन अवस्थामा सन्न्यास लिँदा कुनै विधिको पालना गर्नुपर्दैन। चोर, डाँका, आतङ्ककारी, हिंस्रक जन्तुलगायतको आक्रमणका डरले रोगले, उमेरले अब म मर्छु, संसारका कुनै कुरा मेरा हैनन्, म आफ्नो कल्याण चाहन्छु भनी दृढ सङ्कल्प गर्दै नारायणलाई सम्झिँदै मैले अज्ञानले नराम्रा काम कुरा र सोच राखें म त्यसलाई छाड्दछु, म अब मन, वचन र कर्मले कुनै पनि प्राणीहरूको हिंसा गर्ने छैन, प्राणीहरू मबाट निर्भय हुन्, भन्दै मन, वचन र शरीरले सङ्कल्प गर्दै जलमा गएर स्नान गरी **ममाशेषदुःख निवृत्ति निरतिशानन्द प्राप्ति परमपुरुषार्थ प्राप्तये च परमहंस सन्न्यास करोमि** भन्ने सङ्कल्प गर्नु र **प्रणव** महावाक्य उच्चारण गर्नु, त्यसपछि सन्न्यास धर्मको अनुष्ठान गर्नु। राम्रो गुरु फेला परेमा उपदेश ग्रहण गर्नु र सद्धर्ममा तत्पर रहनु। यो आतुर सन्न्यास हो। यसरी सबै सङ्गत परित्याग गर्दै ध्यान योगमा एकतापूर्वक लागेको सन्न्यासीले शरीर त्याग गरेपछि उसको दाहसंस्कारलगायतको कुनै कार्य गर्नु पर्दैन।

☆☆☆

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहप्रा.डा. जीवन अधिकारी

चरित्र र व्यक्तित्वको अभिव्यञ्जना

ईश्वरीय सृष्टिको अवधारणाअनुसार चेतना जीवनको मूलमा रहेर विचारको जनक बन्दछ। जीवतत्त्व जहाँ छ त्यहाँ चैतन्यांशको उपस्थिति अनिवार्य छ। यस सत्यमा अडिएर बोले जीवतत्त्वविना अस्तित्वमा नरहने वनस्पतिहरूमा पनि चैतन्यांशको उपस्थितिलाई स्विकारिएको ठहर्छ। वैज्ञानिक खोज र अध्ययन–अनुसन्धानहरूले यसलाई सिद्ध तथ्यको कोटिमा स्थापित गरिसकेका छन्। उच्च–डेसिबलको अतिकर्कस साङ्गीतिक ध्वनिहरूबाट बोटबिरुवा पराङ्मुख भएका र कोमल एवं सुरिला धुनहरूप्रति चाहिं उन्मुख देखिएका भन्ने तथ्यहरू प्रामाणिक रूपमा अगाडि ल्याइएका पाइन्छन्। मीठो सङ्गीत सुन्दा वनवासी प्राणीजगत् र जलचरसमूह दुबैथरी उत्कण्ठित भई कान ठाडा पारेर स्तब्ध भएको तथा चालविहीन भएर पर्खिरहेको हामी भेट्तछौं।

भगवान् कृष्ण मथुरा गएपछि उहाँको विरहमा आकुलव्याकुल बनेकी राधाले अत्यन्त भावविह्वल बनेर यमुनाका तीरमा कृष्णसँगै खेल्दाका ती लता, वृक्षहरूलाई अङ्कमाल गर्दै यसरी विरहगीत गाइन् कि यमुनाका प्रवाहमा बाँचेका सबै जलचरहरू उत्कण्ठित भई अनेकथरी आवाज निकाल्दै उनका गीतलहरीमा साथ दिनथाले। प्रतिकूलता–अनुकूलताको भाव व्यक्त गर्ने यी शैलीहरू तिनको हार्दिक चारित्रिकता अभिव्यञ्जक हुन्। तिनका सापेक्षतामा उच्च चैतन्ययुक्त मानव लाज, डर र घीनको भाव राख्दा मात्र फरक बन्न सक्छ। यी तीन तत्त्वको अभावमा मनुष्य पशुत्व– 'केवल हेराइको मात्र समानता'–मा झर्छ। लज्जा, भय र घृणाको समष्टिरूप व्यक्तिको बोली, व्यवहार र परिधानको एकीभूत त्रिवेणीमा यसरी मिहिन रूपमा समाहित भएको हुन्छ कि तिनको समग्रतामा व्यक्तिको चरित्र– व्यक्तित्व झल्किरहेको हुन्छ।

नीतिशास्त्रहरू धर्मलाई पशुबाट मानवलाई भिन्न देखाउने प्रमुख तत्त्व मान्दछन्। धर्मका रूपमा यहाँ हिन्दू, इस्लाम, इसाई आदि मार्गभेदलाई लिन खोजियो भने त्यो भ्रान्तिमात्र हुनपुग्दछ। यी त मूल गन्तव्य– कुनै सर्वगुणातीत, सर्वगुणसम्पन्न अदृश्य शक्ति– प्रभुलाई केन्द्रमा राखेर त्यस शाश्वत तत्त्वको प्राप्तिको यात्रामा निस्केका अनेक यात्रीहरूका भिन्न भिन्न पथहरू पृथक् पृथक् देखिएका मात्र हुन्। प्राप्तव्य सबैको एकै छ– ईश्वरीय तत्त्व। यी मार्गको एक यात्रीका रूपमा ईश्वरीय चैतन्यांशरूप अस्तित्वमा रहेको मानवको धर्म– मानवता सबै धर्मको मूलमा अवस्थित छ। मानवधर्मको सही पहिचान र व्यावहारिक रूपान्तरण सत्यासत्य–विवेकशील

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धि–'पण्डा'–को उपलब्धिविना सम्भव छैन। त्यस्तो विवेकशील व्यक्ति पण्डित कहिन्छ। दैवी–आसुरी–वृत्तिको तारतम्यका आधारमा स्थिति हेरी कतै कुनै एकको बलाबल रहँदारहँदै पनि मानिसमा 'मानवत्व' पृथक् वृत्ति परिचित छ। मानिसले मानिस भएर मानिस र सृष्टिमा विद्यमान् अस्तित्ववान् पदार्थहरूप्रति मानवधर्मानुकूल व्यवहार राख्नु 'मानिस' हुनुको वास्तविकता हो। यस अर्थमा मानवलाई पशुत्ववृत्तिबाट अलग्याउने तत्त्वका रूपमा धर्मलाई सर्वोपरि स्थान दिइएको हुनुपर्छ।

मानिसका आकृति, इसारा, चेष्टा आदिबाट पनि तिनको मनोभाव र व्यक्तित्व नझल्किने होइन तर त्यसका लागि प्रेक्षकमा पनि ती चेष्टाविशेषको सूक्ष्मता निरीक्षण गर्ने सामर्थ्य अपेक्षित हुन्छ। भावभङ्गिमा पढ्ने क्षमता नभई चेष्टा आदिबाट झल्किने अन्तर्मन र चरित्र बोधगम्य हुँदैनन्। यो मनोविज्ञानको सूक्ष्म अध्ययनको विषय हो। सामान्यतया 'पढेर' र 'परेर' दुई तरिकाले सिकिन्छ। मनोविज्ञानका हिसाबले व्यक्तिका सूक्ष्म भाव केलाउन सक्षमताका कसीमा 'पढेका'भन्दा 'परेका'हरू अब्बल देखिन्छन्। यसले पढेरभन्दा परेर सूक्ष्म दृष्टि प्राप्त हुँदो रहेछ; जान्न सकिन्छ। "सूर्य नपुग्ने स्थानमा कवि र कवि नपुग्ने स्थानमा अनुभवी पुग्छन्" भन्ने भनाइ व्यावहारिक ज्ञानको सर्वोच्चतालाई दर्साउनै चलेको हुनुपर्छ। अनुभूति र संवेदनाको समन्वयसँगै लामो शृङ्खलात्मक भोगाइबाट गुज्रिएपछि मात्रै यी विशिष्टताको प्राप्ति सम्भव छ। सांसारिक जीवनमा सबैलाई त्यही स्तरको शृङ्खलाबद्ध अनुभूतिको अवसर प्राप्त हुन्छ नै भन्न सकिँदैन। अनुभव र भोगाइसँगै अध्ययनको गहिराइ पनि निरन्तरतामा रह्यो भने पारख–क्षमतामा पनि सूक्ष्म विवेचन सामर्थ्य र तीक्ष्ण दृष्टि निखारिँदै आउँछन्। पारखीहरू पौरखी पनि हुन्छन्। यी दुवै पक्ष व्यक्तिको व्यक्तित्वसँग अविभाज्य बनेर रहेको चरित्रसित प्रत्यक्ष रूपमा गाँसिएका छन्। कर्म, वचन र आचरणबाट स्पष्टै झल्किने भएकाले यी तीनै पक्षमा दृष्टि राखेर चरित्र खोज्नु उपयुक्त हो।

पशुत्वबाट अलग्याउने तत्त्व लाज, डर र घीन, यी तीनवटाको सापेक्षतामा चरित्रलाई खोज्नि उपयुक्त हुनेछ। लाज कुनै अङ्गविशेषको ढकाइ वा खुलापनमा प्रत्यक्षतः छोपिने वा खुस्किने तत्त्व होइन। लोकलाजका हिसाबले गोप्य राख्नुपर्ने शारीरिक अवयवहरू सौम्य यथोपलब्ध परिधानमा ढाकिँदा पनि मानव निर्लज्ज बन्न सक्छ। यता सच्चा रूपमा यतीको मर्यादामा अविचलित रहने सन्तका बाह्य आवरणरहित आत्माहरू पनि निर्लज्जताको दोषबाट मुक्त छन्। दोष नाङ्गिनु वा छोपिनुमा छैन; छोपिएरै नाङ्गिने र नछोपिएरै आच्छादित बन्ने चरित्रको यथार्थ पहिचान गर्न नसक्ने प्रेक्षकको क्षमतामा छ। स्थिति हेरी कतै उमेरको, कतै फुलेका कपालको, कतै हासिल गरेका उपाधिको, कतै पदविशेषको, कतै परिधानविशेषको त कतै परिधानरहितताको लाज जोगाउनै पर्ने हुन्छ। चोर, डाँका, फटाहा, साधु, सन्त, महन्त सबैका कुनै न कुनै मर्यादा हुन्छन्। तिनलाई मर्यादित बनाउन सकिएन भने चोर पनि निर्लज्ज हुन्छ र उसको समूहबाट बहिष्कृत बन्न पुग्छ। केवल भौतिक तत्त्वका रूपमा मात्रै हेर्न नहुने लज्जा मर्यादा र परिस्थिति–सापेक्ष हुँदै बढी भावनात्मक बनेर व्यक्ति–चरित्र तथा सामाजिक प्रतिष्ठाको प्रतिविम्ब बन्न पुग्दछ। यो पहिचान हो; छोड्नु हूँदैन। छोडे अस्तित्व छोड्नेको सङ्कटमा पर्छ।

जहाँकहीं पनि व्यक्तिको मर्यादा–अनुरूपको व्यवहार प्रशंसनीय हुन्छ। त्यसभन्दा विपरीत कर्मदेखि डराउनुपर्छ; बाघ–भालु आदिदेखि होइन। घीनका विषय पनि बाहिरी फोहर वा दुर्गन्धित विषयहरू मात्रै होइनन्; मूलतः घिनाएर त्याग्नै पर्ने विषय मर्यादा–प्रतिकूल आचरण हो। मानवधर्म र विश्वव्यापी विश्व ब्रह्माण्डचालक अदृश्य शक्तिप्रति राखिने आस्थारूप धर्म मर्यादाका निर्धारक तत्त्व हुन्। जो व्यक्तिमा ती दुवै छैनन् ती सौम्य, सफा, स्वच्छ एवं बास्नादार परिधानमा सजिसजाउ बनेर बाहिर निस्कँदा पनि लाज, डर र घीनको विषय भइदिन्छन्। परिधानले प्रेक्षकको प्रथम हेराइमा अनुकूल–प्रतिकूल मनोवृत्तिको निर्माणमा सहयोगी भूमिका खेल्ने भएकाले त्यो पनि व्यक्तिको वयोगत, प्रतिष्ठागत मर्यादाको अनुकूल होओस् भन्न खोजिएको हो नत्र परिधानलाई चरित्रको द्योतकका रूपमा स्थान दिइरहनुको कुनै औचित्य देखिँदैन। तर, बोलिसकेपछि वा कुनै कुरा– काम वा व्यवहार गरिसकेपछि झल्किने व्यक्तित्व वा चरित्रचाहिँ सौम्य परिधान–अनुकूल नबन्दा बढी खतरामा परेको पाइएको छ।

साहित्यका अनेक दोषहरूमा ग्राम्यदोषको चर्चा पनि महत्त्वका साथ गरिएको पाइन्छ। यो व्यक्तित्व–अनुकूलको बोलीको स्तरसापेक्ष तत्त्व हो। अपठित एवं अभावै अभावमा पिल्सिएर सुसंस्कृत जीवन जिउने अवसरबाट वञ्चित साधारण परिवारका ज्यामी वा अन्य कामदारहरूबाट सामान्यतया शिष्ट एवं उच्च साहित्यिक वचन–विन्यासको अपेक्षा गर्न सकिँदैन। पाइयो भने त्यो हिलाको सुगन्धित कमलझैँ सर्वजनग्राह्य बन्न पुग्छ। तर, जब तथाकथित शिक्षित उच्च कुलीन वर्गको व्यक्तित्वका रूपमा स्वघोषित सम्भ्रान्तहरू पनि तिनकै तहमा ओर्लिएर अपाच्य शैलीको भाषा प्रयोग गर्न थाल्छन् तब ग्राम्यदोष तिनमा देखिन्छ; अपठितहरूमा होइन। हली र पण्डितको बोली एउटै स्तरको भयो भने पठित भनाइनुको प्रयोजन नै रहँदैन। मूर्ख पनि सौम्य परिधानमा

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार

निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सजिएर विद्वान् पण्डितहरूका सभामा बसेको छ भने त्यतिबेलासम्म ऊ सुशोभित भइरहन सक्छ जबसम्म केही बोल्दैन। तर, जब बोल्छ; यसको व्यक्तित्व सर्वस्व समाप्त हुन्छ। भनिएको छ-

मूर्खोऽपि शोभते तावत् सभायां वस्त्रवेष्टितः।
तावच्च शोभते मूर्खो यावत् किञ्चिन्न न भाषते ॥

(हितोपदेश, प्रस्तावना- ४१)

यी र यस्तै तात्त्विक सन्दर्भहरूमाथि मनन गर्दै जाँदा सम्पूर्ण कुत्सित चरित्रलाई ढाकिदिएर समाजका सामु सन्तवत् महात्मा बनाइदिनसक्ने परिधान यथार्थमा व्यक्तित्व र चरित्रको द्योतक रहेनछ भन्ने कुरा मानिसहरू धेरै पछिमात्र थाहा पाउँछन्। चरित्रसुहाउँदो परिधान र परिधान-अनुकूलको बोली-व्यवहार नमिल्दा भलाद्मीहरू बोक्रे बन्दा रहेछन्। पेसाबमोजिमको मर्यादा नराख्नेहरू, परिधानको लाज नबचाउनेहरू, उपाधि-अनुकूलको आचरण गर्न नसक्नेहरू केही छिन वा केही दिनका लागि चरित्रवान् देखिन सक्छन्। स्थिरता बोली, व्यवहार र परिधानको सर्वथा समयानुकूल समन्वयात्मक त्रिवेणीबाट झल्किने चरित्रको मात्रै हो भन्ने तिनले बुझेका भए त्यसको लाज अवश्य नै राख्थे होलान्। फेरि वास्तविकतासित मेल खाने परिधानले यथार्थमै व्यक्तिवृत्ति खुलाएकै हुन्छ; यो पनि शाश्वत पक्ष हो; यसको उपेक्षा हुनुहुँदैन।

व्यक्तिको सामाजिक प्रतिष्ठा, शिक्षाको स्तर, पद, उमेर आदिसित सुहाउँदो पहिरन उसको सच्चा व्यक्तित्वको अभिव्यञ्जक बन्छ। व्यक्तिको व्यक्तित्व भनेको उसले जन्मजात रूपमा पाएको पैतृक संस्कार, जीवन बँचाइको यात्रामा 'पर्दा' वा 'भोग्दा' र 'पढ्दा' पाएको वातावरणबाट सिकेका कुराको आंशिक अभिव्यक्ति हो भन्ने बुझ्नु जरुरी छ। स्वभाव प्रकृति हो; यो प्रत्येक रौंका शिखर र चुच्चुराहरूमा बसेर शीघ्र प्रकटनको अग्रिम क्रममा रहेको हुन्छ। नीति यही भन्छ- 'स्वभावो मूर्ध्नि वर्तते' (हतिोपदेश, मित्रलाभ-२०)। त्यसलाई अत्यन्त संयत र सावधान व्यक्तिहरूमात्रै विपरीततामा खुस्किहाल्न खोज्दा जोगाउन सक्लान्। अनियन्त्रित रूपमा खुस्किहाल्ने हामी थुप्रै छौं। कलेज पढ्दै गरेका छात्र-छात्राहरू, गाडी हाँक्दै गरेका चालक र खलाँसीहरू तथा कतिपय ज्ञानदाता गुरुहरूसमेत 'आमाचकारी'-का शब्दहरू हिजोआज सहजै प्रयोग गरिरहेका भेटिन्छिन्। सहजै पचाउन नसक्नेहरूलाई कानमा कपास राखेर बहिरो बन्नुसिवाय अर्को बाटो छैन। तिनले त्यस्ता घीनलाग्दा बोलीहरू जन्मिँदै लिएर आएका त होइनन्। यहीं आएपछि वातावरणबाटै सिकेका होलान् भनेपछि नराम्रा कुराहरू, अपाच्य लवजहरू हामीभित्रै, हाम्रा समाजमाझ रहेछन्। समाजले नै तिनलाई सिकाउँदो रहेछ। साँच्चै ती फोहर शब्दका प्रयोगकर्ताहरूलाई "तिम्रो घरमा त्यही व्यवहार गर्छौं र बोलेको ?" भनेर सोध्ने हिम्मत कसैले गऱ्यो भने बोल्नेहरू निरुत्तर हुनुपर्ने स्थिति छ। उल्टै आक्रोशित भई 'के भनिस् ?' भन्दै ती जाइलाग्न बेर मान्दैनन्। आखिर त्यस्ता फोहरी र नराम्रा कुरा त्यस्तै बोली हिंड्नेहरू कसैलाई पनि मन पर्दा रहेनछन्। यो मनोविज्ञानको शाश्वतपक्ष रहेछ। हामीले तिनलाई "आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्" अर्थात् आफूलाई नमिठो र प्रतिकूल लाग्ने बोली-व्यवहार अरूकाप्रति नगरोस् भन्ने आचार सिकाउन सकेनौं अथवा आफूले सिकेर पनि त्यसअनुसारको आचारण गरी सच्चा व्यावहारिक बन्न सकेनौं। कमजोरीहरू यतै यहीं, कतै, कहीं हुनुपर्छ। सिक्नेले चाहिँ बोलेका उपदेशभन्दा गरेको आचरण छिटो अनुकरण गर्दोरहेछ कि ! अब त 'जससित जे छ त्यही ओकल्छ' भनेर त्यसको चरित्रप्रति दयालुता प्रकट गर्नुबाहेक चित्त बुझाउने अर्को बाटो छैन कि झैं लाग्दै छ।

नूतन पात्रमा लागेको संस्कार- दाग आदि दीर्घकालतक रहिरन्छ; सजिलै हटाउन सकिँदैन। त्यसैले सुरुमा संस्कार राम्रो दिन सक्नुपर्छ। भनिएको छ-

यन्नवे भाजने लग्नः संस्कारो नान्यथा भवेत्।
कथाच्छलेन बालानां नीतिस्तदिह कथ्यते ॥

(हितोपदेश, प्रस्तावना-८)

मानिस सानो छँदा नै उसलाई पवित्र बोली, स्वच्छ पहिरन र सद्व्यवहार नसिकाइए तिनको ठाउँ अनेक दाग र कलङ्कहरूले पाउँछन्; लिन्छन्। उपदेष्य स्वयं आफूले उपदेश गरिएका कुराको प्रतिकूल बनेर आचारण र मर्यादा-विपरीत बोली-व्यवहार गर्छन् भने ग्रहीता- सिकारुले केवल शब्दको त्यस उपदेशलाई ग्रहण गर्न सक्दैन। उहलि गुरुहरू आफूले असल आचरण गर्दा गर्दै पनि कहीं कतै कुनै कुरामा त्रुटि त भएन भनी आफूलाई संयमित राख्थे र शिष्यलाई आफ्ना सद्गुणको मात्रै अनुसरण गर्न निर्देश गर्थे। उपनिषद्मा यसो भनिएको छ-

यान्यनवद्यानि कर्माणि तानि त्वयोपास्यानि; नो इतराणि। यान्यस्माकं सुचरितानि तानि त्वयोपास्यानि; नो इतराणि।

(तैत्तिरीयोपनिषद, शिक्षावल्ली- ११/२)

अर्थात् जो अनिन्द्य कर्म छन् तिनैको मात्र सेवन गर्नू; त्यस अतिरिक्तको होइन। ज़ो हामी गुरुहरूका शुभ आचरणहरू छन् तिनैको मात्र उपासना गर्नू; अरूको होइन। यसरी आफ्ना शिष्यलाई दीक्षा दिने गुरु हुनुपर्छ; त्यस्तो हुन आचरण पवित्र चाहिन्छ। व्यवहारमा नउतारिएको कोरा उपदेशको अनुसरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिँदैन । देखिएको व्यवहार र सुनिएको बोलीका बिचमा समन्वय खोजिरहेका हुन्छौं हामी यद्यपि स्वयं त्यसो गर्न कठिनाइ अनुभव गरिरहेका हुन्छौं । जब चेलाहरू गुरुहरूमा बोली र व्यवहारका बिचको त्यो सामञ्जस्य वा समन्वय भेट्दैनन् तब तिनको शिक्षाले विपरीत दिशामा काम गर्न थाल्छ ।

वर्तमानको शिष्यमण्डली गुरुले भनेको कुरा कम मान्छ र तिनको व्यवहारलाई आफ्नो डेढ अक्कली बुझाइमा उतारेर पछ्याइदिन्छ । आयातित तथाकथित सभ्यताले तिनलाई गुरुहरूभन्दा बढी आधुनिक बनाइदिएको छ । गुरुकुल–परम्परामा सिकाइएको "हाम्रा जतिपनि राम्रा कर्म छन् तिनको अनुसरण गर्नू, त्यस विपरीत भए नगर्नू" भन्ने गुरुवाक्यको मर्म वा तात्पर्य तिनको मस्तिष्कमा घुस्तैन र त धूमपान गर्ने चिकित्सक वा मद्यपानका लागि नित्य मधुशाला धाउने शिक्षकका धूमपान र मद्यपान नगर्न गरिने उपदेशहरू तिनलाई खोक्रा लाग्छन् । यी दुराचारले कति नकारात्मक असर पार्छ भन्ने राम्ररी बुझेका उपदेष्टहरू तिनै चिकित्सक र शिक्षक हुन् र त्यसो नगर्न उपदेश दिने मुख्य अधिकारी पनि तिनै हुन् भन्ने हाम्रा चेलालाई बुझाइदिने कसले ? एच्.आई.भी. सङ्क्रमितहरूमात्रै सङ्क्रमित हुनुको वास्तविक पीडा बुझ्दछन् । सङ्क्रमित हुनसक्ने परिवेशबाट जोगिन सिकाउने अधिकारीहरू ती नभए अरूको हुन सक्छ ? तर, तिनलाई समाजले चिनिरहेको छैन; बुझिरहेको छैन । तिनीहरू सचेत गराउन लागिपरिरहेका छन् तर पनि सङ्क्रमितहरूको संख्या बढ्दो छ । तिनको उपदेशलाई सही आत्मपहिचानको विषय बनाइएकै छैन; केवल तिनको पूर्वाचरण पछ्याइएको छ । आफू ग्रस्त भएपनि जसबाट समाजलाई उनीहरू मुक्त राख्न चाहन्छन्; त्यस सदाशयताको पवित्र एवं मुख्य पाटो शिक्षामा घुसेकै छैन । यस अर्थमा पनि बोली, व्यवहार र परिधानको त्रिवेणी उपदेष्टाको व्यक्तित्वको मूल कडी बन्न पुगेको हुनुपर्छ ।

व्यक्तित्व र चरित्र कसैका दृष्टिमा परस्पर पर्यावाची पनि लाग्नसक्छन् । चरित्रले वाक्चातुर्यादि त्रिवेणीबाट झल्किएर व्यक्तित्वको अभिव्यञ्जना गर्छ भने व्यक्तित्व चरित्रमा आउने परिवर्तनसँगै उच्चतातिर लस्किने वा नीचतातिर खस्किने गर्छ । शारीरिक सुगठन र परिधानको सामञ्जस्यले पनि व्यक्तित्व चम्किन पुग्छ तर चरित्र चाहिँ त्यसभन्दा भिन्न व्यक्तिको समग्र कार्यकलापजन्य अमूर्त सम्पत्तिका रूपमा पारखीहरूको अनुभूति–विषय हुन्छ भन्नेहरूको जोखाइमा पलडमा भारी छ । यस अर्थमा यी दुबै व्यक्तित्व र चरित्रलाई समानार्थी मान्दा न्याय हुँदैन । सम्पूर्णता– समग्रतामा लिन सक्ने सामर्थ्य जो कसैमा त्यसै आउँदैन । नबोलेरै पनि धेरै मानिसहरू हावभावको भाषाबाट आफ्ना मनोगत दृष्टिकोणहरू प्रकट गरिरहेको हुन्छन् । शब्दविनाको शरीरभाषा (Body–Language)ले प्रशस्त भाव व्यक्त गरिरहेको हुन्छ । भावक–प्रेक्षक त्यही मूकभाषाको तात्पर्य बुझ्ने पारखी हुनुपर्‍यो; खाँचो त्यसैको खट्किन्छ सर्वत्र । अप्रकटतामा भन्दा प्रकटतामा सबैको सुबोध्यता रहने हुनाले बोली, व्यवहार र परिधानको त्रिवेणीमा व्यक्तिको चारित्रिक समग्रता खोजिनुपर्छ भन्ने यसको केन्द्रीय कथ्य हो । देश, काल, परिस्थिति, उमेर, योग्यता, कार्यक्षेत्र, उपाधि, औपचारिकता, आदि अनेक परिवेशमा पृथक्–पृथक् भूमिकामा प्रस्तुत हुँदा पनि अभिव्यक्त समग्र चरित्र ओजिलो र औचित्यपूर्ण रहिरहोस् भन्नेतर्फ संवेदनशीलताको निर्वाह सबैबाट हुँदा जाती हो ।

सन्दर्भकृति

१. ईशादि नौ उपनिषद्, गीताप्रेस गोरखपुर, चतुर्थ पुनर्मुद्रण : वि.सं. २०६४ ।

२. हितोपदेशः, निर्णयसागर बुक प्रकाशन, मुंबई २, दशम संस्करण : इ. १९४९ ।

☆☆☆

नेपालका आध्यात्मिक, सांस्कृतिक तथा पर्यटकीय धार्मिक स्थलहरूको प्रचार-प्रसार तथा तिनीहरूको संरक्षण र सम्वर्द्धनसहित आध्यात्म संस्कृतिको विकासलगायतमा सहयोग पुऱ्याउने उद्देश्यले प्रकाशन भइरहेको मुक्तिनाथ दर्शन नामक पत्रिकाको समग्र सफलता एवं उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

राखी (घिमिरे) रेग्मी
मीनभवन, काठमाण्डौ

Acc-1960 / 9580

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार
निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नयाँ वर्ष २०७१ को शुभ उपलक्ष्यमा समग्र नेपाली दाजु-भाइ तथा दिदी-बहिनीहरूमा सु-स्वास्थ्य, दीर्घायू तथा उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

श्रीमुक्तिनाथ पब्लिसिटी फाउण्डेसन
कीर्तपुर-७, काठमाडौं

नेपालका आध्यात्मिक, सांस्कृतिक तथा पर्यटकीय धार्मिक स्थलहरुको प्रचार-प्रसार तथा तिनीहरुको संरक्षण र सम्वर्द्धनसहित आध्यात्म संस्कृतिको विकासलगायतमा सहयोग पुऱ्याउने उद्देश्यले प्रकाशन भइरहेको मुक्तिनाथ दर्शन नामक पत्रिकाको समग्र सफलता एवं उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

श्रीवैद्यनाथ क्षेत्र विकास संस्था
अछाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

sanima

SANIMA HYDROPOWER (P.) LTD.

Sanima Hydro: Moving ahead for the development of Hydropower

Sanima Hydro Group is contributing in development of nation's hydropower sector through private investment since its establishment in 1999. The first project of this group was the 2.5 MW Sunkoshi Small Hydropower Plant which came into commercial operation in March 2005.

Currently, this group is implementing two hydropower projects namely 22.0 MW Mai Hydropower Project (MHP) and 7.0 MW Mai Cascade Hydropower Project (MCHP) with the completion target of July 14, 2014 and July 14, 2015 respectively. The Initial Public Offering of these projects has been recently allotted for local and general public.

The group provides full range of engineering services like investments, construction supervision, planning and environmental consulting services in hydropower for national and international developers to take the projects from initial conception to successful completion.



For further information please visit our website www.sanimahydro.com.np
PO Box 19737
Tel: (977-1) 4415314, 4446442
Fax: (977-1) 4441277
Email: sanima@sanimahydro.com

ADBL Home Loan

'A complete Solution for Your Home'

अब, **कृषि विकास बैंक** को सजिलो **घर कर्जा** मार्फत
घर खरिद, घर निर्माण तथा घर मर्मतको लागि
सरल, सुलभ र उचित ब्याजदरमा सेवा उपलब्ध ।

विस्तृत जानकारीको लागि नजिकको शाखामा सम्पर्क राख्नुहोला ।

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड

www.adbl.gov.np

SWIFT: ADBLNPKA

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu